# नेपालको सांस्कृतिक पर्यटन विकासमा घरबास (Home Stay) को भूमिका

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, स्नातकोत्तर

तह दोस्रो वर्षको प्रयोजनको

लागि प्रस्तुत

शोधपत्र


**शोधार्थी**

विश्वमणि पोखरेल

दोश्रो वर्ष परीक्षा क्रमाङ्क-२८०५२५

त्रि.वि.रजिष्ट्रेशन नम्बर-२०८४३-८६

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०७२

# शोधनिर्देशकको मन्तब्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कति तथा पुरातत्व केन्द्रीय विभाग स्नातकोत्तर तह दोश्रो बर्षका नियमित छात्र श्री विश्वमणि पोखरेलले **नेपालको सांस्कृतिक पर्यटन विकासमा होमस्टेको भूमिका** शीर्षकको यो शोधपत्र मेरो प्रत्यक्ष सुझाव, सल्लाह र निर्देशनमा रही बढो मेहनत तथा लगनशीलताका साथ स्थलगत रुपमा मेरो साथमा फिल्डमा समेत गई तयार पार्नु भएको हो । म वहाँको यो शोधकार्यदेखि पूर्ण सन्तुष्ट छु । वहाँको यो शोध कार्यको आवश्यक मूल्याङ्कनको लागि सिफरिस गर्दछु ।

भवदीय,

प्रा.डा. बीणा पौड्याल
नेपाली इतिहास, संस्कति तथा
पुरातत्व केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यलय

मितिः २०७२। १२ । १५ गते

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्रको स्वीकृति देखि तयारीसम्मको अवस्थामा मलाई मेरा गुरुआमाहरू, गुरुहरू, पुस्तकालय परिवार, आवश्यक पुस्तक प्रदान गर्नुका साथै स्थलगत अध्ययनको क्रममा टिममा रहेर यात्रालाई शिक्षा तथा जानकारी मूलक बनाईदिनु हुने नविन घिमिरे ज्यू, लम्जुङ्गको घले गाँउ, भुजुङ्ग र मकवानपुको चित्लाङ्गका होमस्टे संचालकहरू, सहयोगीहरू तथा आफन्तजनबाट पर्याप्त  सरसल्लाह, सुझाव र सहयोग प्राप्त भएको छ । स्थलगत भ्रमणको क्रममा आफ्ना अनुभव वारे जानकारी दिनुहुने सम्पूर्ण होमस्टे संचालकहरू तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न हुनु भएका महानुभावहरू साथसाथै घले गाँउ की दुर्गादेवी घले, भुजुङ्ग की जुनी गुरुङ्ग र चित्लाङ्गका राधाकृष्ण बस्नेत र वहाँहरूको परिवार जसले हामीलाई पारिवारिक आतिथ्यताका साथ भोजन, आवासको सेवा प्रदान गर्नुका साथै बिर्सनै नसकिने विदाईको लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसक्रममा सर्वप्रथम यो शोधपत्रलाई स्वीकृति प्रदान गर्नुहुने त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कति तथा पुरातत्व केन्द्रीय विभागका पुर्व विभागीय प्रमुख तथा शोध निर्देशक प्रा डा. बीणा पौड्याल प्रति वहाको म प्रतिको स्नेहभाव र निरन्तर निर्देशन,साथ तथा सहयोगको लागि आभार प्रकट गर्दै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै नेपाली इतिहास, संस्कति तथा पुरातत्व केन्द्रीय विभागमा अध्ययनरत रहदा शिक्षा प्रदान गरी पढाई प्रति अभिप्रेरित गर्नुहुने सम्पूर्ण गुरुआमा र गुरु वर्गहरू, आफ्नो सत्रका सहयोगी साथीहरूका साथसाथ मलाई मार्ग निर्देश गर्नुहुने विभागीय प्रमुख प्रा.डा( सावित्री मैनाली ज्यू, पूर्व विभागीय प्रमुखहरू सर्वश्री प्रा.डा. प्रेमकुमार खत्री, डा. दिनेशचन्द्र रेग्मी, प्रा.डा मुकुन्दराज अर्याल र प्रा.डा. धनवहादुर कुँवर प्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

मलाई घरब्यवहारको परिवेशलाई सहज बनाई पढ्नलाई सधैंभरी अभिप्रेरित गर्ने अर्धाङ्गिनी इन्दिरा पोखरेल, छोरी ज्वाई प्रकृति र रमेश सुवेदी, सानो छोरी चाँदनी पोखरेल, पुज्यनीय पिताश्री केदारनाथ पोखरेल, माताश्री कृष्णकुमारी पोखरेल,ससुरा बुबा श्री एकनाथ ढकाल र आमा श्री राधादेवी ढकाल प्रति म ऋणी छु । आधा शताब्दी उमेर पार गर्दै गरेको संघारमा मलाई आफ्ना प्रकाशनहरू उपहार प्रदान गरेर पढाई प्रति लगाव जगाउने आदरणीय सर्जकहरू, जन्म दिन र विशेष उत्सवहरूमा उपहारको रुपमा पुस्तकहरू प्रदान गर्ने अर्धाङ्गिनी, छोरीहरू, ज्वाई, शुभचिन्तक र म कार्यरत संस्थाले संचालन गरेको सहअस्तित्वः परियोजना र त्यस सँग जोडिनु भएका सबै महानुभावहरूको प्रेरणाको उपज नै मेरो स्नातकोत्तर तहको संस्कतिको अध्ययन र यो शोधपत्रको तयारी हो । वहाँहरू सबैमा म यथोचित सम्मान तथा कृतज्ञता ज्ञापन गर्न चाहान्छु । अन्त्यमा प्रस्तुत शोधपत्रको समुचित मूल्याङ्कनका लागि नेपाली इतिहास, संस्कति तथा पुरातत्व केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

**शोधार्थी,**

**विश्वमणि पोखरेल**
**नेपाली इतिहास, संस्कति तथा**
**पुरातत्व केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यलय**

**मितिः २०७२। १२ । १५ गते**

# बिषय सूची

## अध्याय-एक


शोधपत्रको परिचय १ -९

१.१. बिषय परिचय १
१.२. समस्या कथन ३
१.३. शोधकार्यको उद्देश्य ३
१.४.अध्ययनको औचित्य ३
१.५. शोधकार्यको क्षेत्र र सीमा ४
१.६. शोध विधि ४
१.७. पूर्व साहित्य समीक्षा ४
१.८. अध्याय विभाजन ८


## अध्याय-दुई


नेपालमा सांस्कृतिक पर्यटन १० -२६

२.१. साँस्कृतिक पर्यटनको परिचय १०
२.२. पर्यटनको उत्पत्ति र विकास ११
२.३. नेपालमा पर्यटनको विकास १६
२.४.नेपालमा पर्यटन विकासको समभावना १७
२.५. घरबास (Home stay) को अवधारणा तथा विकासको इतिहास, परिचय, अन्तर्राष्ट्रिय अभ्यासहरू १८
२.६.नेपाल सरकारको पर्यटन प्रवर्द्धन तथा होमस्टे सम्बन्धी आवधिक योजना तथा नीति कार्यक्रमहरू १९

## अध्याय- तीन


सांस्कृतिक पर्यटनका विविध पक्षहरू २७-३३

३.१. सांस्कृतिक पर्यटनका विविध पक्षहरूको परिचय २७

३.१.१. पर्यटनको भौतिक पक्ष २७

३.१.२. पर्यटनको सांस्कृतिक पक्ष २८

३.१.३. पर्यटन र पर्यावरण २९

३.१.४. पर्यटनको महत्व २९


## अध्याय -चार


सांस्कृतिक पर्यटन अन्तर्गत घरबास (Home stay) ३४-५७

४.१. नेपालमा घरबास (Home stay) सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था र घरबासको हालको अवस्था ३४

४.१.१. नेपालमा घरबास (Home stay) सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था ३४

४.१.१.१. पर्यटन नीति,२०६५ ३४

४.१.१.२. पर्यटन ऐन, २०३५ ३५

४.१.१.३. नेपाल पर्यटन बोर्ड ऐन, २०५३ ३५

४.१.१.४..होमस्टे संचालन कार्यविधि, २०६७ ३५

४.२. नेपालमा होमस्टे पर्यटन र व्यवस्थापन ३८

४.३. होमस्टे सम्बन्धी स्थलगत अध्ययन अवलोकन, तथ्याङ्क संकलन तथा विश्लेषण ४१

४.४. साँस्कृतिक पर्यटन अन्तर्गत घरबास (Home stay)का सकारात्मक र नकारात्मक पक्षहरू ५५

अध्याय -पाँच

घरबास (Home stay) को विकास तथा प्रवर्द्धनले सांस्कृतिक पर्यटन तथा देशको आर्थिक विकासमा पु-याउने योगदान ५८-६०

५.१. घरबास (Home stay)को आर्थिक विकासमा योगदान ५८

५.२.. घरबास (Home stay)को सांस्कृतिक योगदान ५८

५.३. घरबास (Home stay)को सामाजिक योगदान ५८

अध्याय-छ

निष्कर्ष, उपसंहार ६१-६२

# अध्याय -एक
# शोधपत्रको परिचय

## १.१.परिचय (Introduction):

पुर्खाले संरक्षण गरेर हामीलाई जिम्मा लगाएर गएका भौतिक अभौतिक सम्पदा र त्यस अनुरुपको जीवनशैलीको समष्टिगत स्वरुप नै संस्कृति हो । त्यस भित्र भाषा, धर्म, संस्कार, रीतिरिवाज, खानपान, भेषभूषा, चालचलन, मूल्यमान्यता, नाँचगान, पर्व आदि जस्ता अभौतिक सम्पदाहरु र मठ मन्दिर, स्तुप, चर्च, मस्जिद, गुम्बा, विहार, भवन, तालतलैया, गुफा आदि जस्ता भौतिक सम्पदाहरु पर्दछन् । संस्कृति निरन्तर वगिरहने स्वच्छ  निर्मल एवं कञ्चन पानी जस्तै हो अर्थात संस्कृति ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, चालचलन, परम्परा तथा अन्य क्षमताहरु सम्मिलित हुन्छन् जसलाई समाजको सदस्यका नाताले मानिसले अगाँलेका हुन्छन (वर्ल्डभ्यू नेपाल, २०६७, पृ. १ ) ।

संस्कृति मानिसको जीवन पद्धति हो । मानिसको जन्मदेखि मृत्युसम्म गरिने सम्पूर्ण संस्कारहरु संस्कृति अन्तर्गत पर्दछन् । सस्कृति कुनै पनि व्यक्ति तथा राष्ट्रको पहिचान पनि हो । देशमा बसोबास गर्ने ब्यक्ति तथा समुदायको संस्कृति नै राष्ट्रिय संस्कृति हो, त्यस राष्ट्रको पहिचान र गौरव हो । मानिसका दैनिक जीवनसँग सम्बद्ध सबै कुराहरू संस्कृति भित्र पर्दछन् । संस्कृति भित्र समाजका खानपान, रहनसहन, आचारविचार, चिन्तन मनन, भाषा, साहित्य सङ्गीत आदि सबै कुराहरु समेटिएका हुन्छन् । संस्कृति सामाजिक जीवनको उच्चतम चेतना हो जो भाषा, साहित्य, कला आदिका माध्यमले प्रकट भएको हुन्छ ।

समाजको सामाजिक परम्परामा आधारित विचार र अभ्यासको अभिव्यक्ति संस्कृति हो । सामाजिक जीवनको मानसिक र भौतिक अभिव्यक्तिबाट संस्कृति प्रकट हुन्छ । यस्ता अभिव्यक्तिहरू थरिथरिका हुनसक्छन् । धर्म, विचार, कर्मकाण्ड वा संस्कार, वेशभूषा, खानपान, कला र हस्तशिल्प, स्मारक, भाषा, साहित्य, संगीत, नृत्य, अभिनय, चाडपर्व आदिमा संस्कृतिका लक्षण पाइन्छन् । जीवन्त समाजका कला, चालचलन, व्यवहार, धार्मिक विचार, मूल्य र मान्यता, ज्ञान र अन्य भौतिक वस्तुहरूको समष्टिले जुन खास चिनारी दिन्छन्, त्यही नै संस्कृति हो । यसरी सस्कृति कुनै पनि व्यक्ति तथा राष्ट्रको पहिचान हो । विविध संस्कृतिको गहिराइमा राष्ट्रको पहिचान र गौरव समाविष्ट भएको हुन्छ (वर्ल्डभ्यू नेपाल, २०६७, पृ. १) ।

नेपालमा जात, धर्म र भौगोलिक बनावट अनुसार विभिन्न जाति जनजाति जस्तैः शेर्पा, नेवार, तामाङ,राई, लिम्बु, मगर, राउटे, राजी, थारु, यादव, रजवंशी, मुसहर, तेली, शाह, झाँगड, ब्राम्हण, क्षत्री, कुसुण्डा, बनकरीया, सुरेल, हायु, किसान, मेचे,लेप्चा, कोचे, कुसवाडिया लगायत ५९ जनजाती समेत गरी १२५ जातजातिहरुको बसोवास रहेको छ । उनीहरुको आ आफ्नै प्रकारको भाषा, चालचलन र संस्कृति छन् । नेपालमा भएका विभिन्न जातजातिले निश्चित समयदेखि अपनाउदै आएका भाषा, धर्म, परम्परा,चाडपर्व, रीतिरिवाज, संस्कार, मूल्यमान्यता, जात्रा, खानपान, भेषभूषा, गरगहना, नृत्य, नाटक, बाजागाजा, साहित्य, कला कौशल, त्यस्तै विभिन्न मठ मन्दिर, चैत्य, गुम्बा, मस्जिद, खोलानाला, ताल तलैया आदि सबै नेपालका साँस्कृतिक सम्पदा हुन ।

मानव संस्कृतिको क्षेत्र धेरै ब्यापक छ । विश्वमा रहेका सम्पूर्ण साँस्कृतिक महत्वका वस्तुहरु पर्यटनको क्षेत्र भित्र रहने हुनाले विभिन्न पुरातात्विक महत्वका क्षेत्रहरु, ऐतिहासिक भवन तथा स्मारकहरु, म्युजियमहरु, ऐतिहासिक एवं सँस्कृतिक महत्वका ठाँउहरु पर्यटनका दृष्टिले महत्वपूर्ण मानिन्छन् । त्यसै गरी कुनै पनि समाजमा रहेका परम्परागत संगित, कला, जात्रा, चाडपर्व, संस्कार आदि पनि पर्यटनको विषय अन्तर्गत पर्दछन् । यस्ता संस्कृतिहरु अध्ययन एवं अवलोकन गर्ने उद्धेश्यले गरिने पर्यटनलाई साँस्कृतिक पर्यटन भनिन्छ ।
शब्द कोषमा पर्यटनको अर्थ चारै तिर घुम्ने काम, घुमफिर र भ्रमण भन्ने दिएको पाईन्छ । तसर्थ सामान्य अर्थमा आफ्नो बासस्थान छाडी कतै गएर घुम्ने कार्यलाई पर्यटन मान्न सकिन्छ । शाब्दिक रुपमा समय बिताउन, आनन्द गर्न र ब्यापार ब्यवसायका सिलसिलामा गरिने यात्रालाई पर्यटन भन्ने गरिन्छ । पर्यटनलाई स्तरीय शब्दकोशहरुमा आमोद प्रमोदका लागि गरिने यात्रा पनि भनेको पाईन्छ । पर्यटन यात्रासँग सम्बन्धित बिषयवस्तु हो । यात्रुले यात्राका क्रममा गर्ने क्रियाकलाप, उसले पाउने सेवा र सेवा दिने तथा लिने कार्यबाट पर्यटनको प्रादुर्भाव हुने गर्दछ । पर्यटन हुनका लागि यात्रीले आफ्नो वासस्थान छाडी अन्यत्रै भ्रमणमा गएको हुनुपर्दछ । यसका लागि उसले कम्तीमा पनि २४ घण्टा घर वाहिर विताएको हुनुपर्दछ । पर्यटन विदेशीहरुको कुनै मुलुकबाट हुने आवागमनबाट मात्र सम्भव हुने कुरा होईन । कुनै व्यक्ति आफ्नै देश भित्र एउटा ठाँऊबाट अर्को ठाँऊमा केहि समयका लागि जाने र यात्रा गर्ने गर्दछ भने यसबाट पर्यटन सम्भव हुने गर्दछ । यात्रीले यात्रा गर्दा आर्थिक गतिविधि सिर्जना भएमा मात्र त्यसलाई पर्यटनका रुपमा लिने गरिन्छ (संग्रौला, २०६९, पृ. १८) ।

साँस्कृतिकरुपले महत्वपूर्ण मानिएका नेपालका लमजुङ्गको घले गाँऊ, स्याङ्गजाको सिरुवारी, गोरखाको बारपाक, कास्कीको घान्द्रुक, सिराहाको सलहेस, जनकपुरको मिथिला, वाराको सिम्रौनगढ,बर्दियाको ठाकुरद्धारा, मकवानपुरको चित्लाङ्ग जस्ता ठाँऊहरुलाई नेपाल सरकारले पर्यटकीयस्थलको रुपमा विकास गर्ने घोषणा गरेकोछ । यि ठाँऊहरु विविध संस्कृतिका लागि धनी छन् । यि ठाँऊहरुमा पर्यटन विकासको लागि स्तरीय होटलहरुको सुविधा पुर्‍याउन सकिने अवस्था छैन । यि ठाँऊहरुमा पर्यटन विकासको लागि र पर्यटकहरुको बसोवासको लागि घरबास (Home stay) पर्यटनको विकास तथा संचालन गर्ने नीति नेपाल सरकारले लिएको देखिन्छ (पुरी, २०६७) पृ.२३) ।

पर्यटन बहुउद्धेशीय कृयाकलापहरुको समष्टिगत रुप हो । भूगोल र उपलब्ध साधन श्रोत, त्यहाँको संस्कृति र अवस्थितिमा पर्यटन केन्द्रित हुन्छ । नेपालको भौगोलिक, जातिय, साँस्कृतिक विविधता हाम्रो सम्पत्ति हो । यसलाई संरक्षण तथा प्रवर्द्धन गर्न सकेमा साँस्कृतिक पर्यटनको विकास गर्न सकिन्छ । नेपालको पर्यटनलाई साँस्कृतिक पर्यटन, प्राकृतिक पर्यटन र साहसिक पर्यटन विभाजन गर्न सकिन्छ र यि तिनै वटा पर्यटनको साझा संगम घरबास (Home stay) लाई बनाउन सकिन्छ । पर्यटकहरु एकठाँउबाट अर्को ठाँउमा जाने, कुनै एउटा निश्चित ग्रामिण स्थानमा बसेका बासिन्दाको निजी वासस्थानमा बसी त्यहाँ अवलोकन र विभिन्न क्रियाकलापमा संलग्नहुने पर्यटनलाई घरबास (Homestay) भनिन्छ (पुरी, २०६७, पृ. २४)।

घरबास (Home stay) वास्तवमा कुनै पर्यटकको आफ्नो रुची र ईच्छा अनुसारको बिषयमा स्थलगतरुपमा आफैं साक्षत्कार हुने निश्चित दिन वा अवधीको यात्रा हो । आनन्द, मनोरञ्जनका साथै ज्ञानका लागि यो नितान्त आर्थिक कारोवारमा हुने सेवामूलक वा धुवाँ रहित उद्योग ब्यवसाय हो (पुरी, २०६७, पृ. २४) ।

## १.२.समस्याको कथन (Statement of the Problem):

हाम्रो देश नेपाल सांस्कृतिक रुपमा धनी भए पनि हामी माझ अपार रुपमा रहेको संस्कृतिलाई पहिचान गरी यसको प्रवर्द्धन तथा सम्बर्द्धन गर्न सकेका छैनौ । घरबास (Home stay) पर्यटनको वारेमा पर्याप्त अध्ययन, अनुसन्धान हुन सकेको छैन । भौगोलिक बिकटता, यातायात तथा सञ्चारको असुविधा, आर्थिक अभाव, शिक्षा तथा सचेतनामा कमी तथा उपयुक्त व्यवस्थापन र प्रविधिको अभावले गर्दा स्थानीयस्तरमा उपलब्ध सेवा सुविधाको वारेमा अध्ययन अनुसन्धान गरी वाहिर प्रकाशमा आउन सकेको छैन । यसमा खास गरी थोरै लगानी र स्थानीय श्रोत साधनबाट संचालन गर्न सकिने घरबास (Home stay) सम्बन्धी संम्भाब्यताको खोज अनुसन्धान र पर्याप्त प्रचार प्रसारको कमी, पर्यटकको आवत जावत (Flow) कति छ ? भन्ने लेखाजोखाको अभाव आदि कारणहरुले गर्दा ग्रामिण सांस्कृतिक पर्यटन घरवास (Home stay) माथी उठ्न सकेको छैन ।

## १.३.अध्ययनको उद्धेश्य (Objectives of the Study):

यस अध्ययनको उद्धेश्य नेपालको साँस्कृतिक पर्यटन र त्यसमा घरबास (Home stay) को योगदानको अवस्थाको चित्रण गरी यसका समस्या र सम्भावनालाई अगाडी ल्याउनु रहेको छ । यस शोधपत्रका उद्धेश्यहरु यस प्रकार रहेका छन् ।

(क) नेपालको साँस्कृतिक पर्यटनको विकासमा घरबास (Home stay) को भूमिकालाई उजागर गर्ने ।
(ख) घरबास (Home stay) सम्बन्धी अवधारणलाई प्रचार प्रसार गर्ने ।
(ग) नेपालको साँस्कृतिक पर्यटन र घरबास (Home stay) सम्बन्धी ब्यवस्थालाई प्रचार प्रसार गर्ने ।
(घ) नेपालमा साँस्कृतिक पर्यटन प्रवर्द्धनमा योगदान पु-याउने ।

## १.४.अध्ययनको औचित्य/महत्व (Rationale / Importanance of the Study):

प्रस्तुत अध्ययनबाट नेपालको साँस्कृतिक पर्यटन अन्तर्गत घरबास (Home stay) को अवस्थाको चित्रणभई यस भित्रका सम्भावनालाई अगाडी ल्याउन सकिन्छ । पर्यटन भनेको देशको आर्थिक उपार्जनगर्ने एक महत्वपूर्ण उद्योग हो । पर्यटनको विकासले नेपालको साँस्कृतिक विविधताको संरक्षण सम्बर्द्धनमा सहयोग पुग्दछ । पर्यटकलाई आकर्षण गर्ने साँस्कृतिक वस्तुहरु छरिएर रहेका हुन्छन् । त्यहाँ पुग्न यातायात,सञ्चारको अभाव छ, त्यस्ता स्थानहरुमा घरबास (Home stay) को विकास गर्नसकेमा

नेपालमा साँस्कृतिक पर्यटनको विकास गर्न सकिन्छ । पर्यटनको माध्यबाट स्थानीय समुदायको आम्दानी बढ्दछ । जसको कारणले देशको आर्थिक सम्बृद्धिमा योगदान पुग्दछ ।

## १.५.अध्ययनको सीमा ( Limitation of the Study):

प्रस्तुत शोधपत्रमा नेपालको साँस्कृतिक पर्यटनमा घरबास (Home stay) को योगदान वारेमा केन्द्रित रही अध्ययन गरिने छ । अध्ययनको सिमालाई दुई खण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

(क) **बिषयको सीमा:** यस शोधपत्रमा नेपालको साँस्कृतिक पर्यटन अन्तर्गत ग्रामिण पर्यटन घरबास (Home stay) को वारेमा मात्र केन्द्रित रहेको छ ।

(ख) **भौगोलिक क्षेत्र:** प्रस्तुत शोध अध्ययनको क्रममा फरक भौगोलिक अवस्था र जातजातिको बसोबास भएका नेपालमा घरबास (Home stay) सञ्चालन भईरहेका मकवानपुरको चित्लाङ्ग र लम्जुङ्गको घले गाँउ र भुजुङ्गका ६ देखि १२ घर सम्मको स्थलगत अध्ययन गरी प्रश्नावली फारमको आधारमा तथ्याङ्क संकलन, त्यसको विश्लेषण गरेर यो शोधपत्र तयार पारिएको छ ।

## १.६.अध्ययन विधि (Research Methodology):

प्रस्तुत शोधको अध्ययन व्यवहारिक र सैद्धान्तिक विधिबाट गरिएको छ । व्यवहारिक अध्ययनको लागि स्थलगत भेटघाट, विज्ञसँग परामर्श, अन्तर्वाता, अवलोकन आदि विधिलाई अपनाइने छ । यसका लागि प्राथमिक श्रोतको रुपमा प्रश्नावली, अर्न्तर्वार्ता र अवलोकन विधि अपनाइने छ । सैद्धान्तिक अध्ययनको लागि विभिन्न पुस्तक, पत्रपत्रिका, कार्यपत्र तथा अनुसन्धान पत्र, प्रतिवेदन आदि पुस्तकालयमा भएका सामग्रीहरुको द्धितिय श्रोतको रुपमा प्रयोग गरिएको छ ।

## १.७. पूर्व साहित्यको समिक्षा (Analysis of Literature Review) :

कुनै पनि अनुसन्धानमा सैद्धान्तिक आधार वा पृष्ठभूमिको महत्वपूर्ण भूमिका रहन्छ किन भने सैद्धान्तिक मान्यतामा टेकेर नै नयाँ अवधारणाको प्रतिपादन गर्न सकिन्छ । भन्नुको तात्पर्य कुनै पनि विषयगत सवालबारे अन्य विद्धानहरुको अवधारणा के रहेछ सो जान्नको लागि पूर्वप्रकाशित कृतिहरुको महत्वपूर्ण भूमिका हुन्छ । प्रस्तुत शोधको सन्दर्भमा साँस्कृतिक पर्यटनको विषयमा अध्ययन गरिएका अनुसन्धानमूलक कृति तथा लेखरचनाहरु पर्याप्त मात्रामा प्रकाशित छैन् । तसर्थ यस शोधकार्यलाई पुरा गर्नको लागि साँस्कृतिक पर्यटन र घरबास (Home stay) सँग सम्बन्धित केहि पुस्तकहरु र राष्ट्रियस्तरका पत्रपत्रिकाहरु गोरखापत्र राष्ट्रिय दैनिक,, कान्तिपुर राष्ट्रिय दैनिक, अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक, सुचना विभागबाट नियमित प्रकाशन हुने नेपाल त्रैमासिक लगायत अन्य धेरै पुस्तकहरु अध्ययन गरिएका छन् ।

घर-बास (होमस्ट) यसरी शीर्षमा आनन्द सुवेदी लेख्छन "हरेक घरपरिवारले आफ्नो भेषभाषालाई कायमै राखी पाहुनाहरुसँग हसिंलो मुहार, सानो स्वरले कुरा गरेको आफ्नो नङ., केश, शरीर सफा राख्नुको साथै घर, चौक, बाटो सफा राखिमा होमस्टे संचालन गरेका हरुकोमा पाहुनाहरुको आकर्षण बढ्दछ"(गोरखा पत्र,१३ चैत्र २०७२) ।

पर्यटकको रोजाईमा नयाँ होमस्टे शीर्षमा आशा गुरुङ्ग सचित्र लेख्छिन"नयाँ पर्यटकीय गन्तब्यमा होमस्टेमा बास बस्न जिल्लाका एक हुल युवाघले गाँउ, भुजुङ्ग, काउलेपानी,ढंगैं पुग्दा रातको समय नभनी फूलमाला र दही चामलको अक्षताले स्थानीयहरुले पर्यटकको स्वागत गरेका थिए( कान्तिपुर,२४ चैत्र २०७२) ।

मन जितेको भुजुङ्ग र घले गाँउको होमस्टे शीर्षकमा संस्कृतिविद् तथा त्रि.वि.वि.नेपाली, इतिहास,संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका पूर्व प्रमुख प्रा.डा. बीणा पौड्याल लेख्नुहुन्छ"गण्डकी अञ्चलमा पर्ने केही जिल्लाका केही गँउमा रहेका होमस्टे घरबासको प्रचलन पनि हाम्रा अमूल्य सम्पत्ति र सम्पदाहरु हुन( अन्नपूर्ण पोष्ट,२० चैत्र २०७२) ।"

वन्यजन्तुबाट जोगिन होमस्टे शीर्षमा दीपेन्द्र वडुवाल सचित्र लेख्छन" तराई भू-परिधि कार्यक्रमले निकुञ्जमा आश्रितलाई वैकल्पीक आय आर्जनमा क्रियाशिल बनाएर संरक्षणमा टेवा पु-याउने उद्धेश्यले होमस्टे संचालनको लागि सहयोग गरेकोले चितवन माडी शिवनगरका गाँउलेको जीवनस्तरमा सकारात्मक परिवर्तन देखिन थारेको छ (कान्तिपुर,२० माघ २०७२) ।

चित्रे गाँउको चित्र शीर्षमा आरके अदिप्त गिरी सचित्र लेख्छन "चित्रे गाँउको विशेषता भनेको यहाँको प्राकृतिक स्वन्दर्य र स्थानीय गुरुङ्ग वस्ती हो । चित्रे गाँउको यो विशेषता र परिचयसँग जोडिन आएको छ, गाँउ प्रोडक्ट चित्रे होमस्टे सेवा, जहाँ परम्परागत पोसाकमा सजिएका गाँउले महिलाले गाँउ पुग्ने पर्यटकलाई स्वागत गर्छन् । गाँउले गुरुङ्ग संस्कृति र जीवनशैली पर्यटकको रोजाईमा पर्न थालेका छन् । यी यस्ता गतिविधिहरुले गाँउलेहरु दंग छन् । गाँउलेहरुको दैनिकी दिनदिनै फेरीएको छ (अन्नपूर्ण पोष्ट,२७ चैत्र २०७२) ।"

(क) नरेन्द्र शर्मा, **नेपाली जनजीवन,** २०३२

साँस्कृतिक अद्येता नरेन्द्र शर्माद्धारा लेखिएको नेपाली जनजीवन नामक पुस्तक नेपालको सँस्कृतिक, जातीय विविधताको तस्विर राम्ररी प्रस्तुत गरिएको छ । संस्कृति र नेपाली जनजीवन समेटिएको भएपनि यस पुस्तकमा साँस्कृतिक पर्यटन तथा घरबास (Home stay) वारेमा भने उल्लेख गरिएको पाईदैन ।

(ख) डोरवहादुर बिष्ट, **सबैजातको फूलवारी,** २०३५

साँस्कृतिक अद्येता तथा समाजशास्त्री डोरवहादुर बिष्टद्धारा लेखिएको नेपालका जातजातिहरुको भौगोलिक बसाई तथा साँस्कृतिक जनजीवनको तस्वीरलाई छर्लङ्ग प्रस्तुत गरिएको यो पुस्तक नेपालको सँस्कृतिक तथा जातिय विविधता झल्काउने कोशेढुङ्गा हो । संस्कृति र नेपाली जनजीवन समेटिएको यस पुस्तकमा पनि प्रत्यक्ष रुपमा साँस्कृतिक पर्यटन तथा घरबास (Home stay) वारेमा भने उल्लेख गरिएको पाईदैन ।

(ग) डा.जगदिशचन्द्र रेग्मी, **प्राचिन नेपाली सँस्कृति,** २०४०

ईतिहासविद् डा.जगदिशचन्द्र रेग्मीद्धारा लेखिएको प्राचिन नेपाली सँस्कृति नामक पुस्तक नेपालको ईतिहास र सँस्कृतिक परिचयको दर्पण हो । प्राचिन संस्कृति समेटिएको ग्रन्थ भएकोले आधुनिक नेपालको पर्यटन खासगरी साँस्कृतिक पर्यटन तथा ग्रामिण पर्यटन होमस्टे वारेमा भने उल्लेख गरिएको पाईदैन ।

**(घ)** डा.प्रेम कुमार खत्री/गंगा खरेल, **नेपालको पुरातत्व, कला र पर्यटन,** २०५५

नेपालको पुरातत्व, कला र पर्यटन बिषयमा नेपाली भाषामा लेखिएको यस पुस्तकमा पुरातत्व, कला र पर्यटनका आधारभूत पक्षहरुलाई सरल किसिमले उल्लेख गरिएको छ । तर साँस्कृतिक पर्यटन अन्तर्गत घरबास (Home stay) को वारेमा भने कम चर्चा गरिएको छ । सरल भएकोले विषयवस्तु वारे आधारभूत जानकारी दिलाउन भने यो पुस्तक उपयोगी हुने देखिन्छ ।

(ङ.) प्रा.डा.गणेश क्षत्री/रामचन्द्र रायमाझी, **पर्यटन विकास र ब्यवस्थापन,** २०५७

नेपालको पर्यटन वारेमा नेपाली भाषामा लेखिएको यो एक महत्वपूर्ण ग्रन्थ हो । यस पुस्तकमा लेखकद्वयले नेपालको पर्यटन, यसको विकास र ब्यवस्थापन वारे विस्तृत रुपमा चर्चा गर्ने प्रयाश गर्नु भएको भएता पनि साँस्कृतिक पर्यटनको वारेमा थोरै मात्र उल्लेख गर्नुभएको पाईन्छ । तर यस ग्रन्थमा पनि घरबास

(Home stay) को प्रादुर्भाव, वर्तमान अवस्था, यसको व्यवस्थापन आदि पक्षको बारेमा उल्लेख गरिएको छैन् ।

(च) श्री उद्धव पुरी, **नेपालमा पर्यटन,** २०६३

पर्यटनको अर्थ, महत्व, नेपालमा पर्यटनको विकास वारेमा नेपाली भाषामा लेखिएको यस ग्रन्थमा पर्यटनको वारे विस्तृत जानकारी संगालिएको छ । यस पुस्तकमा नेपाल पर्यटन विकासका विविध आयामहरु वारे विस्तृत रुपमा चर्चा गरिएकोछ । यस ग्रन्थमा सँस्कृतिक पर्यटनको वारेमा समेत उल्लेख गरिएको छ । यस ग्रन्थमा पनि नेपालमा घरबास (Home stay) को बारेमा भने केही कुराहरु उल्लेख गरिएको छ ।

(छ) ओमप्रसाद सुवेदी ओजस्वी, **लैकु पश्चिमका लोकसंस्कृति तथा किरात सभ्यता,** २०६५

सांस्कृति अध्ययनसँग सम्बन्धित अनुसन्धानमूलक यस पुस्तकमा नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा अवस्थित खोटाङ्ग जिल्लाको लैकुखोला आसपासको सँस्कृतिक, जातीय विविधताको तस्विर राम्ररी प्रस्तुत गरिएको छ । संस्कृति र नेपाली जनजीवन समेटिएको भएपनि यस पुस्तकमा नेपालको पुरा सँस्कृतिक विविधता, पर्यटन तथा ग्रामिण पर्यटन घरबास (Home stay) वारेमा भने अप्रत्यक्ष रुपमा थोरै मात्र जानकारी पाईन्छ ।

(ज) डा.सोमप्रसाद खतिवडा/डा.कमला दाहाल, **नेपालको सँस्कृतिक पर्यटन,** २०६७

नेपालको सँस्कृतिक पर्यटन सम्बन्धमा नेपाली भाषामा लेखिएको महत्वपूर्ण पुस्तक भएकोले पनि यस ग्रन्थको विशेष महत्व छ । यस पुस्तकमा लेखकद्धयले नेपालको सँस्कृतिक पर्यटन सम्बन्धी संक्षिप्त रुपमा चर्चा गर्ने प्रयाश गर्नु भएको भएता पनि ग्रामिण पर्यटन होमस्टेको प्रादुर्भाव, वर्तमान अवस्था, यसको व्यवस्थापन आदि पक्षको बारेमा उल्लेख गरिएको छैन् ।

**(झ) बाबुराम आचार्य, नेपालको सांस्कृतिक परम्परा, २०६८**

ईतिहास शिरोमणि बाबुराम आचार्यद्धारा लिखित नेपालको सांस्कृतिक परम्परा नामक पुस्तक नेपालको सँस्कृतिक परिचयको चित्रण गराउने महत्वपूर्ण ग्रन्थ हो । यस ग्रन्थलाई नेपाल राजकीय प्रज्ञातिष्ठानका पुर्व कुलपति लैनसिंह बाङ्गदेल, पुर्व उप कुलपति ईश्वर वराल, प्राध्यापक नयराज पन्तले नेपाली

साँस्कृतिक चिनारीको कोशेढुङ्गा भनी उल्लेख गरेका छन् । यस महत्वपूर्ण ग्रन्थमा पनि साँस्कृतिक पर्यटन घरबास (Home stay) बारेमा भने उल्लेख गरिएको पाईदैन । सम्भवत त्यस समयमा साँस्कृतिक पर्यटन घरबास (Home stay) को अवधारणा विकास भईनसकेको हुनाले यो बिषय नसमेटिएको हुनसक्छ ।

(ञ) डा. नारायणप्रसाद संग्रौला, **सांस्कृतिक पर्यटन र विकास,** २०६९

पर्यटनको परिचय, अवधारणा, विश्वमा पर्यटनको विकास, नेपालमा पर्यटनको विकास, पर्यटनका विविध पक्षहरुको वारेमा यस पुसतकमा राम्ररी उल्लेख गरेको पाईन्छ । यस पुस्तकमा पनि साँस्कृतिक पर्यटनको वारेमा थोरै मात्र उल्लेख गरिएको भएता पनि यस ग्रन्थमा पनि घरबास (Home stay) को बारेमा उल्लेख गरिएको छैन् ।

(ट) डा.शिवकुमार सुवेदी, **पर्यटनको परिचय–राप्तीको सन्दर्भ,** २०७०

पर्यटनको परिचय–राप्तीको सन्दर्भ नामक पुस्तकमा सरल भाषामा पर्यटनको अर्थ र परिभाषा, पर्यटनको विकासक्रम, पर्यटनका आधारभूत तत्वहरु, आवधिक योजना र पर्यटन विकास सम्बन्धी नीतिहरु, पर्यटनको बजारीकरण र ब्यवस्थापन वारे प्रकाश पारिएको पाईन्छ ।  यस पुस्तकमा राप्ती क्षेत्रको संस्कृति र पर्यटनलाई चित्रण गरिएको हुदाँ नेपालको साँस्कृतिक पर्यटन वारे थोरै मात्र प्रकाश पारिएको छ । यस ग्रन्थमा घरबास (Home stay) वारेमा भने उल्लेख गरिएको पाईदैन ।

### १.८. अध्याय विभाजन (Organization of the study) :

यो शोध ग्रन्थ तयार पार्ने क्रममा वैज्ञानिक ढङ्गले विश्लेषणका साथ प्रतिवेदन तयार पारिएको छ । अध्ययनबाट प्राप्त ज्ञान वा सैद्धान्तिक विषयलाई व्यवस्थित रुपले विभिन्न अध्यायमा विभाजन नगर्ने हो भने शोधको कुनै गरिमा रहँदैन । यस शोध ग्रन्थमा नेपालको साँस्कृतिक पर्यटन अन्तर्गत घरबास ( Home stay) सम्बन्धी अध्ययनलाई निम्न बमोजिमका अध्यायमा विभाजन गरि क्रमबद्ध रुपमा प्रस्तुत गरिएको छ ।

**१. अध्याय एक :** शोध परिचय

**२. अध्याय दुई :** नेपालमा सांस्कृतिक पर्यटन

**३. अध्याय तीन :** सांस्कृतिक पर्यटनका विविध पक्षहरु

**४.अध्याय चार :** (क) सांस्कृतिक पर्यटन अन्तर्गत घरवास(Home stay)

(ख) नेपालमा घरबास (Home stay) सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

(ग) नेपालमा होमस्टे पर्यटन र व्यवस्थापन

(घ) सांस्कृतिक पर्यटन अन्तर्गत घरबास (Homestay) मा देखिएका सकारात्मक र नकारात्मक पक्षहरुको अध्ययन

(ङ.) होमस्टे सम्बन्धी स्थलगत अध्ययन अवलोकन, तथ्याङ्क संकलन तथा विश्लेषण

**५.अध्याय पाँच :** घरबास (Home stay) विकास तथा प्रवर्द्धनले साँस्कृतिक पर्यटन तथा देशको आर्थिक विकासमा पु-याउने योगदान

(क) आर्थिक विकासमा योगदान

(ख) होमस्टेको सांस्कृतिक महत्व

(ग) होमस्टेको सामाजिक महत्व

**६. अध्याय छ :** निष्कर्ष, उपसंहार

# अध्याय -दुई

# नेपालमा सांस्कृतिक पर्यटन

## २.१. साँस्कृतिक पर्यटनको परिचयः

मानवको अस्तित्व विकाससँगै पर्यटन तथा घुमफिर जोडिएर आएको छ । प्राचिन कालमा मानिसले हिडेर यात्रा गर्ने गर्दथे भने त्यसपछि मानिसले यात्रामा जनावरको प्रयोग गर्नथाले । क्रमशः स-साना बग्गी बनाए । क्रमिक रुपले डुङ्गाको प्रयोग हुनथाल्यो । त्यस पछि वाष्फशक्तिको आविस्कार भयो, रेलको विकास भयो । क्रमिकरुपले हवाईजहाज, रकेट, भूउपग्रह हुदै आजको मानवको यात्रा पृथ्वीमा मात्र सिमित नरहेर चन्द्रमा लगायत अन्य ग्रहहरुमा समेत पुगेको छ ।

घोडा, बग्गी, डुङ्गा, पानीजहाज, रेल, मोटरकार, हवाईजहाजको विकासले मानिसको यात्रालाई व्यापक बनायो । १९ औं शताब्दीको मध्यतिर आईपुग्दा मानिसहरु विदा मनाउन, मनोरञ्जन गर्न, शिक्षा आर्जन गर्न र अन्य ठाँउको भौगोलिक ज्ञान, त्यहाँका मानिसहरुको सामाजिक, साँस्कृतिक र आर्थिक स्थिती जान्ने बुझ्ने ईच्छालाई पुरागर्न पनि मानिसहरुले यात्रा गर्नथाले ।

पर्यटन विकासमा बेलायतको औधोगिक क्रान्तिको पनि योगदान छ । जसले मानिसलाई बजारको खोजीका लागि वाहिरी संसारको यात्रामा व्यापकरुपमा हिंडायो । १९औं शताब्दीतिर अन्तर्राष्ट्रिय क्षेत्रमा भएको प्रविधिको विकास र प्रथम तथा द्धितीय विश्वयुद्ध पछि मानिसहरुको सोचाईमा आएको परिवर्तनका कारणले भौगोलिक दूरीलाई छोटो बनायो ।

पर्यटक (Tourist) र यात्रा (Travel) एकअर्का बिना एकको मात्र अस्तित्व खोज्न सकिदैन । पर्यटक र यात्राको सामूहिक रुप नै पर्यटन हो भने यसलाई व्यवस्थित गर्ने काम पर्यटन व्यवसाय हो । सांस्कृतिक र प्राकृतिक सम्पदास्थलमा जाने जुनसुकै पर्यटक पनि मनोरञ्जन, शिक्षा आर्जन, खेलकूद, स्वास्थ्योपचार, सभासम्मेलन, व्यापार प्रविधि आदि बिषय वा क्षेत्रगतरुपमा विभाजित भएर जाने गर्दछन् ।

यात्रामा सहभागीहुने कारणहरुः

१. आनन्द (Pleasure):

२. विश्राम एवं मनोरञ्जन (Relaxation and Recreation)

३. स्वास्थ्य (Health)

४. खेलकूद (Sports)

५. संस्कृति (Culture)

६. परिवार र वंशज भेटघाट (Family and Ethnic)

७. आध्यात्मिक र धार्मिक (Spiritual and Religious)

८. प्रतिष्ठा (Prestige)

९. पेशा वा व्यवसाय (Professional or Business)

## २.२.पर्यटनको उत्पत्ति र विकासः

सामान्य अर्थमा आफ्नो वासस्थान छाडी अन्य कतै गएर घुमफिर गर्ने कार्यलाई पर्यटन भनिन्छ। शब्दकोशमा पर्यटनको अर्थ चारैतिर घुम्ने काम, घुमफिर र भ्रमण भनेर बताईएको छ। अर्को तर्फ समय विताउन, आनन्द लिन र ब्यापार ब्यवसाय गर्ने सिलसिलामा गर्ने यात्रालाई पर्यटन भनिन्छ । पर्यटन यात्रासँग सम्बन्धित क्रियाकलाप पनि हो । पर्यटन आर्थिक गतिविधिसँग सम्बन्धित हुनुपर्दछ । यात्रीले यात्रागर्दा आर्थिक गतिविधि सृजना भएमा मात्र त्यसलाई पर्यटन भनिन्छ । विश्वमा पर्यटन विकासको प्रादुर्भाव धार्मिक भावनाबाट अभिप्रेरित भएर भएको पाईन्छ।

यात्रा वा भ्रमणको इतिहास मानव सभ्यताको प्रारम्भ देखि नै भएको हो। प्रागऐतिहासिक कालका मानवहरु जीवन निर्वाहको लागि घुमन्ते जीवन विताउथे भने ऐतिहासिक जीवन प्रारम्भ भएपछि व्यापारिक तथा धार्मिक उद्देश्यले यात्रा गर्दथे । व्यापारिक उद्देश्यले यात्रा गर्नेहरुमा सर्वप्रथम फोनेसियनहरु थिए। ईशापूर्व कालमै विश्व विजय गर्ने उद्देश्यका साथ सिकन्दर, भास्कोडा गाभा लगायत युरोपीयन तथा अरबी व्यापारीहरु भारतको भ्रमणमा आएका थिए । किरातकाल मै नेपालका व्यापारी भारतमा गएर व्यापार गर्दथे भने लिच्छवि कालमा नेपालको व्यापार अरु राम्रो भयो।

वर्तमान समयमा मानिसहरु अत्यन्त व्यस्त रहेकाले कुनै विदाको अवसरमा छुट्टी मनाउन घुम्ने गर्दछन् र विभिन्न देशका प्राकृतिक एवं सांस्कृतिक महत्वका क्षेत्रहरु अवलोकन गर्दछन्। प्राचिन कालमा भने पर्यटनको उद्देश्य यस अनुसारको नभएर व्यापार विस्तारको लागि विभिन्न नयाँ ठाँउहरुको खोजी गर्नु, धर्म प्रचार गर्नु, महान धार्मिक व्यक्तित्वको जन्म थलोको अवलोकन गर्नु आदि उद्देश्य मात्र राखिएको हुन्थ्यो । युरोपमा पुनर्जागरण पछि साहित्य, कला, ज्योतिष, गणित, बिज्ञान आदि विविध क्षेत्रमा व्यापक विकास भयो। विविध क्षेत्रमा भएको प्रगतिले गर्दा नयाँ नयाँ ठाँउमा जानको लागि आवश्यक साधनहरुको आविस्कार भएकोले यात्रा गर्न सहज भयो।

## **सन् १८४० सम्म पर्यटनको विकासः**

**(क) व्यापारको विस्तार** (Expession of Trade):

यात्राको लागि सर्वप्रथम थालनी गर्ने व्यक्तिहरु फोनिसियनहरु थिए । सुमेरियनहरुले ई.पु.४००० मा सर्व प्रथम मुद्राको प्रचलन गरेकाले यसबाट व्यापार विस्तारमा पनि सघाउ पु-चायो । एशियाका देशहरुमा भारत तथा चिन प्राचिन काल देखि नै सम्पन्न देश भएकाले यि दुई देशमा विभिन्न देशका व्यापारीहरु आउने गर्दथे । पर्सियन व्यापारीहरुले भारतको भ्रमण गरेका थिए । गुप्तकालिन भारतीयहरुको व्यापार मिश्र हुदै युरोपसम्म हुन्थ्यो । यसबाट भारतीय व्यापारीहरुलाई प्रशस्त लाभ भएकोले व्यापारको साथै पर्यटनको पनि विकास भयो । ईटलीको भेनिस निवासी मार्कोपोलो सन् १२७१ म भेनिसबाट प्रस्थानगरी पर्सिया(ईरान),अफगानिस्तान हुदै चिन पुगे । मार्कोपोलो स्वदेश फर्कदा भारत, सुमात्रा, जावा, लंका, जापान आदि देशहरुको पनि भ्रमण गरेका थिए । (संग्रौला,२०६९, पृष्ठ १८) ।

**(ख) ज्ञानको खोजी** (Search of Knowledge):

युनानी कवि होमरद्धारा लिखित “ओडेसी” नामक पुस्तकले मानिसहरुलाई यात्रा वा भ्रमणको लागि प्रोत्साहन गरेको हुनाले त्यसैबेला देखि पर्यटन क्षेत्रको जग निर्माणको थालनी भयो । चिनीया यात्री फाईयान(४३०इ.), ह्वेनसाङ्ग (६३३इ.)आदि यात्रीहरुले भारतको भ्रमण गर्नुका साथै नेपालको विविध विषयमा पनि जानकारी प्राप्त गरेका थिए ।

**(ग) अध्ययन अनुसन्धानको लागि भ्रमण** (Tour for Study and Research):

नयाँ ज्ञान सिक्नका लागि पनि भ्रमण आवश्यक भयो । पुनर्जारणबाट मानिसमा चेतना अध्ययन उवं अनुसन्धानको उद्धेश्यबाट गरिने पर्यटनले पनि पर्यटन विकासमा महत्वपूर्ण काम गरेको छ ॥

**(घ) नयाँ स्थानको खोजी गर्न** (To Search New Place):

नयाँनयाँ ठाँउ पत्रा लगाउनको लागि युरोपिय नाविकहरुले महिनौं दिनसम्म सामुद्रिक यात्रा गरे । इटलीको भेनिस निवासी मार्को पोलोले सन् १२७१ मा भनीसबाट प्रस्थान गरी पर्सिया(इरान), अफगानिस्तान हुदै चिन पुगेका थिए । राजा प्रताप मल्लको पालामा क्रिश्चियन मेशिनरीले नेपालको धेरै पटक भ्रमण गरेको अभिलेख तथा शीलालेखमा उल्लेख गरेका गरेको पाईन्छ ।

**(ङ.) मनोरञ्जनको लागि यात्रा** (Trade for Enjoy):

मनोरञ्जन वा आनन्द प्राप्त गर्ने उद्धेश्यबाट गरिने यात्राको शुरुवात पनि सर्वप्रथम रोमन साम्राज्यबाट नै भएको हो । मनोरञ्जन वा आनन्द प्राप्त गर्ने उद्धेश्यले पर्यटन गर्ने मानिसहरुको संख्या अत्यधिक पाईन्छ ।

रोमन सम्राटहरु कयौं माईलसम्म घोडसवार यात्रा गरी इजिप्टको पिरामिड तथा भूमध्य सागरका प्रशिद्ध मन्दिरहरुको अवलोकन गरी आनन्द प्राप्त गर्न उत्सुक रहन्थे ।

**(च) धार्मिक स्थलको भ्रमण गर्न** (Travel to the Religious Place):

मध्य युगमा धार्मिक कारणबाट प्रसस्त यात्रीहरु विभिन्न तीर्थस्थलमा यात्रा गरेका थिए । चौधौं तथा पन्ध्रौं शताब्दी पछि खास गरी युरोपमा इसाई र इस्लाम धर्मको ब्यापक प्रचार प्रसार भयो भने एशियामा पनि हिन्दु, बौद्ध, इस्लाम, इसाई आदि धर्मको ब्यापकता भयो । यि विविध धर्मका महत्वपूर्ण स्थलहरुको भ्रमणका लागि मानिसहरु यात्रा गर्ने प्रचलनमा ब्यापकता आयो ।

**(छ) मध्यकालमा कोईला तथा बाष्पको प्रयोग** (Middle Age- Age of Coal and Steam):

कोईलाको योगदान तथा बाष्प शक्तिको प्रारम्भ भए पछि मानिसलाई एक ठाँउबाट अर्को ठाँउमा पुग्न सजिलो भयो । मानव सभ्यता विकासको साथसाथै पर्यटनको क्षेत्रमा पनि ब्यापकता बढ्दैगयो(संग्रौला,२०६९, पृष्ठ ३३-४२) ।

**आधुनिक पर्यटनको विकास (Development of Modern Tourism):**

**(क) द्रुततर रेलको विकास** (Advent of High Speed Train):

पर्यटनको ईतिहासमा १९ औं शताब्दी महत्वपूर्ण रुपमा रहेको पाईन्छ । रेल्वेको विकासले टाढाटाढाको क्षेत्रमा यात्रा गर्नको लागी ठूलो सहयोग पु-यायो ।

**(ख) तलबी विदाको व्यवस्था** (System of Paid Holiday):

उन्नाईसौं शताब्दीको अन्त्य तिर मजदुरहरुलाई तलबी छुट्टी वा छुट्टी दिईएको अवधिमा पनि तलब नकाट्ने गरि विदा दिने ब्यवस्था गरिए पटि पर्यटनको गति तिब्र भयो । वर्तमान समयमा विश्वका धेरै मुलुकहरुले मजदुरहरुलाई एक हप्ता देखि तीन हप्ता सम्मको तलबी विदाको ब्यवस्था गरेकाले बर्तमान पर्यटकीय विकासमा निकै मदत पु-याएको छ ।

**(ग) मोटर कारको विकास** (Development of Motor Car):

आन्तरिक पर्यटनको विकासमा मोटर कारको विकासले निकै महतवपुर्ण भूमिका खेलेको पाईन्छ । वर्तमान समयमा यात्राको लागि मोटर कारको ब्यापक प्रयोग गर्ने गरिन्छ ।

**(घ) सामुन्द्रिक यात्राको विकास** (Development of Sea Transport):

उन्नाईसौ.शताब्दीमा सामुद्रिक जलमार्गको विकासले पर्यटनमा महत्वपूर्ण विकास भयो ।पानी जहाजको माध्यमबाट विभिनन देश तथा टापुहरुमा पुग्न सजिलो भएपछि पर्यटन विकासमा पनि सहयोग पुग्यो ।

**(ङ.) हवाई यातायातको विकास** (Development of Aeroplane):

अन्तर्राष्ट्रिय तथा लामो यात्राको लागि हवाई जहाज ज्यादै महत्वपूर्ण माध्यम हो । सन् १९५० भनदा पछिको अवधिमा हवाईसेवाको महत्वमा तिब्रता आई पर्यटन विकासमा सहयोग पुगेको पाईन्छ(संग्रौला, २०६९, पृष्ठ ३३-४२) ।

**बिसौं शताब्दीमा पर्यटनको विकास/विस्तारका कारणहरुः**

√ मनोरञ्जनको साथै शिक्षाको विकास

√ धर्म तथा कला संस्कृतिको विकास

√ सामाजिक प्रतिष्ठा

√ आर्थिक उन्नती

√ प्राविधिक क्षेत्रमा भएको विकास

√ यातायातका साधनहरुमा प्रगति

√ मानिसको चेतनामा आएको अभिवृद्धि

√ व्यस्त जीवन शैलीबाट केही समयको लागि फुर्सद लिने जिज्ञाषा (संग्रौला,२०६९, पृष्ठ ३३-४२) ।

पर्यटनको प्रारम्भ धेरै पहिले नै भएको हो । वर्तमान समयमा पर्यटनको क्षेत्र व्यापक भएकोले यसको प्रकृति वा स्वभावमा पनि व्यापकता आएको पाईन्छ । विश्वमा पर्यटन विकासको ईतिहासलाई केलाउदा उन्नाईसौं शताब्दी देखि यसको शुरुवात भएको पाईन्छ । पर्यटनलाई आमोद प्रमोदका लागि गरिने यात्रा पनि भनिन्छ । पर्यटनलाई अग्रेजीमा tourisum भनिन्छ । Tourisum शब्द ग्रिस भाषाको tornus शब्दबाट आएको हो । जसको अर्थ बृत्त देखाउने उपकरण तथा घुम्ने चक्र भन्ने हुन्छ । बृत्त अथवा घुम्ने चक्रको नामका आधारमा नै यात्रा या घुमाईलाई पर्यटन (tourisum) भनिन्छ । पर्यटन शब्दको प्रचलन सन् १२९२ देखि भएको देखिन्छ । यसै गरी यात्रा (tour) बाट पर्यटन (tourisum) सम्भव हुने भएकोले यात्रासँग सम्बन्धित गतिविधिलाई पर्यटनं (tourisum) भनिन्छ ।

लिग अफ नेसन्स (Leage of Nations) का अनुसार “आफु बसेको देश भन्दा अन्यत्र गएर २४ घण्टाभन्दा बढि बस्ने मानिसलाई पर्यटक (Tourist) भनिन्छ । ”

सन १९६३ मा ईटलीको रोममा भएको अन्तर्राष्ट्रिय यात्रा र पर्यटन सम्बन्धी संयुक्त राष्ट्रसंघीय अधिवेशनले लिग अफ नेसन्सले दिएको तथा पछि संयुक्त राष्ट्रसंघले परिमार्जन सहित स्वीकार गरेको

परिभाषा अनुसार “कुनै पनि ब्यक्ति आफ्नो बसोवास स्थान भन्दा अन्यत्र जुन सुकै कारणले भ्रमण गरे पनि यात्रा गरे वापत पारिश्रमिक पाउदैन भने उ पर्यटक (Tourist) हो ।”

सन् १९८१ मा विशेषज्ञहरुको अन्तर्राष्ट्रिय संगठनले दिएको पर्यटन सम्बन्धी परिभाषा अनुसार “यात्रीले आफू बसेको स्थान वाहिर गएर आफ्नो रुची अनुसार गर्ने क्रियाकलाप नै पर्यटन हो(खतिवडा/दाहाल,२०६७, पृ. ५) ।

यसैगरी संयुक्त राष्ट्रसंघले सन १९९४ मा पर्यटनलाई आन्तरिक पर्यटन (DomesticTourism), प्रवासी पर्यटन (IN BoundTourism), आप्रवासी पर्यटन (Out BoundTourism) गरी तीन भागमा बाँडेको छ । आन्तरिक पर्यटन भन्नाले आफ्नै देश भित्र गरिने यात्रालाई बुभिन्छ भने प्रवासी पर्यटन भन्नाले एक देशबाट अर्को देशमा गरिने यात्रालाई बुझाउछ । त्यसै गरी आफ्नो देश छोडेर अर्को देशमा बसोबास गरी रहेकोमा पुन पहिले बसेको देशमा गरिने यात्रालाई आप्रवासी पर्यटन भनिन्छ ( खतिवडा/दाहाल,२०६७,पृ.७) ।

पर्यटनमा पर्यटक (Guest) र स्थानीय (Host) गरी दुई पक्षको आवश्यकता पर्दछ । यि दुवै पक्षको क्रियाकलापबाट मात्र पर्यटनको प्रादुर्भाव हुन्छ । पर्यटनमा आकर्षण तत्व (Pull Factor) र बिकर्षण तत्व (Push factor) को महत्वपूर्ण भूमिका रहेको हुन्छ । मनोरम प्राकृतिक दृश्य, स्थानीयवासीको असल व्यवहार, साँस्कृतिक सम्पदाहरु, बन्यजन्तु तथा बनस्पतिहरु आदि अकर्षण तत्व (Pull Factor) अन्तर्गत पर्दछन् । त्यस्तै आर्थिक विकासको कारणले पर्यटकको आम्दानी बढ्नु, कर्मचारीहरु लाई तलव, भत्ता सहितको भ्रमण विदाको व्यवस्था हुनु तथा नयाँ स्थानको भ्रमण गर्ने होटबाजी चल्नु आदि पर्यटनका धकेल्ने तत्व (Push Factor) अन्तर्गत पर्दछन् (खतिवडा/दाहाल,२०६७, पृ.१०-११) ।

## पर्यटन के हो (What is Tourism) ?

सामान्य अर्थमा भन्ने हो भने पर्यटन पर्यटकियस्थलका लागि पर्यटकको माध्यमबाट संचालन गरिने व्यवसाय हो । यो ब्यवसायिक रुपमा संचालन हुन्छ र पर्यटकले आफ्नो आनन्द र मनोरञ्जनका लागि पैसा खर्च गर्न तयार हुन्छन् । पर्यटनका मुख्य आधार तीन वटा हुन्छन् ।

### (क) यातायात (Transport)

यातायात अन्तर्गत गन्तव्यस्थल सम्म पुग्नको लागि सजिलो तथा सुगम यातायातको व्यवस्था हुनाको साथै गन्तव्यस्थलमा घुम्नको लागि सजिलो स्थानीय यातायातको सुविधा भएमा त्यस्तो ठाँउको भ्रमण गर्नको लागि पर्यटकहरु लालयित तथा आकर्षित हुन्छन् ।

### (ख) स्थान विशेष (Local Area)

पर्यटकहरुले भ्रमण गर्ने स्थान उनीहरुको इच्छा पुरागर्ने किसिमको हुनुपर्दछ । पर्यटकले चाहेका तथा यसको रुची पुरा गर्ने ईच्छा तथा आवश्यकता किसिमको स्थान छनौट गर्नसकेमा मात्र पर्यटक त्यस्तो स्थानको भ्रमण गर्दछन् ।

### (ग) सर्वसुविधा (Accommodation)

दुःख, कष्ट, हैरानीको लागि कसैले पनि पैसा खर्च गर्दैन । पर्यटकले भ्रमण गर्ने स्थानमा खाने, बस्ने र मनोरञ्जन गर्ने सुविधा हुनुपर्दछ । आनन्द प्राप्त भयो, आकर्षित भयो भनेमात्र मानिस घर छोडेर वाहिर जान चाहान्छ । यात्राको व्यवस्थापन व्यवसायिक रुपमा हुनुपर्दछ, एक पटकको लाभ तथा नाफालाई मात्र हेरेर पर्यटन व्यवसाय चलाउनु हुदैन ।

## २.३.नेपालमा पर्यटनको विकास

नेपाल हाल विश्वमा सर्वोच्च शिखर सगरमाथाको देश, बुद्धको जन्मभूमिको नामले चिनिएता पनि यहाँका मनोरम हिमालका वारेमा पाश्चात्य संसार पन्ध्रौ शताब्दीसम्म जानकार रहेको थिएन । दुर्गमताको कारण पाश्चात्य संसारले नेपालको आश्चर्यलाग्दो प्राकृतिक सुन्दरताका वारेमा थाहा नपाउनु स्वभाविकै थियो । सन् १७७२ मा नेपालको यात्रा गर्ने कर्नेल कर्क पेट्रिक नै नेपालमा यात्रागर्ने प्रथम पश्चिमा यात्री रहेको कुरा अभिलेखमा पाइन्छ । त्यसै गरी राजा प्रताप मल्लको पालामा क्रिश्चियन मेशिनरी नेपालमा प्रवेश भएको इतिहासमा उल्लेख गरिएको पाईन्छ । उनले नेपाली कला र संस्कृतिको अवलोकन गर्ने उपयुक्त अवसर प्राप्त गरेका थिए । नेपाली जनताको मित्रवत् व्यवहारबाट उनी अत्यन्तै प्रभावित भएका थिए र उनले उक्त कुरा आपनो लेखमा पनि उललेख गरेका छन् । उनले लेखेको पुस्तक (An Account of the Kingdom of Nepal) नेपालका वारेमा लेखिएको पहिलो सबभन्दा राम्रो र आधिकारिक पुस्तक भनी मानिएको छ । यस पुस्तकले नेपाल र नेपालीको राम्रो चित्र प्रस्तुत गरेको छ ।

संयुक्त अधिराज्यका एक नापी अधिकृत (Surveyor) श्री एभरेष्टले संसारको सबभन्दा अग्लो चुचुरो नेपालमा पर्छ भनी सन् १८४३ मा मापन गरे । पश्चिमी मुलुकका मानिसहरुले संसारभरीका करिव ७५ वटा अग्ला हिमालय पर्वत नापे र त्यसवेला आश्चार्यचकित भए जव उनीहरुले थाहापाए की धेरै जसो पर्वतहरु नेपालमा नै रहेछन् । सन् १९३५ मा एउटा अन्त्यन्त धेरै बिक्रीभएको पुस्तक Lost Horizon ले Sangrila शब्दको परिचय गरायो । जसले पृथ्वीमा एक नयाँ स्वर्गको परिकल्पना गरेको थियो । यो कल्पनाको स्वर्ग (The world of imagination) नेपाल नै बन्न पुग्यो । यसबाट संसारको स्वर्ग नेपालकै हिमालयमा पर्छ भन्ने सन्देश संसारभर फैलन पुग्यो ।

त्यसै वखत नेपालीहरु गोर्खा, वीर, वहादुरका रुपमा विश्वभरि चर्चित हुन थालेका थिए । हिमाली देशका नेपालीहरुको नाम बफादारी र इमान्दारीको पर्याय बनेको इतिहास छ । यसरी नेपालको नाम विश्व मानचित्रमा धेरै प्रख्यात भएको थियो । त्यसबेला नेपाल सबैको निम्ती खुल्ला नभएको कारण विश्वका लागि राजनीतिक रुपमा टाढा थियो । प्राकृतिक रुपमा भने यो देश दुर्लभ थियो । संसारमा यति ठूलो नाम कमाएको देशको भित्री नापजोख हुन र यसलाई चित्रमा उतार्न समयले पर्खिरहेको थियो । सन् १९४१ मा मात्र नेपालले वाह्य राष्ट्रका नागरिकहरुलाई ढोका खोल्यो । सन् १९५० को अन्नपूर्ण र सन् १९५३ को

सगरमाथाको सफल आरोहणले नेपाल, यहाँका बासिन्दा खासगरी शेर्पालाई प्रख्यात बनायो । संसारलाई नेपाली संस्कृति, यहाँ लुकेका रहस्य र हिमालय पर्वतहरुका वारेमा थाहापाउन झनै उत्सुक बनायो ।

## २.४.नेपालमा पर्यटन विकासको सम्भावना

नेपालीको स्वभाव नै दुःख वेदनालाई मन भित्र लुकाएर भएपनि पाहुनाहरुलाई हसिलो मुहार, न्यानो आतिथ्यता र मिठो बोलीबाट मोहित बनाउने किसिमको छ । संसारको सबभन्दा ठूलो गल्छी(काली गण्डकी) अग्लो ठाँउमा रहेको ताल(तिलिचो), असंख्य हिमनदी र ताल तथा हिमतालहरु, विश्वको सर्वोच्च शिखर सगरमाथा लगायत विश्वका १० सर्वोच्च शिखर मध्ये ८ वटा नेपालमा नै अवस्थित हुनु, भौगोलिक तथा साँस्कृतिक विविधता, एशियाका प्रकाश गौतम बुद्धको जन्मस्थल लुम्बिनी तथा कपिलवस्तु नेपालमा नै रहनु, खप्तड बाबा, स्वर्गद्धारी बाबा, शिवपुरी बाबा जस्ता साधकहरुको तपोभूमि नेपाल नै रहनु, हिन्दु धर्मावलम्बिका चारधाम (पशुपति क्षेत्र, बराह क्षेत्र, हरिहर क्षेत्र, मुक्ति क्षेत्र) नेपालमा नै रहेको हुदाँ आमोद प्रमोद तथा धार्मिक दृष्टिले पनि नेपाल सुन्दर गन्तब्य रहदै आएको छ ।

१२५ भन्दा बढी जातजाति, १२३ भन्दा बढी भाषाभाषी, हिमाल, पहाड, उपत्यका, तराई, भावर, चुरे आदि प्रदेशमा विभाजित नेपालमा एक गाँउ र अर्को गाँउको संस्कृति र एक ठाँउ र अर्को ठाँउको हावापानीमा भिन्नता पाईने भएकोले पनि पर्यटकहरु लोभिने गर्दछन् । भूगोलको हिसावमा खासै ठुलो देश नभएता पनि विश्वका धेरै देश धुम्दा पनि नपाईने हावापानी, बनस्पति, चराचुरुङ्गी, जीवजन्तु, किटपतंगं, चालचलन, परम्परागत मूल्य र मान्यताहरु नेपालमा पाईने भएकोले नेपालमा आन्तरिक तथा बाह्य पर्यटकहरुको राम्रो गन्तब्य बन्ने प्रसस्त आधारहरु रहेका छन् । यसका साथै पर्यटन ब्यवसाय नेपाललाई सम्पन्न बनाउने एउटा माध्यम बन्न सक्दछ । (वर्ल्डभ्यू नेपाल, २०६८)

**नेपालमा पर्यटन सम्बन्धी चुनौति र सम्भावनाका आधारहरु:**

# यातायातको प्रचुर व्यवस्था नहुनु

# शान्ति सुरक्षाको प्रत्याभूति नहुनु

# राजनीतिक अस्थिरता तथा लामो संक्रमण काल

# विद्युत कटौती

# पर्यटक गन्तब्य खोजीको कमी

# जलवायु परिवर्तनले पार्ने नकारात्मक प्रभाव

# युवाहरुलाई पर्यटन तर्फ आकर्षित गर्न नसक्नु

# बेरोजगारी समस्या

# प्राविधिक तथा ब्यवसायिक शिक्षाको कमी आदि ।

पर्यटन प्रवर्द्धनमा माथि उल्लेखित लगायत अन्य चुनौतीहरु विद्यमान रहेता पनि हरेक कालो बादलमा चाँदीका धेरा हुन्छन् भने भैं पर्यटन मार्फत देश विकासका प्रशस्त सम्भावनाहरु रहेका छन् । पर्यटन हाम्रो राष्ट्रलाई सम्पन्न बनाउने सशक्त माध्यम बन्न सक्दछ ।

## पर्यटनका प्रेरक तत्व तथा श्रोतहरु (Motivation Factors)

१. भौतिक मनसाय (Physical Motivation):

२. आनन्द, आराम र मनोरञ्जन (Relaxation, Rest and Recreation):

३. खुशी (Pleasure):

४. खेलकूदमा सहभागिता (Participation in Sports):

५. उत्सुकता र संस्कृति (Cariocity and Culture):

६. आध्यात्मिक र धार्मिक तत्व (Spritual and Religious factors):

७. पारिवारीक इज्यत र सम्मान (Status and Prestige):

८. व्यापार अथवा व्यवसाय गर्ने उद्धेश्य (Business or Profession):

९. चाडपर्वहरुमा सहभागिता (Participation in Events and Festivals):

१०. जनजातिय र परिवार (Ethnicity andfamily):

## २.५.घरबास(Home stay) को अवधारणा तथा विकासको इतिहास,परिचय,अन्तर्राष्ट्रिय अभ्यासहरुः

होमस्टे पर्यटन कार्यक्रम भन्नाले स्थायि घरबास भएको एक स्थानबाट अर्को स्थानमा अस्थायी रुपमा रुपमा भ्रमणगरी कम्तीमा २४ घण्टा समय विताई त्यहाँको आवास, खाना आदि सेवा उपयोग गरी प्राकृतिक स्वन्दर्य, स्वच्छ र शान्त बातावरण, डाँडापाखा, हरियाली, बनजंगल, खोलानाला, तालतलैया, झरना, छाँगा र अन्य भौगोलिक, जैविक एवं सांस्कृतिक विविधता, ग्रामिण वस्तीमा रमाउने हरिसो मुहारले पाहुनाहरुको स्वागत सत्कार एवं सेवा पु-चाउने नेपाली र उनीहरुको दिनचर्या, कला, संस्कृतिको अनुभव गर्नुको साथै घरधनी र पाहुना बीच एक आपसका ज्ञान, अनुभव, बिचार र उपयुक्त प्रविधिको आदान प्रदान लगायत एक अर्काका सम्बन्धलाई सुदृढ र प्रगाढ बनाउने स-शुल्क बसाई हो । होमस्टे संचालनबाट कम लगानीमा संचालकले स्थानीय स्रोत साधनको परिचालन गरी पर्यटकहरुलाई विविध खालका सेवा प्रदान गर्नुको साथै आर्थिक उपार्जन, पर्यटकीय उत्पादन तथा सिप विकास, फुर्सदको

समयको उपयोग गर्दै स्वरोजगारीका अवसर सिर्जना गर्न सक्दछ । (दोश्रो होमस्टे कार्यशाला २०७०, तारागाँउ विकास समिति)

नेपालमा पर्यटनको प्रवर्द्धन तथा घरबास (Home stay) को अवधारणा तथा विकासका सम्बन्धमा नेपालको आवधिक पञ्चबर्षिय तथा त्रिबर्षिय योजना र  आर्थिक सर्वेक्षणमा विभिन्न समयमा सामावेश भएको व्यवस्था यस प्रकार छ ।

## २.६.नेपाल सरकारको पर्यटन प्रवर्द्धन तथा होमस्टे सम्बन्धी आवधिक योजना तथा नीति कार्यक्रमहरु

**(क) आर्थिक सर्वेक्षण २०६३/०६४**

**पर्यटन क्षेत्रका मुख्य गतिविधिहरुः**

(अ) नेपाल भ्रमणमा आएका पर्यटकहरुको संख्या, तिनीहरुको वृद्धिदर तथा बसाई अवधि गणनागर्दा २०६२ मा पर्यटकको सरदर बसाई ९.१ दिन रहेकोमा २०६३ मा ९.५ दिन पुर्‍याउने ।

(आ) नेपाल आउने अधिकाशं पर्यटकहरु मनोरञ्जन, पदयात्रा तथा पर्वतारोहणका लागि आउने गरेको देखिन्छ । बि.सं.२०६२ मा पर्यटकको आगमन निम्न अनुसार देखिन्छ ।

√ मनोरञ्जन –४२.७ प्रतिशत

√ पदयात्रा तथा पर्वतारोहण १६.४ प्रतिशत

√ व्यापार ५.९ प्रतिशत

√ तिर्थयात्रा १२.७ प्रतिशत

√ औपचारिक भ्रमण ४.५ प्रतिशत

√ अन्य प्रयोजनका लागि १६.४ प्रतिशत

(इ) पर्यटन क्षेत्रका मुख्य गतिविधिहरुः

√ पर्यटन गुरुयोजना निर्माण

√ पर्यटन त्रिवर्षिय योजना निर्माण

√ पर्यटन उद्योगमा विदेशी लगानी प्रवर्द्धन गर्ने ।

√ ट्राभल तथा ट्रेकिङ्ग नियमावली २०६२ निर्माण

√ जलयात्रा नियमावली २०६३ निर्माण

√ विमानास्थल निर्माण तथा सुधारः धनगढीलाई क्षेत्रीय हव विमानस्थलको रुपमा विस्तार गर्ने ।

√ विश्वसम्पदा संरक्षण

√ विशेष तालिमको व्यवस्थाः गरीबी निवारण, द्वन्द्ध पिडीत, होटल, पर्यटन लगायतमा संलग्न व्यक्तिहरु लाई ।

√ पर्यटन प्रवर्द्धन कार्यक्रम

√ पर्यटनलाई विस्तार गर्न पोखरा पर्यटन बर्ष २००७ मनाउने निर्णय ।

**(श्रोतः नेपाल सरकार, आर्थिक सर्वेक्षण २०६३/०६४)**

## (ख) आर्थिक सर्वेक्षण २०६४/०६५

**पर्यटन क्षेत्रका मुख्य गतिविधिहरुः**

(अ) पर्यटन गुरुयोजनाको कार्य अन्तिम चरणमा पुगेको ।

(आ) पर्यटन उद्योगमा विदेशी लगानी प्रवर्द्धनगर्न पर्यटनमूलक उद्योग स्थापना गर्न विदेशी लगानी खुल्ला गरिएको ।

(इ) विमानस्थल निर्माण तथा सुधारः वाराको नीजगढमा दोश्रो अन्तराष्ट्रिय विमानस्थल स्थापना, भैरहवाको गौतमबुद्ध विमानस्थल र पोखराको छिन्नेडाँडा विमानस्थललाई क्षेत्रीय विमानस्थलमा विस्तार

(ई) विश्व सम्पदा संरक्षण

(उ) पर्यटन क्षेत्रको त्रिवर्षिय योजना तर्जुमा ।

(ऊ) पर्यटन प्रवर्द्धन कार्यक्रमः छिमेकी राष्ट्र भारत र चिनलाई केन्द्रित गरी अन्य क्षेत्रीय मूलुकहरु जापान, वेलायत, जर्मनी, वेल्जियम आदिमा Send A Friend Home (घरमा एक साथी पठाँउ) लगायतका पर्यटन कार्यक्रम प्रवर्द्धन ।

(ए) अन्तराष्ट्रि सगरमाथा दिवश मे २९ मा बार्षिक मनाउने निर्णय ।

(ऐ) एकिकृत पर्यटन विकास नमुनाको विकास गर्ने**(श्रोतः नेपाल सरकार,आर्थिक सर्वेक्षण २०६४/०६५)।**

## (ग) आर्थिक सर्वेक्षण २०६५/०६६

**पर्यटन क्षेत्रका मुख्य गतिविधिहरुः**

(अ) नयाँ पर्यटन नीति २०६५ को कार्यान्वयन ।

(आ) नेपाल पर्यटन दूरदृष्टी २०२० जारी गरिएको, जस अनुसार २०२० सम्ममा वार्षिक २० लाख पर्यटक भित्राउने लक्ष ।

(इ) नेपाल भ्रमण वर्ष २०११ भव्यरुपमा मनाउन सचिवालय, मुख्य समिति तथा १४ वटा उप समिति गठन र प्रचार प्रसार सामग्री उत्पादन ।

(ई) नयाँ पर्यटकीय गन्तब्यस्थलको विकासः

(उ) पर्यटन क्षेत्रको त्रिवर्षिय योजना तर्जुमा ।

(ऊ) पर्यटन प्रवर्द्धन कार्यक्रमः छिमेकी राष्ट्र भारत र चिनलाई केन्द्रित गरी अन्य क्षेत्रीय मूलुकहरु जापान, वेलायत, जर्मनी, वेल्जियम आदिमा Send A Friend Home (घरमा एक साथी पठाउँ) लगायतका पर्यटन कार्यक्रम प्रवर्द्धन ।

(ए) अन्तर्राष्ट्रि सगरमाथा दिवस मे २९ मा बार्षिक मनाउने निर्णय ।

(ऐ) एकिकृत पर्यटन विकास नमुनाको विकास गर्ने **(श्रोतः नेपाल सरकार, आर्थिक सर्वेक्षण २०६५/०६६) ।**

## (घ) आर्थिक सर्वेक्षण २०६६/०६७

**पर्यटन क्षेत्रका मुख्य गतिविधिहरुः**

(अ) नेपाल पर्यटन बर्ष २०११ सफलताकासाथ मनाउने ।

(आ) वाराको नीजगढमा दोश्रो अन्तराष्ट्रिय विमानस्थल निर्माण कार्यको थालनी गर्ने ।

(इ) तराईमा पर्यटन विकासका लागि समितिहरु गठन गर्ने ।

√ विराट पर्यटन विकास समिति

√ सलहेस पर्यटन विकास समिति

√ विधेह/मिथिला पर्यटन विकास समिति

√ सिम्रौन पर्यटन विकास समिति

√ लुम्बिनी पर्यटन विकास समिति

√ चिसापानी पर्यटन विकास समिति

(ई) परिषद र समन्वय समितिको गठन गर्ने ।

√ राष्ट्रिय पर्यटन परिषद

√ राष्ट्रिय पर्यटन विकास समन्वय समिति

(उ) नयाँ पर्यटन गुरु योजना निर्माण

(ऊ) Leave Tourism कार्यक्रम

√ पश्चिमाञ्चल

√ मध्यमाञ्चल

√ पूर्वाञ्चलका ऐतिहासिक, साँस्कृतिक, धार्मिक तथा पर्यटकीय महत्वका स्थानहरु समेटेर बृत्तचित्र निर्माणगरी नेपाल टेलिभिजनबाट प्रशारण गर्ने ।

### (ए) Home stay र कलागाँउ कार्यक्रम

होमस्टेको सम्भाव्यता अध्ययन भएको क्षेत्रमा होमस्टे सञ्चालनगर्न आयोजनास्थलको पूर्व अध्ययन, तथ्याङ्क संकलन, नापनक्शाभई परामर्शसेवा लिन सूचना प्रकाशित भएको तथा जातिगत रुपमा कलागाँउको अध्ययन गरिने जिल्लाहरुको छनौट कार्य पुराभएको छ ।

(ऐ) नेपाल र भारत सरकारबीच दुईपक्षिय हवाईसेवा सम्झौता सम्पन्नः दुई देशबीचको पहिले भएको प्रतिहप्ता ६ हजार सिटको उडानलाई वृद्धिगरी नयाँदिल्ली, मुम्वइ, चेन्नइ, कोलकत्ता, हैदरावाद, बैङ्गलोरमा प्रतिहप्ता ३० हजार सिटको व्यवस्था गरिएको ।

(ओ) पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समितिको गुरुयोजना स्वीकृत **(श्रोतः नेपाल सरकार, आर्थिक सर्वेक्षण २०६७/०६८)** ।

## (ङ.) आर्थिक सर्वेक्षण २०६८/०६९

### पर्यटन क्षेत्रका मुख्य गतिविधिहरुः

(अ) पर्यटनबाट प्राप्तहुने आय ग्रामिण क्षेत्रसम्म पु-याउने उद्धेश्यका साथ होमस्टे सञ्चालन निर्देशिका २०६७ को कार्यान्वयन ।

(आ) नेपाल भ्रमणमा आउने पर्यटकको संख्या २०६७ पौष देखि २०६८ पौषसम्म ६ लाख २ हजार ८ सय ६७ बाट बढेर ७ लाख ३६ हजार २ स १५ पुगेको छ ।

(इ) विदा पर्यटन निर्देशिका २०६८ र विमानस्थल निर्देशिका २०६८ स्विकृत ।

(ई) भ्रमण बर्ष नेपाल २०११ ले नेपाललाई पर्यटन गन्तब्य स्थलको रुपमा विश्वसामु पुनर्स्थापित गर्न सफल भएको ।

### (उ) १८ वटा पर्यटकिय क्षेत्रको घोषणाः

१. मेची पहाडी पर्यटकीय क्षेत्र (ताप्लेजुङ्ग, पाँचथर, इलाम)

२. विराट पर्यटकीय क्षेत्र (सुनसरी, मोरङ्ग, झापा)

३. अरुण पर्यटकीय क्षेत्र (संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा)

४. सलहेस पर्यटकीय क्षेत्र (सिराहा, उदयपुर, सप्तरी)

५. सगरमाथा पर्यटकीय क्षेत्र (खोटाङ्ग, ओखलढुङ्गा, सोलुखुमबु, रामेछाप)

६. विदेह-मिथिला पर्यटकीय क्षेत्र (धनुषा, महोत्तरी, सिन्धुली, सर्लाही)

७. लाम्टाङ्ग-गौरीशंकर पर्यटकीय क्षेत्र (रसुवा, धादिङ्ग, नुवाकोट, दोलखा, सिन्धुपलाञ्चौक)

८. काठमाडौं पर्यटकीय क्षेत्र (काठमाडौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चौक)

९. सिम्रौन पर्यटकीय क्षेत्र (चितवन, मकवानपुर, वारा, पर्सा, रौतहट)

१०. अन्नपूर्ण-मनास्लु पर्यटकीय क्षेत्र (गोरखा, लम्जुङ्ग, मनाङ्ग, मुस्ताङ्ग)

११. पोखरा पर्यटकीय क्षेत्र (तनहुँ, स्याङ्गजा, कास्की, पर्वत)

१२. लुम्बिनी पर्यटकीय क्षेत्र (नवलपरासी, रुपन्देही, कपिलवस्तु)

१३. रुरु-रेसुङ्गा पर्यटकीय क्षेत्र (गुल्मी, अर्धाखाँची, पाल्पा)

१४. सिस्ने-जलजला-ढोरपाटन पर्यटकीय क्षेत्र (बाग्लुङ्ग, म्याग्दी, प्युठान, रोल्पा, रुकुम, सल्यान)

१५. भेरी-काक्रेविहार पर्यटकीय क्षेत्र (सुर्खेत, जाजरकोट, दैलेख)

१६. रारा कर्णाली पर्यटकीय क्षेत्र (डोल्पा, मुगु, हुम्ला, जुम्ला, कालीकोट)

१७. चिसापानी ठाकुरद्धारा पर्यटकीय क्षेत्र (दाङ्ग, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर)

१८.खप्तड रामारोशन पर्यटकीय क्षेत्र (बाजुरा, आछाम, बझाङ्ग, डोटी, दार्चुला, बैतडी, डडेल्धुरा)**(श्रोतः नेपाल सरकार, आर्थिक सर्वेक्षण २०६८/०६९ पृ) ।**

## त्रिवर्षिय योजना २०६७/०६८–२०६९/०७०

√ पर्यटनलाई देशको आर्थिक नीतिको उच्च प्राथमिकतामा राखिएको ।

√ पर्यटन नीति २०५२ लाई परिमार्जन गरी पर्यटन नीति २०६५ ल्याईएको ।

√ पर्यटन प्रवर्द्धनका लागि मौलिक ब्राण्ड Naturally Nepal:Once is not Enough लाई अगाडी बढाईएको ।

√ पर्यटन प्रवर्द्धनका क्रियाकलापहरुमा विदेशस्थित नेपाली कुटनीतिक नियोगको परिचालन गरिएको ।

√ पर्यटन प्रवर्द्धनका लागि गैर आवासिय नेपाली संगठन, विश्व पर्यटन संगठन, दक्षिण एशिया उप क्षेत्रीय आर्थिक सहयोग (SASCE) बिमस्टेक, कोस्क्यापसँग सहकार्य गर्ने

√ पर्यटनका सरोकारवाला र पर्यटन व्यवसायिहरुसँग मिलेर (सहकार्यमा) नेपाल पर्यटन दूरदृष्टी २०२० जारी गरिएको । यस अन्तर्गत सन २०२० सम्मका लागि पर्यटन क्षेत्रको दूरदृष्टी, लक्ष्य, उद्धेश्य, रणनीतिहरु समाहित गरी सन् २०२० मा २० लाख पर्यटन भित्राउने लक्ष्य राखिएको ।

√ अन्तराष्ट्रि पर्यटन उद्गम बजार प्रचार प्रसार गर्ने ।

√ नयाँ गन्तव्य स्थलको पहिचान गरी आन्तरिक पर्यटनको प्रवर्द्धन गर्ने ।

√ पर्यटन क्षेत्रको प्रवर्द्धन गरी सन् २०११ मा १० लाख पर्यटक भित्राई नेपाल पर्यटन बर्ष मनाउने ।

√ तराई मधेस, कर्णाली क्षेत्रमा एकिकृत पर्यटन विकासका लागि विराट क्षेत्र, सलहेस क्षेत्र, विदेह–मिथिला क्षेत्र, सिम्रौन क्षेत्र, लुम्बिनी क्षेत्र, चिसापानी क्षेत्र र कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विका समिति गठन ।

√ प्रत्येक बर्ष आउने पर्यटकलाई ३ लाख ७५ हजारबाट वार्षिक ७ लाख पु-चउने ।

√ अन्तराष्ट्रि पर्यटन उद्गम बजार प्रचार प्रसार गर्ने ।

√ पर्यटन क्षेत्रबाट वैदेशिक मुद्रा ३० करोड बार्षिक आम्दानी गर्ने, प्रतिदिन प्रति पर्यटक खर्च ६३ डलर पु-चउने र एक लाखलाई प्रत्येक्ष रोजगारी दिने ।

**(श्रोतः नेपाल सरकार, राष्ट्रिय योजना आयोग २०६७ ) ।**

## त्रिवर्षिय योजना २०७०/०७१–२०७२/०७३

√ पर्यटनको प्रतिफललाई ग्रामिण तहसम्म पु-चाउनको लागि साँस्कृतिक सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धनबाट पर्यटन क्षेत्रको विकास र विस्तार गरी पर्यटनको विविधिकरण र विस्तार गर्ने ।

√ नयाँ पर्यटकीयस्थल र उपजहरुको पहिचान तथा पूर्वाधारको विकासगरी पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको बलियो आधारका रुपमा विकास गर्ने ।

√ पर्यटकिय मेला, उत्सव, महोत्सव, मार्फत आन्तरिक पर्यटन प्रवर्द्धन गरीनुका साथै पर्यटनलाई ग्रामिणस्तर सम्म पु-चाउन होमस्टे कार्यक्रम मार्फत जनचेतना, क्षमता अभिवृद्धि र तालिम प्रदान गर्ने ।

√ गत आवधिक योजना योजनामा विश्व पर्यटन क्षेत्रको पुनर्स्थापना र मूलुकभित्रको बढ्दो पर्यटनमैत्री बातावरणले चालु योजना अवधिमा २२.१ प्रतिशतले पर्यटक आवागमन वृद्धिभई कुल बार्षिक पर्यटक आगमन संख्या ८ लाख पुग्न गएको छ ।

**दिर्घकालिन सोचः**

नेपाललाई विश्वकै आकर्षक पर्यटकस्थलहरु मध्येकै बनाउने ।

**उद्धेश्यः**

१. नेपाललाई विश्वपर्यटन मानचित्रमा आकर्षक, रमणिय र सुरक्षित गन्तब्यस्थलको रुपमा विकासगरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पु-याउने ।

२. राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटन प्रवर्द्धन मार्फत संख्यात्मक तथा गुणात्मक रुपमा पर्यटक आवागमनमा वृद्धिगरी प्राप्त लाभको समन्यायिक वितरण गर्ने ।

**रणनीतिः**

१. नयाँ पर्यटकीय गन्तव्यस्थलहरुको एकिकृत र समन्वयनात्मक रुपमा पूर्वाधार विकास गर्ने ।

२. पर्यटकीय स्थलहरुको र उपजहरुको विविधिकरण र विस्तार गरी ग्रामिण पर्यटन मार्फत थप रोजगारीका अवसरहरुको सिर्जना गर्ने ।

३. मुलुकमा सबै मौसममा पर्यटकीय क्रियाकलापहरु संचालनका निम्ति आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने ।

४. पर्यटकहरुलाई उपलब्ध गराईने सेवा सुविधाको पर्याप्तता र गुणस्तरीयताको सुनिश्चितता गर्दै दिगो पर्यटन विकास गर्ने ।

**कार्यनीतिः**

१.पर्यटकीय सेवा सुविधा विकास र विस्तारका लागि निजी क्षेत्रको लगानी आकर्षित गरिने छ ।

२. प्रमुख पर्यटकीयस्थल सम्म पहुँच सहज बनाउन केबुलकार लगायत एकिकृत पर्यटकीय र मनोरञ्जनस्थल निर्माण तथा संचालनमा निजी क्षेत्रको लगानी प्रोत्साहित गरिने छ ।

३. पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, समुदाय र निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गर्न पर्यटन क्षेत्रबाट प्राप्त आयको ३० प्रतिशत रकम तत् तत् क्षेत्रको पूर्वाधार विकासमा लगानी गर्ने नीति प्रभावकारी रुपमा लागु गरिने छ ।

४. पर्यटन उद्योगलाई हरित वृद्धिको प्रमुख क्षेत्रको रुपमा ग्रामिण तहसम्म विकास र विस्तार गरिने छ ।

५. पयटकीय रुपमा सम्भाव्य ग्रामिण क्षेत्रमा सामुदायिक होमस्टे संचालन गर्न ग्रामिण समुदायलाई सामुदायिक भवन, पदयात्रामार्ग निर्माण लगायत पुर्वाधार विकासमा टेवा/सहयोग गरिने छ ।

६. मुलुकभर स्थापना भएका होटल, ट्राभल, ट्रेकिड र होमस्टे लगायत पर्यटन उद्योगहरुको क्षमता अभिवृद्धि गर्न प्रोत्साहित गरिने छ । **(श्रोतः नेपाल सरकार, राष्ट्रिय योजना आयोग २०७० ) ।**

# अध्याय- तीन

# सांस्कृतिक पर्यटनका विविध पक्षहरु

## ३. सांस्कृतिक पर्यटनका विविध पक्षहरुको परिचयः

३.१. पर्यटनको भौतिक पक्ष

मानव जाति आफ्नो उत्पत्ति भएदेखि नै यात्राको श्रृखलामा अगाडी बढ्दै आएको पाईन्छ । घुम्न चाहनु मानवीय स्वभाव पनि हो । प्राचिनकाल देखि नै यात्रा गर्ने चलन थियो तर पर्यटनको अवधारणा भने विकशित भएको थिएन ।

नेपाल प्राकृतिक दृष्टीकोणबाट ज्यादै महत्वपूर्ण देश भएकोले यहाँको प्रकृतिले विश्वकै पर्यटकलाई लोभ्याउने गरेको छ । कतिपय अवस्थामा ऐतिहासिक, धार्मिक, सामाजिक ज्ञान प्राप्त गर्ने उद्धेश्यले पर्यटन गरिन्छ भने कतिपय अवस्थामा ज्ञान प्राप्तीको साथै मनोरञ्जनको लागि पर्यटन गरिन्छ । नेपालमा पर्यटक आकर्षण गर्ने कुराहरुमा पर्वतीय दृश्यहरु, हिमालको आकर्षण, तालहरु, हिमनदीहरु, तातो पानीका मूहानहरु, बनजंगल तथा बन्यजन्तुहरुको अवलोकन आदि पर्दछन् । **(संग्रौला, २०६९, पृ.६६)**

३.१.१. पर्वतीय दृश्यहरु (Mountains)

३.१.२. हिमालको आकर्षण (Attraction of Himal)

३.१.३. तालहरुको आकर्षण (Attraction  of Lackes)

३.१.४. हिमनदीहरु ( Glaciers)

३.१.५. नेपालका प्रकृतिक सम्पदा (Natural Heritage in Nepal)

३.१.६. बनस्पती तथा प्राणी (Flora and Fauna) **(संग्रौला, २०६९, पृ.६६ -७९)**

**नेपालमा पद यात्रा क्षेत्रलाई तीन भागमा विभाजन गरिएको छ ।**

(क) खुल्ला पदयात्रा क्षेत्र (Open d trekking areas): खुल्ला पदयात्रा क्षेत्रमा सबै पदयात्रीहरुका लागि खुल्ला गरिएको हुनाले पदयात्रा अनुमति लिन आवश्यक पर्दैन । संरक्षण दस्तुरमात्र तिरेर यात्रा गर्न सकिन्छ । अन्नपूर्ण, लामटाङ्ग, रोल्वालिङ्ग र सगरमाथा आधार शिविर यस वर्गमा रहेका प्रमुख पदयात्रा क्षेत्र हुन ।

(ख) नियन्त्रीत पदयात्रा क्षेत्र (Controlled trekking areas): नियन्त्रित पदयात्रा क्षेत्रमा सबै पदयात्रीहरुका आधिकारिक ट्रेकिङ्ग एजेन्सी मार्फत संगठित पदयात्रालाई मात्र अनुमति दिइन्छ । व्यक्तिगत पदयात्रीहरुलाई स्वतन्त्र रुपमा पदयात्रा गर्न अनुमति दिइदैन । कञ्चनजङ्घा क्षेत्र, मनाङ्ग, मुस्ताङ्ग, मकालु

आधार शिविर, तल्लो डोल्पा, र माथिल्लो डोल्पा क्षेत्रमा पदयात्रामा जाँदा सरकारी अधिकृत समेत साथै जाने गर्दछन् ।

(ग) निषेधित क्षेत्र (Restricted areas): चिनसँग सिमाना जोडिएका कतिपय क्षेत्रहरुमा सुरक्षाका कारणबाट विदेशीहरुलाई पदयात्राको अनुमति छैन । चिनसाग सिमाना जोडिएका हिमाल पारिका कतिपय क्षेत्रहरुमा परम्परागत संस्कृतिको संरक्षण, वातावरणीय, प्राकृतिक तथा जैविक संरक्षणको लागि विदेशीहरुलाई पैदल यात्राको लागि अनुमति नदिइएको हो ।

**नेपालका केही प्रमुख पदयात्रा क्षेत्रहरुः**

(क) कञ्चनजंङ्गा (Kanchanjungha)

(ख) हेलम्बु-गोंसाइँकुण्ड (Helambhu-Gosainkinda)

(ग) डोल्पा-हुम्ला (Dolpa-Humla)

(घ) सगरमाथा पदयात्रा (Sagarmatha Trekking)

(ङ.) अन्नपूर्ण पदयात्रा (Annapurna Trekking)

(च) गोरखा-मनास्लु पदयात्रा (Gorkha-Manaslu Trekking)

## ३.२. **सांस्कृतिक पर्यटन (Cultural Tourism)**

सांस्कृतिक पर्यटन समाज र संस्कृतिसँग सम्बन्धित हुन्छ । मानवको वर्तमान र विगतको क्रियाकलाप, धारणा, सोच र परम्परा देखि लिएर मानव निर्मित बस्तुहरुसँग सम्बन्धित बिषयवस्तुहरु सांस्कृतिक पर्यटन अन्तर्गत पर्दछन् । वर्तमान समाजका नृत्य, हस्तकला, मेला,पर्व, उत्सव, जात्रा, संस्कार लगायत बिषयवस्तुहरु संस्कृति अन्तर्गत पर्दछन् । यस्ता विषयवस्तुहरुका साथै विगतमा मानवले निर्माण गरेका मठ, मन्दिर, स्तुप, चैत्य, मूर्ति लगायत कलावस्तुहरु सांस्कृतिक सम्पदा मानिन्छन् । यस्ता समाज र संस्कृतिसँग सम्बन्धित बिषयवस्तुहरु हेर्न, बुझ्न र तिनीहरुको अध्ययन गर्न कैयौं विदेशीहरु नेपालको भ्रमणमा आउने गर्दछन् । यस्तो प्रकारको पर्यटनलाई सांस्कृतिक पर्यटन भनिन्छ (खतिवड/दाहाल,२०६७,पृ.२३१) ।

(क) जातिय विविधताको भुमिका (Role of Ethnic Diversity)

जति जनजाति तथा तिनीहरुको क्रियाकलाप सांस्कृतिक पर्यटनको महत्वपुर्ण पाटो हो । किनकि धेरै जसो पर्यटकहर विभिन्न प्रकारका जाति जनजातिहरुसँग बोलने, भेट्ने, विचार बुझ्ने तथा उनीहरुको संस्कृति बुझ्ने उनीहरसँग रम्ने गर्दछन् ।

(ख) जात्रा र पर्वहरुः

सांस्कृतिक पर्यटनको एउटा पाटो जातत्रा र पर्वहरु पनि हुन् । वास्तवमा जात्रा, पर्व र उत्सव नेपाली संस्कृतिका अभिन्न अैग मानिन्छन् । यहाँ अलग अलग धर्म, जातजाति र समुदायका आ-आफ्ना प्रकारका र सबैका सामुहिक पनि जात्रा, पर्व र उत्सवहरु छन् । नेपालमा सथान विशेष पनि जात्राहरु प्रचलनमा रहेको पाईन्छ । नेपालमा मनाइने जात्रा, पर्व र उत्सवहरु धर्मिक महत्वका र मनोरञ्जनात्मक पनि छन् । यस्ता जात्रा, पर्व र उत्सवहरुमा सहभागी भएर पर्यटकहरुले आनन्द लिने गर्दछन् । यस्ता जात्रा, पर्व र उत्सवहरु पर्यटकलाई आकर्षण गर्ने माध्यम बनेका छन्(खतिवड/दाहाल,२०६७,पृ.२३७) ।

## ३.३. **पर्यटन र पर्यावरणको सम्बन्ध** (Relation Between Tourism and Ecology)

पर्यावरण कुनै पनि मुलुकको सम्पदा हो, जुन जयादा मात्रमा प्ाकृतिक विषयवस्तुहरुसँग सम्बन्धित हुन्छ । हिमाल, पहाड, तराई, उपत्यका, खौंच, गल्छी आदि जस्ता भौगोलिक स्वरुप देखि लिएर नदि, ताल,झरना, पोखरी, हिमताल, जंगल, जंगली जनावर, चराचुरुङ्गी, तापाक्र, बर्षा र अन्य विविध प्रकारका परिवेशहरु प्राकृतिक सम्पदाहरु हुन्, जुन पर्यावरण र पर्यटन दुवैसँग सम्बन्धित छन् । (खतिवड/दाहाल,२०६७, पृ.२२३) ।

सांस्कृतिक पर्यटनकै एक अङ्गको रुपमा रहेको होमस्टे सञ्चालनबाट आफ्नो संस्कृतिमा पारेको सकारात्मक प्रभावहरुको वारे कुराकानी गर्दा घले गाँउ र भुजुङ्गका बासिन्दाहरुले राडी पाखी, बख्खु, लुकुनी, माहुरीको मह, गुन्दुक जस्ता स्थानीय सांस्कृतिक उत्पादनहरुको बिक्रीबाट आम्दानीमा बृद्धि हुनाको साथै संस्कृति बचाईराख्न सहयोग पुगेको बताउनुभएको थियो । त्यसै गरी मकवानपुरको चित्लाङ्गमा बाख्राको चिज, भूईस्याउ, सिन्की, ट्राउड माछा, ध्यू, सागसबजी र फलफूल आदिको बिक्रीबाट स्थानीय समुदायको आम्दानीमा बृद्धि भएको वताउनु भएको थियो । वहाँहरुले होमस्टेको संचालन हुन थालेपछि घाटु, कृष्णलिला, सोरठी, घ्याक्रे, कार्तिक नाच, बालन जस्ता नाचहरु देखाउने गरिएको र त्यसले गर्दा नयाँ पुस्ताहरुले यस प्रति चासो राख्न थालेकोले संस्कृति संरक्षणमा सहयोग पुगेको र आफ्नो ठाँउको प्रचार प्रसार भएको बताउनु भएको थियो । यसले पनि सांस्कृतिक पर्यटन आर्थिक तथा भौतिक पक्षहरुसँग जोडिएको पाईन्छ ।

## **३.४. पर्यटनको महत्व (Singnificance of Tourism)**

नेपालमा बि.सं.२०१७ सम्म पर्यटनलाई बिदेशी मुद्रा आर्जन गर्ने व्यवसायको रुपमा मात्र लिईन्थ्यो । त्यस भन्दा पछि आएर यो व्यवसायलाई बहुउद्धेशीय गतिविधि अन्तर्गत संचालन गरिदैं आएको छ । अहिले पर्यटन व्यवसायलाई आर्थिक तथा ज्ञानबर्द्धक रुपमा फाईदाजनक व्यवसायको रुपमा लिईन्छ । यसैले विश्वका प्राय सबै देशहरुले विदेशी पर्यटकहरुलाई भित्र्याउनका लागि विविध किसिमका प्रयास गरेको पाईन्छ । पर्यटनको महत्वलाई बुझ्रेर राष्ट्रसंघको २१ औं सभाले सन् १९७६ लाई पर्यटन बर्ष (Tourism Year) को घोषणा गर्नुका साथै पर्यटनलाई मानव मात्रको मौलिक एवं उचित कार्यकलापमा सबै मानिसहरु र सरकारहरुको उत्साह प्रदान गर्नुका साथै प्रशंसा गर्नु योग्य ठहराएको थियो । प्राकृतिक बनावट, सांस्कृतिक महत्वपूर्ण क्षेत्र तथा ऐतिहासिक स्थलहरुको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनद्धारा पर्यटकहरुलाई आकर्षित गर्न सकिन्छ । त्यसैले यस्ता वस्तुहरु प्रशस्त भएको देशले बढि भन्दा बढि फाईदा प्राप्त गर्दछन्

**(क) आर्थिक महत्व (Economic Signification):**

वर्तमान समयमा पर्यटनलाई विश्वका धेरै राष्ट्रहरुले विकासको मूल आधार मानेका छन् । विश्वका विभिन्न देशहरुले पर्यटनको संचालन र दिगो विकासमा विशेष जोड दिदै आएका छन् । विश्वका धेरै राष्ट्रहरुका लागि पर्यटन व्यवसाय फलदायिसिद्ध भएको देखिन्छ, त्यसैले वर्तमान समयमा पर्यटनलाई एउटा महत्वपूर्ण व्यवसायिक कृयाकलाप मानिन्छ ।

पर्यटनबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा बेरोजगारी समस्या सुल्झने, राष्ट्रिय आम्दानीमा बृद्धि हुने, घरेलु तथा अन्य उद्योगमा बृद्धि हुन्छ । यसबाट अन्तराष्ट्रिय व्यापारमा बृद्धि हुने, प्रतिव्यक्ति आयमा बृद्धि हुने, मुद्रा सोधनान्तरमा सकारात्मक असर पर्ने आदिजस्ता विविध पक्षहरुमा सकारात्मक असर पर्नगई राष्ट्र आर्थिक एवं सांस्कृतिक रुपले सम्पन्न हुन्छ । पर्यटनलाई राष्ट्रको आयको एक महत्वपूर्ण श्रोत मानिन्छ । यसको माध्यमबाट राष्ट्रले विदेशी मुद्रा आर्जन गर्न पाउने भएकोले यसलाई विश्वका प्रत्येक राष्ट्रले अपनाउन थालेका छन् ।

**(ख) रोगजारीको व्यवस्था गर्नु ( To Make Employment):**

पर्यटन उद्योगको विकासले देशको अर्थतन्त्रमा सुधार ल्याउन महत्वपूर्ण योगदान पु-याउनुका साथै रोजगारीमा वृद्धिमा पनि सहयोग पु-याउछ । पर्यटनको व्यापक विकास र विस्तार भएका राष्ट्रहरुमा रोजगारीका नयाँ अवसरहरु खुलेकाछन् । वर्तमान समयमा पर्यटनको विश्वव्यापी महत्वलाई आत्मसात गर्दै विश्वका कैयौं देशहरुले यस प्रति चाख राखि रहेका छन् ।

**(ग) औधोगिक प्रगति ( Industrial Development):**

पर्यटन उद्योगको विस्तारबाट यससंग समबन्धित विभिन्न कार्यालय खुल्दछन् र विभिन्न मानिसहरुले स्थायी वा अस्थायी प्रकारका रोजगारीका अवसरहरु प्राप्त गर्दछन् । पर्यटन कार्यालय, होटल, होमस्टे, रेष्टुराँ, ट्राभल एजेन्सी जस्ता पर्यटन व्यवसायमा संलग्न कार्यालयहरुमा मानिसहरुले स्थायी रोजगार पाउँछन् भने विशेष अवसरहरुमा संचालन हुने पर्यटकीय गतिविधिहरुमा अन्य व्यक्तिहरुले पनि अस्थायी प्रकारको रोजगारी प्राप्त गर्दछन् । पर्यटन उद्योगको विकासबाट यससँग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न क्युरियो, हस्तकला, संस्कृति प्रवर्द्धन, कृषि तथा पशुपालन लगायतका अन्य उद्योगहरुको विकासमा पनि सहयोग पुग्दछ ।

**(घ) विदेशी मुद्रा प्राप्त ( Earn Foreign Currency):**

कुनै पनि देश विकासको लागि विदेशी मुद्रा नितान्त आवश्यक हुन्छ । विदेशी मुद्रा प्राप्तीले देशको रोजगारी बढाउछ र उद्योग धन्दाको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

**(ङ.) विकासको आधार (Foundation of Development):**

विश्वका सबैजसो देशहरुमा पर्यटन व्यवसायलाई वर्तमान समयमा एक महत्वपूर्ण व्यवसायको रुपमा लिईन्छ । यसले राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण भाग ओगटेको छ । पर्यटनको विकास तथा विस्तारले देशको समष्टी विकासमा सकारात्मक प्रभाव पार्ने भएकोले यसलाई विकासको आधारको रुपमा लिईन्छ ( खतिवडा/दाहाल,२०६७, पृष्ठ १८-२१) ।

## पर्यटनका निर्धारिक तत्वहरु (Determining factors of Tourism)

(१) उच्च क्रयशक्ति (High purchasing capacity)

(२) भौगोलिक अवस्था (Geographical situation/ location)

(३) आर्थिक स्थायित्व (Economic Stability)

(४) औधोगिक विकास (Industrial Development)

(५) राजनीतिक स्थिरता (Poltical Stability)

(६) पर्यटक भ्रमण गर्ने ठाँउको वातावरण (Enviroment of the place they Visit)

## यात्राको प्रेरणा (Motivation for Travel)

(अ) शारीरिक प्रेरक (Physical motivation)

(आ) साँस्कृतिक प्रेरक (Cultural motivatfion)

(इ) अन्तरव्यक्तिगत प्रेरक (Interpersonal motivation)

(ई) प्रतिष्ठा  र सामाजिक अवस्था प्रेरक (Status and prestige motivation)

पर्यटनमा विभिन्न तत्वहरु समावेस भएका हुन्छन् । यो एक्लो रुपमा अस्तित्वमा रहदैन । पर्यटनमा थुप्रै सम्बन्धित तत्वहरु एकिकृत रुपमा आएपछि मात्रै पर्यटन बन्न सक्दछ । जसलाई ४ आ अर्थात 4A का रुपमा बुझ्ने गरिन्छ ।

√ **आकर्षण** (Attraction):

आकर्षण भन्नाले यस्ता वस्तु वा बिषयलाई बुझ्नु पर्छ, जसको आकर्षणले व्यक्तिलाई यात्रागर्न उक्साउछ अर्थात अभिप्रेरित गर्छ । यस्ता आकर्षणले मानिसमा यात्रा गर्ने चाहनाको विकास गर्छ र उ दैनिक कार्य त्यागी यात्राका लागि निस्कन्छ । यसरी पर्यटकले मन पराउने चिज मानव निर्मित तथा प्राकृतिक दुवै हुन सक्छन् । मानव निर्मित वस्तुहरुमा ऐतिहासिक स्थलहरु, धार्मिक स्थलहरु, सहरहरु, चिडिया घरहरु, स्मारकहरु, मन्दिर तथा मुर्तिहरु आदि पर्दछन् । प्राकृतिक वस्तुहरुमा हिमाल, पहाड, नदीनाला, गुफा, समुन्द्र, ताल, बनजंगल आदि पर्दछन् ।

√ **आवागमन सुगमता** (Accessibility)

पर्यटनमा पर्यटकहरुको आवागमन अत्यन्तै महत्वपूर्ण कुरा हो,जसको प्रत्यक्ष सम्बन्ध यातायातसँग हुन्छ । पर्यटन र यातायातलाई एकअर्काका परिपुरक मानिन्छ । पर्यटनका आकर्षणहरु अचल तथा स्थिर रहने हुनाले त्यहाँ पर्यटक स्वयम उपस्थित हुनुपर्दछ, जसका लागि आवश्यक आवागमन सुविधा हुनु जरुरी हुन्छ । पर्यटकलाई गन्तव्य स्थानमा पुग्न यातायातका विभिन्न माध्यमहरु जस्तैः हवाईजहाज, पानीजहाज, रेल, मोटर कार, केवलकार आदि प्रयोग गर्न सकिन्छ ।

√ **आवास सुविधा** (Accommodation)

पर्यटकहरु भ्रमण गर्ने स्थानमा उनीहरुलाई बस्नको लागि उपयुक्त आवास सुविधा हुनुपर्दछ । सुरक्षाको उचित प्रवन्ध भएको, शौचालय, स्वच्छ तथा शुद्ध पिउने पानीको व्यवस्था भएको, भूकम्प प्रतिरोधात्मक आवास गृहमा पर्यटकहरु बस्न रुचाउछन् ।

√ **आराम** (Amenity)

मानिसहरु कुनै ठाँउमा भ्रमण गर्न निस्कनुको पछाडी आनन्द र आरामको चहाना रहेकोहुन्छ । आरामले पर्यटकहरुलाई स्फुर्ति दिन्छ र जसले भ्रमणको लागि अभिप्रेरित गराउछ । उनीहरुलाई पर्यटकहरुले भ्रमण गर्ने स्थानहरुमा आराम गर्नको लागि विश्राम गृह, चौतारी, शयन कक्षहरु भएमा उनीहरु त्यस्तो ठाँउमा रमाउछन् ।

**आधुनिक पर्यटनका विशेषताहरुः**

√ पर्यटनको भूमण्डलीकरण (Globalization of Tourism)

√ यात्रा संगठनहरुबीचमा बजार र कामगर्ने तरिकाबारे सहमति (Markeating and Operation)

√होटलको सांगठनिक विकास र बजारव्यवस्थापनको सहमति (Hotel and Market Management)

√ सञ्चार जगतमा भएको विकास र तिनको संलग्नता (Mobilization of Mass Media)

√ नयाँ उपाय तथा बस्तुहरुको विकास

√ सरकारी निकायहरुको निर्माण (Stablished of Authorities)

√ राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको संलग्नता (Intervention of NGOs/INGOs)

√ नयाँ अवधारणाको विकास (Development of new Concept): साहसिक पर्यटन, दिगो पर्यटन (Sustinable Tourism), पर्यावरणीय पर्यटन (Eco Tourism), ग्रामिण पर्यटन (Village Tourism), सामूहिक पर्यटन जस्ता नयाँ नयाँ अवधारणाले पनि पर्यटनको क्रमिक विकास भएको छ ।

# अध्याय -चार

# सांस्कृतिक पर्यटन अन्तर्गत घरबास (Home stay)

## ४.१. नेपालमा घरबास (Home stay) सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था र घरबासको हालको अवस्था

### ४.१.१. नेपालमा घरबास (Home stay) सम्बन्धी नीतिगत तथा कानुनी ब्यवस्था :

नेपालमा संस्कृति, पर्यटन र नागरिक उड्डयनको सम्बन्धमा हालसम्म २ वटा नीति, ५ वटा ऐन, ७ वटा नियमावली र १३ वटा गठन आदेशहरु प्रचलनमा रहेका छन् । ति मध्ये देहायका कानुनहरुले होमस्टे सम्बन्धी व्यवस्थालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सम्बोधन गरेको पाईन्छ :

#### ४.१.१.१. पर्यटन नीति,२०६५:

पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्या-पर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निबारणसँग आवद्ध गरी उनीहरूको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्द्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्ने पर्यटन नीति २०६५ को मुख्य उद्धेश्य रहेको छ । यस नीतिले पहिलो पटक होमस्टेको सम्बन्धमा देहाय बमोजिमको कार्य नीति लिएको छ :

√ नेपालमा पर्यटकीय गाँउको छनौट तथा विकास गरी पर्यटकहरुको लागि खास अवधीको Home Stay Village Tourism कार्यक्रमलाई प्रोत्साहन गर्ने ।

√ सै कार्य नीतिको परिणाम स्वरुप होमस्टेलाई व्यवस्थि तगर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले होमस्टे संचालन कार्यविधि २०६७ स्विकृत गरी लागु गरेको छ ।

#### ४.१.१.२. पर्यटन ऐन, २०३५:

पर्यटन ऐन, २०३५ मा होमस्टेको सम्बन्धमा स्पष्ट व्यवस्था नभएता पनि सो ऐनको प्रस्तावनामा पर्यटनको विकास गरी सर्वसाधारण जनताको आर्थिक हित कायम गर्न र विदेशी तथा स्वदेशी पर्यटकहरुको स्वास्थ्य,सुविधा र हितको निमित्त आवश्यक व्यवस्थ ागर्न ऐन बनाईएको उल्लेख भएकोले विस्तृत अर्थमा होमस्टेलाई समेट्न खोजेको देखिन्छ ।

### ४.१.१.३. नेपाल पर्यटन बोर्ड ऐन, २०५३:

यस ऐन बमोजिम नेपाल पर्यटन बोर्डको उद्धेश्य अन्तराष्ट्रिय जगतमा नेपाललाई एक आकर्षक पर्यटकीय स्थलको रुपमा स्थापित गरी पर्यटन व्यवसायको विकास, विस्तार प्रवर्द्धन गर्नु रहेको छ । नेपाल पर्यटन बोर्डको कार्य क्षेत्रमा होमस्टे कार्यक्रम पर्ने भएता पनि पर्यटन बोर्ड ऐनले यस सम्बन्धमा छुट्टै व्यवस्था गरेको पाईदैन ।

### ४.१.१.४.होमस्टे संचालन कार्यविधि, २०६७:

होमस्टेलाई नीतिगत तथा कानुनी रुपमा व्यवस्थि तगर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले होमस्टे संचालन कार्यविधि,२०६७ स्विकृत गरी लागु गरेको छ । यस कार्यविधिका मुख्य व्यवस्थाहरु देहाय बमोजिम रहेका छन् ।

**(अ) होमस्टेको परिभाषाः**
होमस्टे भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्धेश्यले आफ्नै घर समुदायमा नीजि वा सामुहिक रुपमा संचालन गरिएको सेवा सम्झनु पर्छ ।

**(आ) होमस्टेका उद्धेश्यहरुः**
**होमस्टे संचालनका मुख्य उद्धेश्य देहाय बमोजिमका हुनेछन्:-**
(क) होमस्टे संचालन गरी पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदायमा पुऱ्याउने,
(ख) होमस्टे संचालन गरी ग्रामिण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागि गराउने,
(ग) होमस्टे संचालन गरी ग्रामीण समुदायको आयश्रोत बृद्धि गरी जीवनस्तर वृद्धि गर्ने,
(घ) होमस्टे संचालन गरी ग्रामिण तथा स्थानीय स्तरमा स्वरोजगार विकासको माध्यमको रुपमा उपयोग गर्ने,
(ङ) होमस्टे संचालन गरी पर्यटकलाई ग्रामीण जनजीवन साथै संस्कृतिका वारेमा जानकारी दिने,
(च) होमस्टे आवास सुविधा मात्र नभै पर्यटकलाई रितिरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्ने,
(छ) शहरी इलाकामा पर्यटकलाई सरल र सहज वातावरणमा बसोबासको व्यवस्था गर्ने ।

**(इ) होमस्टेको वर्गिकरणः**

**√ सामुदायिक ग्रामीण होमस्टे :**
तोकिएको मापदण्ड पूरा गरी अलग/अलग स्वामित्व भएका कम्तीमा पाँचवटा घरधनीले सामुहिक व्यवस्थापन गरी संचालन गरेको होमस्टेलाई सामुदायिक ग्रामीण होमस्टे भनिन्छ ।

**√ निजी होमस्टे :**
तोकिएको मापदण्ड पूरा गरी ग्रामिण तथा शहरी क्षेत्रमा निजीस्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टे भनिन्छ ।

**(ई) पर्यटकीय क्रियाकलापः**

(१) होमस्टेले स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप,परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इको ट्रेक तथा दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्नु पर्नेछ ।

माथि लेखिएदेखि बाहेक होमस्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नु पर्नेछः-

(क) स्थानीय सांस्कृतिक नाचगान तथा फुलमालाका साथ पर्यटकको स्वागत गर्ने,

(ख) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाँउमा मौलिक परम्परा वा सांस्कृतिमा आधारित सांस्कृति कार्यक्रमहरुको प्रस्तुती मेला, जात्रा जस्ता गतिविधिहरु आयोजना गरी सहभागी गराउने ।

(ग) सांस्कृतिक सम्पदा, संग्रालय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र स्थल, दृश्यावलोकन, जंगल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने,

(घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधि मा सहभागी गराई पर्यटक तथा स्थानीय जनता वीच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,

(ङ) पर्यटकको विदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित फुलमाला पहिराउने ।

**(उ) होमस्टेको दर्ता प्रक्रियाः**

होमस्टे संचालन गर्न चाहनेले देहाय बमोजिमका कागजात सहित तोकिए बमोजिमको ढाँचामा रु. ५।- को टिकट टाँसी महाशाखा वा कार्यालयमा निवेदन दिनु पर्नेछ,-

√ सामुदायिक होमस्टेको हकमा कम्तीमा पाँचजना घरधनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता तथा निजी होमस्टका लागि संबन्धित नगरपालिका वा गाउँ विकास समितिको सिफारिस ।

√ जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी ।

√ नगरपालिका क्षेत्रको हकमा नक्सा पास भएको प्रमाण ।

√ होमस्टे संचालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

यसरी दर्ताको लागि निवेदन परेमा महाशाखा वा सम्बन्धित कार्यालयले आफ्नो संयोजकत्वमा नेपाल पर्यटन बोर्ड, सम्बन्धित गाउँ विकास समिति/नगरपालिका, स्थानीय स्वास्थ्यकर्मी समेतको प्रतिनिधिले तोकिएको मापदण्ड पूरा भए/नभएको निरीक्षण गरी महाशाखा वा सम्बन्धित कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ । निरीक्षणबाट मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्तभएमा महाशाखा वा सम्बन्धित कार्यालयले प्रत्येक होमस्टेलाई एकाइको रुपमा दर्ता गरी होमस्टे दर्ता प्रमाणपत्र दिनेछ । मापदण्ड पूरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिइनेछ र पुनः स्थलगत निरीक्षण गरिनेछ ।

**(ऊ) होमस्टे संचालन तथा व्यवस्थापन समिति गठनः**

√ सामुदायिक होमस्टे सञ्चालन गर्न चाहने संचालकहरुले साधारण भेला गरी देहाय बमोजिमको होमस्टे सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ,–

(क) समुदायका सदस्यहरुबाट एक जना – अध्यक्ष

(ख) समुदायका सदस्यहरुबाट एक जना – उपाध्यक्ष

(ग) समुदायका सदस्यहरुबाट एक जना – कोषाध्यक्ष

(घ) समुदायका सदस्यहरुबाट महिला सदस्य – सदस्य

(ङ) समुदायका सदस्यहरुबाट एक जना सदस्य – सदस्य-सचिव

साथै होमस्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जनासम्म सदस्यको चयन गर्न सक्नेछ ।

**(ए) होमस्टे संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(क) पर्यटकीय क्रियाकलापहरु र पर्यटनहरुले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने।

(ख) आगन्तुक/पर्यटकहरुको स्वागत तथा पाहुनाको आवास व्यवस्था मिलाउने ।

(ग) पर्यटकको दर्ता व्यवस्था गर्ने ।

(घ) आय व्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने ।

(ङ) प्रत्येक होमस्टेको नियमित अनुगमन गर्ने ।

(च) स्थानीय भ्रमण प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने ।

(छ) स्थानीय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने ।

(ज) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन/व्यवस्थापन गर्ने ।

(झ) पर्यटकहरुको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाहरुको व्यवस्थापन र समन्वय गर्ने ।

(ञ) होमस्टेको साइनेज तथा लोकेसन म्याप तयार गर्ने ।

(ट) पर्यटक आवास गृहमा उपलब्ध हुने सुविधा तथा मेनु/मुल्य निर्धारणमा एकरुपता कायम गर्ने ।

(ठ) प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैतीस दिन भित्र पर्यटक संख्या, प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन महाशाखा वा कार्यलयमा पठाउने ।

(ड)) होमस्टेको विकास, पवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

(ढ) जिल्लास्थित होमस्टे समन्वय समिति र केन्द्रमा रहेको पर्यटन मन्त्रालयसंग नियमित सम्पर्क र सञ्चार गर्ने ।

(ण) होमस्टे संचालनका आधारभूत मापदण्ड सम्बन्धी सूचना पर्यटकहरुले देख्ने स्थानमा राख्नु पर्ने ।

(त) होमस्टे विकास प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

**(ऐ) जिल्ला होमस्टे समन्वय समितिः**

प्रत्येक जिल्लामा जिल्ला विकास समिति अर्न्तगत रहने गरी सम्बन्धित जिल्ला विकास समितिको पर्यटन हेर्ने सदस्यको संयोजकत्वमा पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, सञ्चार, सुरक्षा, खानेपानी, विद्युत कार्यालयका प्रतिनिधी सदस्य रहने गरी जिल्ला होमस्टे समन्वय समिति गठन गर्न सकिनेछ ।

√ जिल्ला होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) जिल्ला स्थित होमस्टे व्यवस्थापन समितिहरु वीच समन्वय र सहजीकरण गर्ने,

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(ग) पर्यटकलाई स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने,

(घ) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,

(ङ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने,

(च) बाटो, पदयात्रामार्ग, झ्यूटावर, खानेपानी, स्वास्थ्य चौकी जस्ता साना पूर्वाधारहरु बनाउने वा वनाउन सम्बन्धित गा.वि.स.लाई सहयोग गर्ने ।

**(ओ) अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्थाः**

√ महाशाखा वा कार्यालयले आवश्यकतानुसार समय समयमा होमस्टे व्यवस्थापन समितिका कार्यहरु तथा प्रत्येक होमस्टेको इकाईको अनुगमन तथा निरिक्षण गर्नु पर्नेछ ।

√ निरिक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होमस्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ ।

√ म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई महाशाखा वा कार्यालयले निलम्वन वा खारेज गर्न सक्नेछ ।

**(औ) नवीकरण सम्बन्धी व्यवस्थाः**

प्रत्येक होमस्टे देहाय बमोजिमको कागजात संलग्न गरी प्रत्येक पाँच बर्षमा होमस्टे नबीकरणको लागि महाशाखा वा कार्यालयमा रु.५।- को टिकट टाँसी निवदेन दिनु पर्नेछ ।

√ विगत पाँच वर्षको आय व्यय र होमस्टेले प्रदान गरेको र पर्यटकहरुको लगत तथा विवरण ।

√ सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको प्रतिवेदन ।

√ नवीकरणको लागि निवेदन पर्न आएमा महाशाखा वा कार्यालयले सम्बद्ध होमस्टेको निरिक्षण गरी मापदण्ड पूरा भएकाको हकमा होमस्टको नवीकरण गर्नेछ र पूरा नभएका होमस्टेको नविकरण हुनेछैन ।

## ४.२. नेपालमा होमस्टे पर्यटन र ब्यवस्थापनः

नेपालको आर्थिक विकास र सामाजिक उन्नतीको लागि पर्यटन उद्योग र त्यससँग सम्बन्धित होमस्टे पर्यटन अहिले नेपालको ग्रामिण विकास र समुन्नत समाज निर्माणका लागि पनि राष्ट्रिय प्राथमिकतायुक्त कार्यक्रम हो । होमस्टे नेपालको हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराईका गाँउ गाँउसम्म क्षेत्रयि र समानुपातिक विकासका लागि समेत ब्यवस्थापन गर्न सकिने अधिक सहभागितामूलक, उपयोगी र प्रभावकारी एवं तत्काल प्रतिफल दिन सक्ने व्यबसाय हो । कम राष्ट्रिय लगानीमा राष्ट्रिय अर्थतन्त्रमा समेत दरिलो र निरन्तर सहयोग पु-याउने होमस्टे पर्यटनलाई नेपालमा नियमित र ब्यवस्थित गर्ने गराउने कार्य अहिले नेपाल सरकारको अहम चाहना भएपनि त्यसलाई दिगो, गुणस्तरीय, लक्ष निर्धारित पर्यटनका रुपमा दिर्घकालिन प्रतिफलयुक्त बनाउने दायित्व भने सम्बन्धित समुदाय, पर्यटन व्यवसायी र पर्यटनसँग सम्बन्धित प्रतिनिधिमूलक संघसंस्थाको नै हुनुपर्दछ । सरकार त्यसका लागि मार्ग निर्देशक र सहयोगी मात्र हो । आर्थिक कारोवारबाट संचालन हुने होमस्टे सेवामूलक पर्यटन व्यवसाय शुरुका दिनमै पर्यटकीय ज्ञानका अभावमा, केही निहित व्यक्तिहरुको स्वार्थ वा अबैज्ञानिक सोचको चंगुलमा फस्यो भने यसले नेपालको प्राकृतिक, सांस्कृतिक सम्पदा तथा परम्परागत सामाजिक संरचनामा छोटो अवधिमै अकल्पनीय समस्या र खाडल उत्पन्न गराउन सक्दछ र राष्ट्रले त्यसबाट पार पाउन ठूलो मूल्य चुकाउँदा पनि सफलहुन सक्दैन ।

अल्पकालिन फाईदाको भ्रममा परेर संचालित, विकसित र अविकसित दुवै देशहरुका होमस्टे पर्यटनमा यस्ता समस्याहरु बेग्लाबेग्लै ढंगले देखा परिसकेका पनि छन् । विकसित देशहरुले यसको स्वरुप छोटै अवधिमा परिमार्जन वा परिवर्तन गरेका छन् भने हामीजस्ता देशहरुले उनीहरुको मुखताक्न परिरहेको अवस्था पनि छ । होमस्टे पर्यटनलाई कार्यमूलक बनाउनुभन्दा अगाडी यसको पनि विश्लेषण हुनुपर्छ अनि त्यसको आधारमा नेपालको भौगोलिक अवस्था, पूर्वाधारहरुको विद्यमान स्वरुप, धर्म संस्कृति, स्थानीय सामाजिक संरचना, चेतनाको स्तरलगायतका विषयहरलाई मापन गरी व्यबस्थापनका सवालहरु फरक फरक रुपमा बन्नुपर्दछ । जसले यसलाई नियमित र व्यवस्थित गर्न सकोस । होमस्टे वास्तवमा कुनै पर्यटकको आफ्नो रुची र ईच्छा अनुसारको विषयमा स्थलगत रुपमा आफैं साक्षत्कार हुने निश्चित दिन वा अवधिको यात्रा हो । आनन्द, मनोरञ्जन साथै ज्ञानका लागि यो नितान्त आर्थिक कारोवारमा हुने सेवामूलक र धुँवा रहित उद्योग व्यवसाय हो ।

## नेपालमा होमस्टे पर्यटन

पर्यटनको केही सैद्धान्तिक आधार भएपनि यसको व्यवस्थापन र स्वरुप संसारमा गणितीय हिसावमा मिल्नुपर्छ भन्ने छैन । आज नसोचिएका कुरा र बिषय भोली पर्यटनमा समावेश हुन्छन् । किन भने यो नितान्त मानवीय चाहना र परिवर्तनसँग समाहित हुन्छ र हुदै आउछ । नेपालको सम्बन्धमा होमस्टे नयाँ शब्द भएपनि परम्परा पुरानै हो, मूल कुरो भनेको व्यवसायिकरण मात्र हो । हामी पाहुनाई खर्च गरेर खुशी बनाउने गर्दथ्यौं भने अव होमस्टेमा हामीले निर्धारण गरेको सुविधामा उनीहरुले खर्च गरेको आधारमा सेवा उपलब्ध गराएर उनीहरुलाई पल्काउने प्रयास गर्दछौं । नेपालको कानुनले यसको होमस्टेको विधिवत व्यवस्था गर्नुभन्दा १५/१६ बर्ष अगाडीदेखि नेपालका गाँउहरुमा समुदायको सक्रियतामा यस्तै कार्यक्रमहरु सञ्चालित हुदै आएका छन् । केही सहर र धार्मिक स्थलहरुमा व्यक्ति विशेषले पनि यसलाई संचालनगरी फाईदा उठाईरहेकै छन् । जसको अनुभव, फाईदा र समस्याहरु मूल्याङ्कन भए अहिलेको सन्दर्भमा धैरै उपयोगी हुन सक्दछन् ।

नेपालको प्राकृतिक तथा सांस्कृतिक सम्पदा र भौगोलिक अवस्थाले निर्माण गराएको प्रत्यक्ष (Live) परम्परा, संस्कार र सामाजिक स्वरुप, लोक परम्परा, विविध कृषि प्रणाली जस्ता कुराहरु विदेशी पर्यटकको साथै स्वदेशकै सुगम क्षेत्रका पर्यटकहरुका लागि अतुलनीय, रोमान्चक र मनोरञ्जनपूर्ण छन् । नेपालमा यस्ता विषयगत कुराहरुको खोजी, पहिचान, अध्ययन र त्यसको होमस्टे सँगको नाता गाँस्न सके

गाँउ र सहर दुवैमा होमस्टे पर्यटनको प्रचुर सम्भावना छ । पर्यटकीय उत्पादन, योजना र विकास, बजार व्यवस्थापन, बितरण र प्रवर्द्धन यसका आधारशिलाहरु हुन् । होमस्टेको व्यवस्थापन नीति नियमका आधारमा राष्ट्रिय स्वार्थभन्दा विपरित हुनुहुदैन । यो नेपालको ग्रामिण क्षेत्रको विकास एवं परिवर्तन र त्यहाँ उपलब्ध प्राकृतिक र सांस्कृतिक सम्पदाको राम्रो बजार हो । जसले समग्र देशकै विकासमा धेरै महत्व राख्दछ ।

नेपालको सन्दर्भमा होमस्टे पर्यटन नमुनागत र प्रस्तावित दुई रुपमा सामुदायिक पहलमा संचालन गर्दै जानु उपयुक्त हुन्छ । अहिले यसले कानुनी मान्यता पाईसकेको छ । अहिले पनि होमस्टे पर्यटनको जग बसिसकेका केही स्थानहरु वाहेकका क्षेत्रहरुमा यसलाई बाह्रैमास संचालन गर्नु पनि हुदैन । विशेषत सांस्कृतिक पर्यटनको हिस्सामा समेटिने होमस्टे पर्यटनका लागि सम्बन्धित समुदायको क्यालेण्डरलाई फोकस बिन्दु मानिनु पर्दछ । सांस्कृतिक बिषयमात्र होईन नेपालको कृषि प्रणाली र प्राकृतिक मौसम एवं बातावरण पनि यसमा समावेश गर्न सकिन्छ । जसले यसलाई सम्बन्धित समाजमा थप नगदेबालीको रुपमा उनीहरुको आर्थिक गतिविधिमा स्थापित गराउन सकियोस ।

नेपालको शैक्षिक स्तर, व्यवसायिक विकास, धार्मिक, सांस्कृतिक र सामाजिक परम्परा, चेतना तथा नेपालमा भएको आन्तरिक पर्यटन र नेपाल प्रवेश गर्ने विश्व पर्यटकका स्तर, चाहना र लगानीका अर्थमा होमस्टे पर्यटन सामुदायिक रुपमा अधिक प्रभावकारी एवं राम्रो हुन्छ र त्यही सम्भावना देखिन्छ । नेपालमा होमस्टे संचालनका लागि राज्यको मूल नियमको आधारमा सम्बन्धित क्षेत्र वा समुदायको बेग्ला बेग्लै नियम र कार्यप्रणाली बन्नु पर्दछ । समाजमा आर्थिक उपयोगिताको लागि व्यक्तिगत र समुदायको लगानी, आम्दानी र कर प्रणाली जस्ता विषयहरु पारदर्शी हुनुपर्दछ । यसले सम्बन्धित समुदायलाई जिम्मेवारी र दायित्वको बोध पनि गराउन सक्दछ । यस्ता विषयहरुमा समस्यामूलक समाधानका लागि कानुनी प्रकृया भिन्दा भिन्दै रुपमा पनि संशोधित वा परिमार्जित हुदै जानु पर्दछ । होमस्टे पर्यटन नेपालमा बढ्दै गएको असमान विकास र विविधताले गर्दा नेपालको आन्तरिक पर्यटनको पनि सहज र ठूलो हिस्सा बन्न सक्छ भने विश्व पर्यटनको त सदावहार बजार बन्न जान्छ ।

## नेपालमा होमस्टे पर्यटन संचालनः

नेपालमा होमस्टे संचालन कार्यविधि २०६७ साल (२०६७/४/३ मा नेपाल सरकारबाट स्वीकृत) मा जारी भएपछि पर्यटन मन्त्रालय पर्यटन विभाग अन्तर्गत देशका विभिन्न स्थानहरुमा ७ वटा पर्यटन कार्यालयहरु

(पर्यटन विभाग भृकुटी मण्डप, काठमाडौं, पर्यटन कार्यालय पोखरा, पर्यटन कार्यालय काँकडभिट्टा, पर्यटन कार्यालय जनकपुर, पर्यटन कार्यालय बिरगंज, पर्यटन कार्यालय भैरहवा, पर्यटन कार्यालय कोहलपुर बाँके, पर्यटन कार्यालय नाम्चे बजार सोलुस्थापना भई नेपालमा पर्यटन प्रवर्द्धन गर्ने कार्य भईरहेको छ । पर्यटन कार्यालयहरुको समन्वयमा देशका पाँचै विकास क्षेत्रमा सामुदायिक रुपमा र निजी किसिमले दर्ता गरेर र दर्ता नै नगरीकन होमस्टे संचालन भएको पाईएको छ । पर्यटन विभागले तयार पारेको होमस्टे डाईरेक्टरीमा दर्ता भई  संचालन भएका होमस्टेहरुको संख्या ९१ रहेको देखिन्छ भने तारा गाँउ विकास समितिले २९-३० असार २०७० मा पोखरामा सम्पन्न दोश्रो होमस्टे राष्ट्रिय कार्यशाला गोष्ठीमा नेपाल पर्यटन बोर्डका निर्देशक काशीराज भण्डारीले प्रस्तुत गर्नुभएको "होमस्टे(घरबास)को प्रचार प्रसार,प्रवर्द्धन र बजारीकरण" शीर्षकको कार्यपत्रमा हालसम्म नेपालमा ८९४ वटा होमस्टे संचालनमा रहेको र यिनीहको कोठा संख्या १४२८ र बेड क्षमता २९७१ रहेको उल्लेख गरिएको छ । उक्त कार्यपत्र अनुसार दर्ता भएर संचालित होमस्टेको संख्या ५४१ र दर्ता नगरी संचालन भएका होमस्टेको संख्या ३५३ रहेको उल्लेख गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पर्यटन विभागको रेकर्डमा २०७२ चैत्र १५ गतेसम्म दर्ता भएका होमस्टेहरुको संख्या २१९ रहेको छ (पराजुली,गीता) ।

## ४.३. होमस्टे सम्बन्धी स्थलगत अध्ययन अवलोकन, तथ्याङ्क संकलन तथा विश्लेषण

नेपालमा होमस्टेको वर्तमान अवस्थाको वारेमा स्थलगत अध्ययन अवलोकन गर्ने क्रममा यो शोधार्थी, शोध निर्देशक प्रा.डा. बीणा पौड्याल, पर्यटनकर्मी श्री विनोद घिमिरेले २०७२ फागुन २८ गते देखि चैत्र २ गते सम्म लम्जुङ्गको भुजुङ्ग र घलेगाँउमा संचालित होमस्टेको स्थलगत अवलोकन, अध्ययन तथा होमस्टे बसाई, खानपिन र स्वागत सत्कारको अनुभव गरिएको थियो । त्यसै गरी मिति २०७२ साल चैत्र ५ गते देखि ८ गते सम्म यो शोधार्थीले मकवानपुर जिल्लाको चित्लाङ्गको स्थलगत अवलोकन, अध्ययन तथा हामेमस्टे बसाई, खानपिनको प्रत्यक्ष अनुभव लिने अवसर प्राप्त भएको थियो । स्थलगत अध्ययनको क्रममा २६ प्रश्नावली संलग्न भएको सर्वे फारमलाई लम्जुङ्गको भुजुङ्गका जम्मा १६ होमस्टे संचालक मध्ये ६, घले गाँउका जम्मा २९ होमस्टे संचालक मध्ये १२ र मकवानपुरको चित्लाङ्गका सम्पूर्ण होमस्टे संचालक ६ परिवारहरुसँग जानकारी लिईएको थियो ।  स्थलगत सर्वेक्षणको क्रममा होमस्टे संचालकहरु र होमस्टे संचालन नगर्ने महानुभावहरु, माध्यमिक विद्यालयका प्रधानाध्यापक, शिक्षक शिक्षिकाहरु, सामाजिक संघसंस्था, स्थानीय क्लवका पदाधिकारीहरु, संस्कृतिकर्मी, पर्यटन व्यसायी, कृषक, उद्यमी,

गृहिणी, स्थानीय यातायात व्यवसायीहरुसँग भएको साक्षात्कार, अन्तर्वार्ता, छलफल र प्रश्नावली भर्दा प्राप्तभएको निश्कर्ष यस प्रकार रहेको छ ।

१. यहाँले होमस्टे संचालन गर्नु भएको कति बर्ष भयो ?

यहाँले होमस्टे संचालन गर्नु भएको कति बर्ष भयो भन्ने जिज्ञाषामा १६ जनाले ५ बर्ष भन्दा बढि बताउनु भयो भने ५ जनाले १ देखि ३ बर्ष सम्म र ३ जनाले ४ देखि ५ बर्ष भएको जानकारी गराउनु भएको थियो । यस क्रममा लम्जुङ्गको घलेगाँउमा १२ परिवारले नै ५ बर्षभन्दा अगाडीदेखि होमस्टे संचालन गर्दै आउनु भएको पाईयो भने भुजुङ्गमा ४ देखि ५ बर्षका बढि र चित्लाङ्गमा १ देखि ३ बर्ष संचालन गर्ने बढि भएको पाईयो ।

२. यहाँलाई होमस्टे संचालन गर्ने प्रेरणा कहाँबाट प्राप्त भयो ?

होमस्टे संचालनको प्रेरणा सम्बन्धी जिज्ञाषामा आफ्नै मनबाटमा १२ जना, संघ संस्थाबाटमा ९ जना, नेपाल सरकारबाट भन्नेमा ३ जना पाईयो । आफ्नै मन वा ईच्छाबाट संचालन गर्ने कुरा बढिले बताउनु भएकोले दिगोपन र निरन्तरताको सम्भावना देखिन्छ ।

३. यहाँको होमस्टेमा पाहुनाहरु प्राय कुन माध्यमबाट आउछन् ?

पाहुनाहरु आउने माध्यम वारेको जिज्ञाषामा आफन्तको सम्पर्कबाट ६ जना, विदेशबाट १ जना, संचार माध्यमबाट ९ जना र आफ्नै व्यवहार र परिकारबाट प्रभावित भएर ८ जना आउने वहाँहरुले जानकारी गराउनु भएको थियो । एक पटक आएका पाहुनाहरु पछि पनि आउने साथै वहाँहरुको माध्यमबाट पछि पाहुनाहरु आउने गरेको जानकारी प्राप्त भएको थियो ।

४. यहाँले होमस्टे संचालन गर्ने क्रममा शुरुमा श्रोत/ रकम कसरी जुटाउनु भयो ?

होमस्टे संचालनको शुरुमा जुटाएको श्रोत सम्बन्धी जिज्ञासामा १७ जनाले आफ्नै कमाईबाट, ५ जनाले संघसंस्थाबाट ऋण लिएर, १ जनाले छिमेकी/आफन्तबाट सापटी लिएर र १ जनाले नेपाल सरकारको सहयोगबाट संचालन गरेको जानकारी गराउनु भएको थियो ।

५. यहाँले होमस्टे संचालनको शुरुवात कति रकमबाट गर्नुभएको थियो ?

होमस्टे संचालनको शुरुवात कति रकमबाट गरिएको थियो भन्ने जिज्ञाषामा ८ जनाले रु.पचासदेखि पचहत्तर हजार, अन्य ८ जनाले नै रु.दसदेखि पचास हजार, ६ जनाले रु.पाँचदेखि दस हजारबाट र २ जनाले पचहत्तर हजार भन्दा बढिबाट शुरु गरेको बताउनु भएको थियो ।

६. यहाँको होमस्टेमा आएका पाहुनाहरु एक पटकमा औसत कति दिनसम्म बस्छन् ?

होमस्टेमा आउने पाहुनाहरुको औसतः बसाई वारेको प्रश्नमा ११ जनाले १ दिन, पुनः ११ जनाले नै २ देखि ५ दिन बस्ने जानकारी दिनु भएको थियो भने १ जनाले ५ देखि ७ दिन र पुनः १ जनाले ७ दिनभन्दा बढि बस्ने कुरा बताउनु भएको थियो ।

७. यहाँले होमस्टेमा आएका एक जना पाहुना बराबर दैनिक सरदर कति आम्दानी गर्नुहुन्छ ?

होमस्टेमा आउने एक जना पाहुना बराबर दैनिक सरदर कति रकम पाउनुहुन्छ भन्ने जिज्ञाषामा ११ जनाले रु.६०० देखि १००० सम्म, पुन: ११ जनाले नै रु.३०० देखि ५०० सम्म पाउने कुरा बताउनु भएको थियो भने २ जनाले रु.१००० भन्दा बढि प्राप्त गर्ने बताउनु भएको थियो ।

८. यहाँले पाहुनाहरुलाई सत्कार गर्ने बस्तु कसरी जुटाउनु हुन्छ ?

पाहुनाहरुलाई सत्कार गर्ने बस्तुहरु यहाँले कसरी जुटाउनु हुन्छ भन्ने जिज्ञाषामा १८ जनाले आफ्नै स्थानीय उत्पादनबाट सेवा पु-याउने बताउनु भएको थियो भने ६ जनाले स्थानीय बजारमा खरिद गरेर ल्याई पाहुनाको सत्कार गर्ने बताउनु भएको थियो । विषादी रहित स्थानीय उत्पादनबाट पाहुनाहरुको सेवा गरिने भएकोले पनि होमस्टेमा पाहुनाहरुको आकर्षण बढेको पाईयो ।

९.यहाँकोमा आउने पाहुनाहरुको व्यवहार, यहाँले प्रदानगर्ने सेवा र प्राप्त गर्ने रकमबाट यहाँ सन्तुष्ट हुनुहुन्छ ?

होमस्टेमा आउने पाहुनाहरुको संचालक प्रतिगर्ने व्यवहार र प्राप्त गर्ने रकमबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ भन्ने जिज्ञाषामा १८ जनाले पूर्ण सन्तुष्ट रहेको बताउनु भएको थियो । त्यसै गरी ३ जनाले थोरै सन्तुष्टी रहेको र बाँकी ३ जनाले सन्तुष्ट छैन भनी जानकारी गराउनु भएको थियो ।

१०. होमस्टेको अवधारण आउनुभन्दा अगाडी र होमस्टे सञ्चालन भएपछि आउने पर्यटकको संख्या बढेको छ की छैन ?

होमस्टेको अवधारण आउनुभन्दा अगाडी र होमस्टे सञ्चालन भएपछि आउने पर्यटकको संख्या वारेको जिज्ञाषामा २१ जनाले होमस्टे सञ्चालन भएपछि पर्यटकको संख्या उल्लेख्य रुपमा बढेको वताउनु भएको थियो । त्यसै गरी २ जनाले संख्या उस्तै रहेको र १ जनाले पाहुनाको संख्या अझ घटेको वताउनु भएको थियो ।

११. होमस्टेको अवधारण आउनु भन्दा अगाडी र होमस्टे सञ्चालन भएपछि आउने पर्यटकको स्तर बढेको छ की छैन ?

होमस्टेको अवधारण आउनुभन्दा अगाडी र होमस्टे सञ्चालन भएपछि आउने पाहुनाहरुको स्तर (खर्च गर्ने क्षमता) वारेको जिज्ञाषामा १७ जनाले होमस्टे सञ्चालन भएपछि पाहुनाको स्तर बढेको वताउनु भएको थियो । त्यसै गरी ५ जनाले केह स्तर बढेको जानकारी दिनु भएको थियो भने २ जनाले पाहुनाको स्तर तथा खर्च गर्ने क्षमता बढेको छैन अर्थात उस्तै रहेको वताउनु भएको थियो ।

१२. होमस्टेमा आउने पाहुनाहरुबाट होमस्टे सञ्चालकहरु माथि गरिने व्यवहार कस्तो छ ?

पाहुनाहरुबाट होमस्टे सञ्चालकहरु माथि गरिने व्यवहार वारेको जिज्ञाषामा २३ जनाले आदरपूर्ण रहेको भनि खुशी व्यक्त गर्नु भएको थियो । त्यसै गरी १ जनाले होमस्टेमा आउने पाहुनाहरुले गरिने व्यवहार सामान्य रहेको वताउनु भएको थियो ।

१३. होमस्टे सम्बन्धी आधारभूत/विशेष तालिम लिनु भएको छ ?

होमस्टे सम्बन्धी आधारभूत/विशेष तालिम लिनु भएको छ भन्ने प्रश्न राख्दा २१ जनाले आधारभूत तालिम लिएको बताउनु भएको थियो भने २ जनाले जिल्ला भन्दा वाहिर गएर यस सम्बन्धी तालिम लिएको भन्नु भएको थियो । त्यसै गरी एक जनाले भने तालिम लिने मौका नपाएको तर आफू होमस्टेको तालिम लिन ईच्छुक रहेको कुरा वताउनु भएको थियो ।

१४. होमस्टे सञ्चालन कार्यमा महिला बढी हुनुहुन्छ की पुरुष बढी हुनुहुन्छ ?

होमस्टे सञ्चालन कार्यमा महिला र पुरुषको सहभागिता वारेको जिज्ञाषामा १५ जनाले महिलाको सहभागिता बढि रहेको कुरा वताउनु भएको थियो । त्यसै गरी ९ जनाले दुबै बराबरी मिलेर चलाएको जानकारी दिनु भएको थियो । यसको आधारमा विश्लेषण गर्दा होमस्टे संचालनबाट महिलाको आर्थिक सवलता बढ्नुको साथै आर्थिक कारोवार महिलाको नियन्त्रणमा रहनाले महिला सशक्तिकरणमा सहयोग पुगेको देखिन्छ ।

१५. यहाँहरुलाई होमस्टे सम्बन्धी तालिमको आवश्यकता छ ?

होमस्टे सम्बन्धी थप तालिमको आवश्यकता वारे जिज्ञाषा राख्दा १५ जनाले थप तालिम तथा पूनर्ताजगी तालिमको आवश्यकता रहेको बताउनु भएको थियो । त्यसै गरी ९ जनाले होमस्टे ब्यवस्थापन, कुक, टुरगाईड सम्बन्धी तालिम लिन आवश्यक रहेको वताउनु भएको थियो ।

१६. होमस्टे सञ्चालनबाट आफ्नो संस्कृतिमा पारेको सकारात्मक प्रभावहरु के के छन् ?

स्थलगत भेटघाट तथा छलफल गर्ने क्रममा होमस्टे सञ्चालनबाट आफ्नो संस्कृतिमा पारेको सकारात्मक प्रभावहरुको वारेमा जिज्ञाषा राख्दा लम्जुङ्गको घले गाँउ र भुजुङ्गमा राडी पाखी, बख्खु, लुकुनी, माहुरीको मह, गुन्दुक जस्ता स्थानीय सांस्कृतिक उत्पादनहरुको बिक्री भई आम्दानीमा बृद्धि हुनाको साथै संस्कृति बचाईराख्न सहयोग पुगेको बताउनु भएको थियो । त्यसै गरी मकवानपुरको चित्लाङ्गमा बाख्राको चिज, भूईस्याउ, सिन्की, ट्राउड माछा, ध्यू आदिको बिक्रीबाट स्थानीय समुदायको आम्दानीमा बृद्धि भएको वताउनु भएको थियो । वहाँहरुले होमस्टेको संचालन भएपछि पाहुनाहरुको अनुरोध अनुसार आधारभूत शुल्कः लिएर घाटु, कृष्णलिला, सोरठी, घ्याक्रे, कार्तिक नाच, बालन जस्ता नाचहरु देखाउने गरिएको र त्यसले गर्दा नयाँ पुस्ताहरुले यस्ता नाँच तथा यसमा प्रयोगमा आउने जातिय पोषाक वारे जानकारी पाउनाको साथै संस्कृति संरक्षणमा सहयोग पुगेको जानकारी दिनुको साथै आफ्नो ठाँउको प्रचार प्रसार भएको बताउनु भएको थियो ।

१७. होमस्टे सञ्चालनबाट आफ्नो संस्कृतिमा पारेको नकारात्मक प्रभावहरु के के छन् ?

स्थलगत भेटघाट तथा छलफल गर्ने क्रममा होमस्टे सञ्चालनबाट आफ्नो संस्कृतिमा पारेको नकारात्मक प्रभावहरुको वारेमा जिज्ञाषा राख्दा संस्कृतिमा त्यस्तो नकारात्मक कुनै प्रभाव नपरेको बताउदै पाहुनाहरु धेरै संख्यामा आउने जाने हुँदा होहल्ला हुने गरेको साथै बातावरणमा नकारात्क प्रभाव तथा परिवर्तन देखिन थालेको उल्लेख गर्नु भएको थियो ।

१८. होमस्टेमा आउने कानुनी दम्पत्तिहरु मात्र एकै ठाँउमा बस्छन् कि कानुनी प्रकृया नपु-याएका पनि सँगै बस्छन् ?

पहुनाहरुको बसाईको वारेमा जिज्ञाषा राख्दा होमस्टेमा आउनेहरुको विवरण दर्ता किताबमा राखिने हुँदा कति जना बस्ने ? नाता सम्बन्ध के ? कति दिन बस्ने आदि कुराहरु खुलाईने भएकोले कानुनी दम्पत्ति मात्र एक ठाँउमा बस्ने गरेको वताउनु भएको थियो । केहीले भने आफूहरुले केरकार गरेर नसोधी उनीहरुले भने बमोजिम राख्ने गरेको  जानकारी दिनु भएको थियो । लम्जुङ्गका एक होमस्टे संचालिकाले यो सर्वेक्षणकर्ता जानभन्दा केही दिनमात्र अगाडी आफ्नो होमस्टेमा १४ जना बस्न आएको, क्षमताले भ्याउदैन बाडिएर बस्नुहोस भन्दा एकै ठाँउमा नछुट्टीकन बस्ने बताएपछि एकै ठाँउमा पूर्व शिरानी लगाएर केटी सात जना र पश्चिम शिरानी लगाएर केटा सात जनालाई सुताएको कुरा समेत बताउनु भएको थियो ।

१९. होमस्टेको प्रचार प्रसार स्वदेशीले  की विदेशीले  बढि गरेका छन् ?

होमस्टेको प्रचार प्रसार वारेको जिज्ञाषामा प्राय सबैले नेपाली दाजुभाई दिदी वहिनीहरुले प्रचार प्रसारमा सहयोग गरेको बताउनु भएको थियो ।  विदेशी पाहुनाहरु खुशी भएर फर्किएको, टाढा रहने भएकोले उनीहरु केही बर्षको फरकमा मात्र आउने अनुभव सुनाउनु भएको थियो । नेपालीहरुले आफ्नो अनुभव साथी, आफन्त, ईष्टमित्रलाई भन्ने, फेसबुकमा राख्ने, पत्रपत्रिकामा लेखरचना प्काशन गर्ने, रेडियो टेलिभिजनमा समाचार तथा कार्यक्रम प्रसारण गर्ने गरेकोले अरु पाहुनाहरु पनि आउने पछि पनि दोहोराएर उनीहरु आउने गरेको जानकारी दिनु भएको थियो ।

२०.होमस्टेमा स्वास्थ्य तथा सरसफाई सम्बन्धी कस्तो व्यवस्था गरिएको छ ?

होमस्टेमा भएको स्वास्थ्य तथा सरसफाई सम्बन्धी जिज्ञाषामा सबैकोमा शौचालयको व्यवस्था गरिएको, सफा तथा स्वच्छ पिउने पानीको व्यवस्था भएको कुरा वताउनु भएको थियो । यो सर्वेक्षणकर्ताले प्रत्यक्ष अवलोकन गर्दा बाटो देखि आवास सम्मको सफाईमा ध्यान दिएको पाईयो भने शौचालयमा दुई किसिमको प्यान एउटै कोठामा व्यवस्था गरेको पनि पाईयो ।

२१. होमस्टेमा पाहुनाहरुलाई मनोरञ्जन गराउने प्रकृया के के छन् ? कसरी मनोरञ्जन गराउनु हुन्छ ?

होमस्टेमा आउने पाहुनाहरुलाई मनोरञ्जन गराउने प्रकृया तथा तरिका बारेको जिज्ञाषामा राम्रो स्वागत सत्कार गर्ने, मिठो,स्थानीय स्वस्थ्यकर खाना ख्वाएर, स्थानीय संस्कृति झल्कने नाँचगान देखाएर, हिमाल पहाड, चिया वगानको दृश्यावलोकन गराएर, लोकल रक्सी, कोदोको पिठोको सेल रोटी ख्वाएर, क्याम्प फायर गराएर तथा उपहार प्रदान गरेर मनोरञ्जन प्रदान गर्ने गरेको बताउनु भएको थियो ।

२२. आफ्नो खानपान तथा संस्कृति प्रति गर्भ गर्नु हुन्छ की हुदैन ? कस्तो सोच्नु हुन्छ ?

होमस्टे संचालकहरुसँग आफ्नो खानपान तथा संस्कृति प्रतिको धारणा सम्बन्धी जिज्ञाषामा सम्पूर्ण सहभागीले आफ्नो संस्कृति तथा संस्कार खासगरी खानपान प्रति गौरव रहेको कुरा वताउनु भएको थियो । आफ्नो संस्कृति र ब्यवहारको कारणले पाहुनाहरु आफ्नोमा आउने गरेको बिचार ब्यक्त गर्नुभएको थियो । वहाँहरुले आफ्नो संस्कृतिको गर्भसाथ पालना गर्ने र अरुको संस्कृतिलाई सम्मान गर्ने कुरा बताउनु भएको थियो ।

२३..होमस्टे ब्यवसायलाई भविष्यमा अगाडी बढाउन यहाको कस्तो योजना छ ? अन्य निकायबाट कस्तो सहयोगको आशा राख्नु भएको छ ?

होमस्टे ब्यवसायलाई भविष्यमा अगाडी बढाउने योजना वारेको जिज्ञाषामा उहाँहरुले पाहुनाको लागि कोठाहरु बढाउने, थप कटेजहरु बनाउने, तातोपानीको लागि सोलार प्यानल राख्ने, पार्क बनाउने, दृश्यावलोकनको लागि घोडाको ब्यवस्थापन गर्ने, आफूले शुरु गरेको ब्यवसायको प्रचार प्रसार गर्ने लगायतका आ आफ्ना योजना बताउनु भएको थियो ।

२४..यहाँहरुले संचालन गर्नु भएको होमस्टे सम्बन्धी अनुसन्धान ⁄प्रकाशन भएको छ की छैन ? भएको छैन भने के गर्न आवश्यक छ ?

होमस्टे सम्बन्धी अनुसन्धान ⁄प्रकाशन भए नभएको सौ प्रचारको कत्तिको आवश्यक रहेको छ भन्ने जिज्ञाषामा लम्जुङ्गको घलेगाँउको नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन, एभिन्युन टेलिभिजन, रेडियोहरु र पत्रपत्रिकामा प्रशारण तथा प्रकाशन भएको बताउनु भएको थियो । त्यसै गरी लम्जुङ्गको भुजुङ्ग र मकवानपुरको चित्लाङ्गको वारेमा भने एक दुई पटक रेडियो, टेलिभिजनले समाचार दिएको, केही पत्रपत्रिकामा प्रकाशन भएको साथै सञ्चार माध्यमलाई थप प्रचार प्रसारको लागि अनुरोध गरीरहेको बताउनु भएको थियो ।

२५. यहाँहरुको होमस्टेको लागि उपयोगी तथा सहयोगी सामग्री तयार भएमा प्रकाशन गर्न कस्तो मद्दत गर्नु हुन्छ ?

होमस्टेको प्रचार प्रसारको लागि उपयोगी तथा सहयोगी सामग्री तयार भएमा प्रकाशन प्रसारणमा गर्नसकिने सहयोग वारेको जिज्ञाषामा प्रचार प्रसार गर्ने ब्यक्तिलाई सम्मान गरिने, खाना तथा आवासमा सहुलियत प्रदान गर्ने कुरा वताउनु भएको थियो । प्रचार प्रसारमा सहयोग गर्ने ब्यक्तिलाई समिति मार्फत आर्थिक सहयोग गर्न पनि सकिने कुरा बताउनु भएको थियो । वहाँहरुसँग गरिएको छलफल तथा प्रनावलीमा आएको जवाफलाई तालिकामा यस प्रकार प्रस्तुत गरिएको छ ।

२६. होमस्टे संचालित स्थानहरुमा कस्तो सुरक्षा प्रावधान छ ?

नेपालमा होमस्टे संचालित स्थानहरु मध्ये लम्जुङ्गको भुजुङ्ग, घले गाँउ र मकवानपुरको चित्लाङ्गको स्थलगत अध्ययन तथा अवलोकन गर्ने क्रममा सबै स्थानमा सुरक्षित महशुस गरें । सरकारी सुरक्षा प्रवन्ध अन्तर्गत चित्लाङ्गमा प्रहरी चौकी २०७२ वैशाख १२ को विनाशकारी भूकम्प पश्चात अस्थायी टहरामा संचालित गाँउलेहरुको सहयोग र साथमा पाईयो भने भुजुङ्ग र घले गाँउमा प्रहरी चौकी नभए पनि स्थानीय वासिन्दा र त्यहाँ जाने पाहुनाहरु सुरक्षाको दृष्टीले निश्चिन्त पाईयो । आफू बसेको कोठामा ताला नलगाउँदा पनि सामग्रीहरु सुरक्षित अवस्थामा रहे । अचम्म अनुभव त के भयो भने गाँउमा सर्वेक्षणको लागि जाँदा आफू बसे वाहेकका होमस्टे संचालकहरुले पनि चिया, कफि,दूध, फलफूल लगायतबाट सत्कार गरेको र साझा पाहुना मानी कसैसँग पनि पैसा नलिने चलन गरेको बताउनु भयो । तीनै स्थानहरुको करिब आठ दिनको अध्ययन तथा अवलोकनको क्रममा घले गाँउमा १ र चित्लाङ्गमा १ वाहेक कहीं पनि कुकुर भेटिएन, कुकुरले पर्यटकलाई त्रसित नबनावस भनेर नपालेको हुन सक्छ ।

तालिका नं.१.

| क्र.स | प्रश्नहरु | (क) | (ख) | (ग) | (घ) | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | यहाँले होमस्टे संचालन गर्नु भएको कति बर्ष भयो ? | | ५ | ३ | १६ | २४ |
| २ | यहाँलाई होमस्टे संचालन गर्ने प्रेरणा कहाँबाट प्राप्त भयो ? | १२ | | ९ | ३ | २४ |
| ३ | यहाँको होमस्टेमा पाहुनाहरु प्राय कुन माध्यमबाट आउछन् ? | ६ | १ | ९ | ८ | २४ |
| ४ | यहाँले होमस्टे संचालन गर्ने क्रममा शुरुमा श्रोत/ रकम कसरी जुटाउनु भयो ? | १७ | १ | ५ | १ | २४ |
| ५ | यहाँले होमस्टे संचालनको शुरुवात कति रकमबाट गर्नुभएको थियो ? | ६ | ८ | ८ | २ | २४ |
| ६ | यहाँको होमस्टेमा आएका पाहुनाहरु एक पटकमा औसत कति दिनसम्म बस्छन् | ११ | ११ | १ | १ | २४ |
| ७ | यहाँले होमस्टेमा आएका एक जना पाहुना बराबर दैनिक सरदर कति आम्दानी गर्नुहुन्छ ? | | ११ | ११ | २ | २४ |
| ८ | यहाँले पाहुनाहरुलाई सत्कार गर्ने बस्तु कसरी जुटाउनु हुन्छ ? | १८ | | ६ | | २४ |
| ९ | यहाँकोमा आउने पाहुनाहरुको व्यवहार, यहाँले प्रदान गर्ने सेवा र प्राप्त गर्ने रकमबाट यहाँ सन्तुष्ट हुनुहुन्छ ? | १८ | ३ | | ३ | २४ |
| १० | होमस्टेको अवधारण आउनुभन्दा अगाडी र होमस्टे सञ्चालन भएपछि आउने पर्यटकको संख्या बढेको छ की छैन ? | २१ | | १ | २ | २४ |
| ११ | होमस्टेको अवधारण आउनुभन्दा अगाडी र होमस्टे सञ्चालन भएपछि आउने पर्यटकको स्तर बढेको छ की छैन ? | १७ | २ | | ५ | २४ |
| १२ | होमस्टेमा आउने पाहुनाहरुबाट होमस्टे सञ्चालकहरु माथि गरिने व्यवहार कस्तो छ ? | २३ | १ | | | २४ |
| १३ | होमस्टे सम्बन्धी आधारभूत / विशेष तालिम लिनु भएको छ ? | २१ | | १ | २ | २४ |
| १४ | होमस्टे सञ्चालन कार्यमा महिला बढी हुनुहुन्छ की पुरुष बढी हुनुहुन्छ ? | १५ | | ९ | | २४ |
| १५ | यहाँहरुलाई होमस्टे सम्बन्धी तालिमको आवश्यकता छ ? | १५ | | ९ | | २४ |

स्थलगत अध्ययन तथा अवलोकन गरिएका लम्जुङ्ग जिल्लाका घले गाँउ, भुजुङ्ग र मकवानपुर जिल्लाको चित्लाङ्गको तुलनात्मक अध्ययन गर्दा पाईएको अवस्था यस प्रकार छ।

तलिका नम्बर-२

| घलेगाँउ | भुजुङ्ग | चित्लाङ्ग |
|---|---|---|
| ग्रामिण यातायातले जोडिएको कच्ची बाटोमा जपि सुविधा भएको। | ग्रामिण यातायात कच्ची बाटोले गा.वि.स.लाई जोडेको होमस्टेसम्म पुग्न ढुङ्गा छापेको उकालो ओरालो हिड्नु पर्ने | कच्चि बाटोमा जपि र मिनी बसको सुविधा भएको। |
| राजधानी काठमाडोबाट करिव २०५ | राजधानी काठमाडोबाट करिव २२० कि.मी. र | राजधानी काठमाडोबाट करिव २५ कि.मी. र |

| | | |
|---|---|---|
| कि.मी. र सदरमुकाम बेशीसहरबाट करिव २६ कि.मी.को दूरीमा अवस्थिति | सदरमुकाम बेशीसहरबाट करिव ४१ कि.मी.को दूरीमा अवस्थिति | सदरमुकाम हेटौडाबाट करिव ५० कि.मी.को दूरीमा अवस्थिति |
| करिव ११५ घरहरु रहेको सुन्दर सुन्दर गुरुङ्ग वस्तीमा २९ घरमा होमस्टे संचालन गरिएको | एक गा.वि.स.एक गाँउको रुपमा गुजुमुज्ज बाक्लो व्यवस्थित करिव ४५० घरहरु रहेको गुरुङ्ग बस्तीमा १६ घरमा होमस्टे संचालन गरीएको | करिव १५० घरहरु ४/५ वटा गाँउहरु रहेको पातलो बस्तीमा ६ घरमा होमस्टे संचालन गरीएको |
| गाँउ र बेंसी फरक फरक तथा टाढा रहेको | गाँउ र बेंसी फरक फरक रहेता पनि नजिके रहेको | गाँउ र बेंसी सँगै एकै स्थानमा रहेको |
| दक्षिण मोहोडा फर्किएको समथर भञ्ज्याङ्गको रुपमा रहेको बस्ती | उत्तर मोहोडा फर्किएको केही भिरालो बस्ती | उत्तर दक्षिण महाभारत पहाडको बिचमा पूर्व पश्चिम फैलिएको समथर बस्ती |
| घर भित्र र घर वाहिर सबैतर्फ सफाई व्यवस्था राम्रो भएको | घर भित्र भन्दा घर वाहिरको सफाइ व्यवस्था राम्रो भएको | घर वाहिरको तुलना भित्रको सफाई व्यवस्था राम्रो भएको |
| हिमाल, फँाट, चिया बगान, नदिको दृश्यावलोकन गर्न सकिने | चिया बगान, नदिको दृश्यावलोकन गर्न सकिने | फँाट, बाख्राको चिज कारखाना, सातधारा, ईन्द्रसरोवरको दृश्यावलोकन गर्न सकिने |
| स्थानीय ग्रामिण विद्युत आयोजना संचालन भएकोले विद्युत लोडसेडिङ्ग नहुने, चौविसै घण्टा विद्युत प्रवाह | स्थानीय ग्रामिण विद्युत आयोजना संचालन भएकोल विद्युत लोडसेडिङ्ग नहुने, चौविसै घण्टा विद्युत प्रवाह | कुलेखानी जलविद्युत आयोजना संचालन भएकोल विद्युत लोडसेडिङ्ग नहुने, चौविसै घण्टा विद्युत प्रवाह |
| पहुनाहरुको लागि प्रतिब्यक्ति प्रति दिन रु ८५० बराबरको आधाभूत प्याकेजको व्यवस्था | पहुनाहरुको लागि प्रति ब्यक्ति प्रतिदिन रु ८०० बराबरको आधाभूत प्याकेजको व्यवस्था | पहुनाहरुको लागि प्रति ब्यक्ति प्रति दिन रु १२०० बराबरको आधाभूत प्याकेजको व्यवस्था |
| अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना अन्तर्गत पेर्ने भएकोले होमस्टे संचालनमा आर्थिक तथा अन्य सहयोग प्रदान गरेको | अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना अन्तर्गत पेर्ने भएकोले होमस्टे संचालनमा आर्थिक तथा अन्य सहयोग प्रदान गरेको | कुलेखानी जलाधार क्षेत्र आयोजना अन्तर्गत पेर्ने भएकोले होमस्टे संचालनमा आयोजना/ जि.वि.स.ले आर्थिक तथा अन्य सहयोग प्रदान गरेको |
| होमस्टे व्यवस्थापन समिति मार्फत सामुदायिक होमस्टे मात्र संचालन भएको | होमस्टे व्यवस्थापन समिति मार्फत सामुदायिक होमस्टे मात्र संचालन भएको | होमस्टे व्यवस्थापन समिति मार्फत सामुदायिक होमस्टे मात्र संचालन भएको |

नेपालमा होमस्टे पर्यटन भौगोलिक आधारमा पनि धर्म, संस्कृति, परम्परा, जातजाति, कृषि एवं आर्थिक गतिविधि, प्राकृतिक सुन्दरता, जीवजन्तु तथा पंक्षी, बोट बिरुवा तथा जडीबुटी, हिमाल, ताल नदीका हिसावले विश्वभरका सबैखाले र सबै उमेरका लागि गन्तब्य स्थल हो । नेपालको होमस्टे पर्यटनले उनीहरुको रुचीलाई स्थलगत रुपमा नै साक्षत्कार गराउने भएकोले यो अध्ययन र अनुसन्धानको सजिलो माध्यम पनि बन्न सक्छ । विदा मनाउने वा मनोरञ्जन पर्यटन वा त्यससँग सम्बन्धित पर्यटक मात्र नभएर धर्म, संस्कृति, अनुसन्धानकर्ता वैज्ञानिक, विद्यार्थी, प्राध्यापक आदिको समेत होमस्टे पर्यटनमा

सहभागिता बढ्छ । विश्व सांस्कृतिक पर्यटनको बृद्धिको लागि त यो महत्वपूर्ण अंग नै हो जुन आफैं पनि नेपाल आउने पर्यटकको संख्या बृद्धि गर्ने ठूलो अभियान बन्नसक्छ । तर देश राजनैतिक सहमतिमा पर्यटनको लागि मात्र भए पनि शान्त बन्न सक्नु पर्दछ ।

विश्वमा देखिएको होमस्टे गतिविधिलाई हेर्दा र नेपालको सन्दर्भलाई जोड्दा मुख्यरुपमा जुन गाँउघर वा समुदायमा यसलाई संचालन गर्ने हो, त्यहाँ राज्यको पर्यटनसँग सम्बन्धित निकाय, स्थानीय प्रशासन र प्रहरी, समुदायका सम्बन्धित संस्था,होमस्टे संचालन गर्ने घरमूलीको समन्वय र सहयात्राको महत्वपुर्ण भूमिका हुनुपर्छ । यसले आफ्नो क्षेत्रमा हुने होमस्टेको परिचय, उद्धेश्य, लक्ष, आवासीय सेवा तथा सुविधा, बजार ब्यवस्था खर्च, लाभ आदिको योजना, दैनिकी र प्याकेज कार्यक्रमको निर्माण, स्वीकृति र कार्यान्वयन गर्नु गराउनु पर्छ । त्यहा राष्ट्रिय ऐन, नियम तथा नीतिका आधारमा ति कुराहरुको बजार ब्यवस्थापन गर्ने स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय पर्यटनसँग सम्बन्धित वा सो कार्यलाई व्यवसाय बनाउनेहरुको दरिलो बजार ब्यवस्थापन हुनुपर्छ । जसबाट होमस्टे पर्यटकहरु आफ्नो रुचीको पहिचान गर्न आफ्नो सुविधा, सहभागिता, आफूले गर्न हुने र नहुने कार्यका वारेमा सुसूचित हुन पाउँछन् र होमस्टे संचालक वा तिनका परिवार र पर्यटकबीच सौहाद्रपूर्ण सम्बन्ध स्थापित हुनसक्छ । जसबाट पर्यटक, होमस्टे संचालक, समुदाय र राष्ट्र सन्तुष्ट भएको महशुस गर्न सक्छ ।

नेपालमा होमस्टे संचालन, सुविधाको स्तर निर्धारण र उपलब्धता पनि फरक फरक स्थानमा फरक फरक हुनसक्दछ । यसको वर्गिकरण र उपयोगको विधि पनि फरक फरक हुनसकछन् । होमस्टे संचालक घरधनीबाट पाउन सक्ने सुविधा र त्यहा उपलब्ध हुननसक्ने तर आधुनिक जमाना अनुसार उपलब्ध हुनै पर्ने सुविधाहरु जस्तैः टेलिफोन, नेट, रेष्टुरेण्ट, यातायात, स्थानीय उत्पादनका बजार, बैकिङ्ग कारोबार, आफ्नो कला र संस्कृति अनुसारको मनोरञ्जन लगायतका कुराहरु सामूहिक रुपमा समुदायले होमस्टेको अवधिभरका लागि भएमात्र पनि अल्पकालीन रुपमा ब्यवस्थापन गर्नु पर्दछ । नेपालको विद्यमान आर्थिक अवस्था, सामाजिक संरचना र चेतनाको स्तरका कारण पनि होमस्टे पर्यटनको अनुगमन र कानुनी प्रावधान निकै दरिलो हुनुपर्छ र सम्झौतायुक्त हुनु हुदैन, किन भने यसका नकारात्मक प्रभावहरु पनि धेरै छन् । जसलाई पैसा वा मूल्यकै आधारमा भुल्न वा कम आँकलन गर्न थालियो भने परम्परागत नेपाली समाज केही बर्षमै विकृत बन्न जान्छ । यसको नकारात्मक प्रभावले सामाजिक विषय मात्र होईन प्राकृतिक सुन्दरता र सम्पदामा समेत बिनासका लक्षणहरु देखाउन थाल्दछ ।

**नेपालमा होमस्टे पर्यटनको विकास र यसको दिगो व्यवस्थापनः**

नेपालको वास्तविक धरातल नेपालमा प्रवेश गर्ने अधिकाशं पर्यटकको स्थिति भन्दा भिन्न छ । पर्यटन आर्थिक गतिविधि भएकोले विकसित देश र धनी देशका मानिसहरुनै विश्व पर्यटनको ठूलो हिस्सा हुन । पर्यटनमा रहरले भन्दा पनि क्षमताले भूमिका राख्दछ । हामी विकासोन्मुख देशका नागरिक भएकाले हाम्रो मानसिकता राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक जस्ता कुराहरु परिष्कृत छैनन् । यसका प्रत्यक्ष प्रभाव होमस्टे पर्यटन संचालन, प्रचारप्रसार र बजारीकरणमा पनि पर्दछ । ठूलो समस्या न्यूनतम पर्यटकीय ज्ञान समेत हाँसिल नगरि व्यवसायमा पस्ने पर्यटनको सैद्धान्तिक ज्ञान, विश्व पर्यटनको अध्ययन र विश्लेषण बिना नै ऐन नियमको तर्जुमा गर्ने पर्यटन र होमस्टे पर्यटनका विविध विषय वा त्यससँग सम्बन्धित न्यूनतम ज्ञान, तालिम र अनुभव बिना नै कार्यस्थलमा उभिने समुदाय, व्यक्ति वा परम्पराले होमस्टे व्यवस्थापनको क्षमता अभिवृद्धि, सहजीकरण र प्रवर्द्धन गराउदैन । यसका लागि होमस्टे पर्यटनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागिता जनाउने बेग्ला बेग्लै समुह वा वर्गहरुको पहिचान गरी शिक्षा, सीपमूलक तालिम, पूर्व अनुभवको मूल्याङ्कन र परिमार्जनमूखी कार्यक्रमहरु सोही क्षेत्रका विज्ञ र अनुभवीहरुको सहयोग र सहभागितामा तय गरी कार्यान्वयन गर्नुपर्दछ ।

होमस्टे सम्बन्धी प्रस्तावित नीति, रणनीति, होमस्टे पर्यटन संचालन को संस्था निर्माण, संस्थागत विकास, समन्वय, यसका राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्मको सञ्जाल, प्रवर्द्धन, बजारीकरण जस्ता विषयहरुमा राज्यको ऐन, नियम, नीति प्रकृयाको माथिल्लो निकायबाट विश्लेषण अध्ययन र रणनीति तर्जुमा भईराख्नु पर्दछ भने पर्यटनसँग सम्बन्धित संघसंस्थाको सकृयतामा युवा जनशक्तिलाई पूर्णत सदुपयोग र सहभागिता गराईनु पर्दछ । हाम्रो क्षमता, भौगोलिक अवस्था, धार्मिक, सांस्कृतिक र सामाजिक अवस्थालाई मध्य नजर राख्ने हो भने नेपालमा होमस्टे पर्यटनका लागि छिमेकी देशहरु भारत र चिनका पर्यटकहरु अझ धेरै उपयोगी बन्न सक्दछन्, जसको भौगोलिक अवस्था, धर्म, संस्कृति, भाषा, खानपान जस्ता कुरामा दुवैलाई न्यूनतम जानकारी वा ज्ञान छ । त्यस पछि एशियाका अन्य देशहरु र युरोपियन तथा अमेरिकी पर्यटकहरु हाम्रा ग्राहक बन्न सक्दछन् **(पुरी, २०६७, पृ.२३-२८)** ।

होमस्टे पर्यटन कार्यक्रम भन्नाले स्थायि घरबास भएको एक स्थानबाट अर्को स्थानमा अस्थायी रुपमा रुपमा भ्रमणगरी कम्तीमा २४ घण्टा समय बिताई त्यहाको आवास, खाना आदि सेवा उपयोग गरी प्राकृतिक स्वन्दर्य, स्वच्छ र शान्त बातावरण, डाँडापाखा, हरियाली, बनजंगल, खोलानाला, तालतलैया, झरना, छाँगा र अन्य भौगोलिक, जैविक एवं सांस्कृतिक विविधता, ग्रामिण वस्तीमा रमाउने हसिलो

मुहारले पाहुनाहरुको स्वागत सत्कार एवं सेवा पु-याउने नेपाली र उनीहरुको दिनचर्या, कला, संस्कृतिको अनुभव गर्नुको साथै घरधनी र पाहुना बीच एक आपसका ज्ञान, अनुभव, बिचार र उपयुक्त प्रविधिको आदान प्रदान लगायत एक अर्काका सम्बन्धलाई सुदृढ र प्रगाढ बनाउने स-शुल्क बसाई हो । होमस्टे संचालनबाट कम लगानीमा संचालकले स्थानीय स्रोत साधनको परिचालन गरी पर्यटकहरुलाई विविध खालका सेवा प्रदान गर्नुको साथै आर्थिक उपार्जन, पर्यटकीय उत्पादन तथा सिप विकास, फुर्सदको समयको उपयोग गर्दै स्वरोजगारीका अवसर सिर्जना गर्न सक्दछ । **(दोश्रो होमस्टे कार्यशाला २०७०, तारागाँउ विकास समिति)**

नेपालको भौगोगिक बनौट, यसका प्राकृतिक, ऐतिहासिक एवं पुरातात्विक सम्पदा, सामाजिक तथा सांस्कृतिक विविधता, जातिगत विविधता, जैविक विविधता, परम्परागत कृषि र पशुपालन पेशा, मिलनसार व्यवहार, आदर सत्कारको विशिष्ट परम्परा एवं वहुसंख्यक जनताको ग्रामिण क्षेत्रमा बसोबास भएको कारणले नेपालमा होमस्टे(घरबास) पर्यटन विकासको प्रचुर सम्भावना रहेको छ । ग्रामिण क्षेत्रमा उपलब्ध हुने प्राकृतिक, सामाजिक, ऐतिहासिक तथा पुरातात्विक वस्तु तथा सेवाहरुको कारणले पर्यटकहरुलाई आकर्षित गर्नुको साथै उनीहरुको भ्रमणलाई अविस्मरणीय बनाईरहेको हुन्छ । स्थानीयस्तरका जीवन्त कला एवं सांस्कृतिक आकर्षणले अन्तर्राष्ट्रिय पर्यटकलाई मात्र होईन कि आन्तरिक पर्यटकहरुलाई पनि मोहित तुल्याई रहेको हुन्छ ।

ग्रामिण क्षेत्रमा भ्रमण गर्न आउने स्वदेशी तथा विदेशी पाहुनाहरुलाई पारिवारिक बातावरणमा खाना तथा आवासको ब्यवस्था, प्राकृतिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक महत्वका स्थल एवं वस्तुहरुको दृश्यावलोकन, सामाजिक, सांस्कृतिक गतिविधि, परम्परागत रीतिरिवाज, कला कौशल, खेलकूद लगायतका कृयाकलापहरुको माध्यमबाट पर्यटकहरुलाई मनोरञ्जन गराई आवश्यक सेवा सुविधा सहित आत्मियतापूर्वक स-शुल्क आतिथ्यता प्रदान गर्ने कार्यलाई होमस्टे (घरबास) पर्यटन भनिन्छ । होमस्टे संचालन कार्यविधि २०६७ अनुसार होमस्टे भन्नाले “पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्धेश्यले आफ्नै घर समुदायमा नीजि वा सामुदायिक रुपमा संचालन गरिएको सेवा सम्झनु पर्दछ”भनी परिभाषित गरिएको छ ।

नेपालीमा अतिथि सत्कार गर्ने परम्परा पुरानो भएपनि गाँउ गाँउमा स-शुल्क पर्यटकीय सेवा सुविधा उपलब्ध गराउने परम्परा नयाँ र नौलो रुपमा प्रयोग भईरहेको छ । ग्रामिण क्षेत्रको भ्रमणमा आउने पर्यटकहरुका लागि शहरमा उपलब्ध हुने होटल, लज, अतिथि गृह, रेष्टुराँ जस्ता अत्याधुनिक सेवा सुविधाहरुको सट्टामा गाँउघरमा नै उनीहरुलाई खाने बस्ने लगायतका आवश्यक सेवा सुविधा उपलब्ध गराउने क्रममा नेपालमा पनि होमस्टे पर्यटनको सुरुवात भएको हो । नेपालको विशिष्ट परिवेश अनुसार होमस्टे पर्यटनको विकास विस्तार देहायका मुलभुत पक्षहरुमा केन्द्रित भई संचालनमा आएको पाईन्छ । **(दोश्रो होमस्टे कार्यशाला २०७०, तारागाँउ विकास समिति)**

X जातिगत मौलिक कला, संस्कृति, परम्परा, रीति रिवाज एवं सामाजिक व्यवहारमा आधारित

X प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं पर्यावरणीय विविधतामा आधारित

X मौलिक एवं जैविक खाद्य तथा पेय पदार्थको उपलब्धतामा आधारित

X पर्वतारोहण तथा पदयात्रा मार्गमा आधारित

## नेपालमा होमस्टे (घरबास) पर्यटन विकास सम्भावनाः

नेपालको भौगोलिक बनौट यसका प्राकृतिक ऐतिहासिक एवं पुरातात्विक सम्पदा, सामाजिक तथा साँस्कृतिक विविधता, परम्परागत कृषि र पशुपालन पेशा, नेपालीहरुको मिलनसार ब्यवहार, आदरसत्कारको विशिष्ट परम्परा एवं वहुसंख्यक जनताको ग्रामिण क्षेत्रमा बसोबास भएको कारणले नेपालमा होमस्टे (घरबास) पर्यटन विकासको प्रचुर संभावना रहेको छ । नेपालको ग्रामिण क्षेत्रमा रहेका घरहरु पनि भौगोलिक विशेषता अनुसारको शैली र बनौटका पाईन्छन् ।

ग्रामिण क्षेत्रमा उपलब्ध हुने प्राकृतिक, सामाजिक, ऐतिहासिक तथा पुरातात्विक वस्तु तथा सेवाको कारणले भ्रमणलाई अविस्मरणीय बनाई रहेको हुन्छ । स्थानीयस्तरका जीवन्त कला एवं सांस्कृतिक आकर्षणले पर्यटकहरुलाई मोहित तुल्याई रहेकोछ । ग्रामिण क्षेत्रमा पाईने खानाका परिकारहरु शुद्ध, स्वस्थ्य र प्राकृतिक हुन्छन् भन्ने विश्वासका कारणले पनि शहरी बासिन्दाहरु ग्रामिण भेगतिर आकर्षित भएको पाईन्छ ।

होमस्टेले सहरमा प्राप्त हुने सुविधाका कारणले पलायन भएको जनसंख्यालाई ग्रामिण भेगमा आकर्षित गर्न सहयोग गरेको पाईन्छ । स्थानीय उत्पादनलाई स्थानीय स्तरमा नै बिक्री गरी आम्दानी बृद्धि हुदाँ ग्रामिण जनजीवन पनि अनुकरणीय हुदै छ । देशमा कमाई हुदैन भनी पलायन हुनेहरुलाई पनि एउटा सिकाई सावित हुनसक्दछ । जव नेपालका गाँउघरमा स्वदेशी तथा विदेशी पर्यटकहरुको आवागमन शुरु हुन्छ तव मात्र गाँउघरको सहर प्रतिको मोहभंग भई आफ्नै गाँउलाई सिगार्न थाल्ने छन् । गाँउमा होमस्टेको विकास हुनु भनेको ग्रामिण क्षेत्रमा विविध गतिविधिहरु बढ्नु हो । जसको कारण प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सिंगो राष्ट्र नै लाभान्वित हुने गर्दछ ।

## नेपालमा होमस्टे (घरबास) पर्यटन विद्यमान अवस्थाः

नेपालमा होमस्टे पर्यटनको ईतिहास त्यती लामो नभएता पनि होमस्टे पर्यटनको माध्यमबाट बहुआयामिक फाईदा पुग्ने देखिएकोले ग्रामिण क्षेत्रमा होमस्टेको विकास तथा विस्तार उल्लेखनीय रुपमा भईरहेको छ । २०७२ चैत्र २० गते सम्ममा दर्ता प्राप्तगरी संचालन भएका होमस्टेहरुको संख्या यस प्रकार रहेको छ ।

√ होमस्टेको जम्मा संख्या–३४३

√ काठमाडौंमा–२२७

√ पर्यटन कार्यालय पोखरामा–५९

√ पर्यटन कार्यालय काकडभिट्टामा–२२

√ पर्यटन कार्यालय भैरहवामा–१२

√ पर्यटन कार्यालय नेपालगंजमा–१४

√ पर्यटन कार्यालय बिरगंज–५

√ पर्यटन कार्यालय जनकपुर–४ (गीता पराजुली, पर्यटन विभाग)

## ४.३. घरबास (Home stay) को महत्व

नेपालको भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक एवं पुरातात्विक विविधिकरणका हिसावले समृद्ध देशको रुपमा विश्वसामु परिचित छ । जातिय, भाषिक, पर्यावरणीय एवं जैविक विविधताले भरिपूर्ण देश भएकाले पर्यटन क्षेत्रको विकासका निमित्त अत्यन्त उर्वर भूमि मानिन्छ । नेपालको अर्थतन्त्रका प्रमुख आधारहरु मध्ये कृषि र जलश्रोत पछिको महत्वपूर्ण क्षेत्रको रुपमा पर्यटन क्षेत्रलाई नेपाल सरकारले पहिचान गरिसकेको छ । यस क्षेत्रको विकास विस्तारका निम्ति सरकारले राष्ट्रिय, क्षेत्रीय, जिल्ला एवं ग्रामिण स्तरमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । अन्य क्षेत्रको तुलनामा पर्यटन क्षेत्र न्यूनतम लगानीबाट अधिकतम प्रतिफल प्राप्त गर्न सकिने प्रचुर सम्भावना बोकेको क्षेत्र भएकोले ग्रामिण क्षेत्रमा पर्यटनको विकास विस्तार गरी रोजगारीका अवसरहरु सृजना गर्न र ग्रामिण जनताको जीवनस्तरमा सुधार ल्याई गरीबी न्यूनिकरण गर्न सहायक हुने देखिन्छ ।

ग्रामिण पर्यटनको माध्यमबाट स्थानीय स्रोत सम्पदाको संरक्षण, संम्वर्द्धन र उपयोग गर्दै समानुपातिक सामुदायिक विकासमा विशेष ध्यान दिनु पर्ने देखिन्छ । जसको कारणले ग्रामिण पूर्वाधारहरुको विकास विस्तारमा समेत सहायक सिद्ध हुने देखिन्छ । नेपालको कुल जनसंख्याको ठूलो हिस्सा अझै ग्रामिण क्षेत्रमा नै बसोवास गरिरहेको छ । प्रत्येक गाँउमा पाईने भौगोलिक एवं प्राकृतिक विशेषता, गाँउलेहरुको सरल जीवनशैली, फरक भाषा संस्कृति, चालचलन एवं आत्मियताले गर्दा ग्रामिण क्षेत्रको भ्रमणमा आउने पर्यटकहरुले भरपुर आनन्द एवं मनोरञ्जन प्राप्त गर्न सक्दछन् ।

ग्रामिण समुदायमा आत्मविश्वास एवं चेतना जागृत गरी स्थानीय श्रोत साधनहरुको अधिकाधिक मात्रामा उपयोग गर्दै उनीहरुलाई आफ्नै गाँउघरमा आय आर्जन हुने बातावरण निर्माण गरी नेपालको समष्टिगत र सन्तुलित विकास गर्ने सहज र सरल माध्यमको रुपमा ग्रामिण पर्यटनको एक अभिन्न अंगका रुपमा विकास भएको होमस्टे पर्यटन अर्थात घरबास पर्यटनको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । होमस्टे पर्यटनको माध्यमबाट ग्रामिण क्षेत्रमा बसोवास गर्ने जनताले प्रत्यक्ष अप्रत्यक्ष फाईदा लिनसक्ने देखिएकोले हाल यो कार्यक्रम ग्रामिण क्षेत्रमा लोकपृय हुँदै आएको छ । ग्रामिण समुदायको आर्थिक, सामाजिक विकास लगायतका क्षेत्रहरुमा होमस्टे पर्यटनको महत्वपूर्ण भूमिका रहेको छ । त्यसैले यस कार्यक्रमलाई देशब्यापी रुपमा विकास गर्नु पर्ने आवश्यकता रहको छ । यसको आवश्यकता र महत्वलाई यसरी हेर्न सकिन्छ । जस्तैः

√ बढी भन्दा बढी स्वदेशी तथा विदेशी पर्यटकलाई ग्रामिण क्षेत्रको भ्रमणमा आउने बातावरण निर्माण गर्न ।

√ भ्रमणमा आउने पाहुनाहरुलाई स्तरीय खाना, आवाश तथा अन्य पर्यटकीय सेवा प्रदान गर्न ।

√ ग्रामिण क्षेत्रमा आय आर्जनका अवसरहरु सिर्जना गर्न ।

√ रोजगारीका अवसरहरु सृजना गर्न ।

√ स्थानीय पर्यटकीय बस्तुहरुको प्रवर्द्धन र विकास गर्न ।

√ मौलिक कला, संस्कृति, परम्परा, रीतिरिवाज,भेषभुषा, भाषाको जगेर्ना गर्न ।

√ पर्यटनको माध्यमबाट ग्रामिण समुदायको आर्थिक सामाजिक विकास गरी ग्रामिण गरीबी न्यूनिकरण गर्न ।

ग्रामिण पर्यटनको एउटा महत्वपूर्ण अङ्गको रुपमा विकास भईरहेको होमस्टे पर्यटन कार्यक्रमलाई पर्यटकले अपेक्षा गरे अनुसार समय सापेक्ष स्तरीय सेवा सुविधा उपलब्ध गराई धेरै भन्दा धेरै पर्यटकहरुलाई ग्रामिण क्षेत्रको भ्रमणमा आउन आकर्षित गर्ने उपयुक्त बातावरण निर्माण गर्नु आजको आवश्यकता भएकोले सम्बन्धित निकायको ध्यान जानु जरुरी देखिन्छ । हाल संचालनमा रहेका होमस्टेहरुले पर्यटकहरुलाई दिने सेवा सुविधाको स्तरका आधारमा क ख ग गरी तीन श्रेणीमा विभाजन गर्ने, हाल संचालनमा रहेका तर सम्बन्धित निकायमा दर्ता हुन नआएका होमस्टेहरुलाई दर्ताका लागि उपयुक्त बातावरण निर्माण गरेर पुनः आह्वान गर्ने, होमस्टेको पूर्वाधार विकासका लागि स्थानीय निकायहरुलाई परिचालन गर्ने बातावरण निर्माण गर्ने, होमस्टे होमस्टे बीच र होमस्टे र अन्य निकाय बीच आवश्यक सहयोग, समन्वय गर्न तथा होमस्टेको प्रचार प्रसार, प्रवर्द्धन, बजारीकरणका गतिविधि संचालन गर्न होमस्टे सञ्जालको स्थापना र परिचालन गर्ने, न्युन आर्थिक अवस्था एवं विपन्न वर्ग समुदायलाई होमस्टे विकासमा विशेष आर्थिक सहयोग उपलब्ध गराउने तथा होमस्टे पर्यटन कार्यक्रम प्रभावकारी रुपमा विकास विस्तार, प्रवर्द्धन, नियमन लगायतका सबै गतिविधिहरु एकै संस्थागत संरचना मार्फत ब्यवस्थापन एवं संचालन गर्नका लागि ग्रमिण पर्यटनको क्षेत्रमा कार्यरत संस्थालाई आवश्यक नीतिगत ब्यवस्था एवं आवश्यक श्रोत साधन सहित जिम्मेवारी दिएर अगाडी बढाउनु आवश्यक छ **(होमस्टे पर्यटनको स्तर सुधारः आवश्यकता र महत्व-बद्रीप्रसाद प्याकुरेल, २०७०) ।**

नेपालमा खास गरी होमस्टेहरु कास्की, लम्जुड, काठमाडौं, नुवाकोट, मकवानपुर, चितवन, धादिङ्ग आदि जिल्लाहरुमा बढि मात्रमा संचालित छन् । नेपालमा पर्यटनको शुरवात भारतीय सम्राट अशोक( ईपू. तेश्रो

शताब्दी), चिनीया यात्रीहरु फाईयान( चौथो शताब्दी), होयान्साङ्ग(छैटौ शताब्दी), वाईपाओ(छैटौ शताब्दी) को लुम्बिनीको तीर्थयात्राबाट भएको पाईन्छ । नेपालमा भ्रमण गर्ने पर्यटकहरु ईच्छा(आर्थिक तथा राजनीतिक),उत्सुकता (नागरिकका मूल्य मान्यता सम्बन्धी), धार्मिक भावना आदिको लागि भएको पाईन्छ । नेपालमा पर्यटनको प्रवर्द्धन गर्नसकेमा सामाजिक, सांस्कृतिक, बातावरणीय, आर्थिक पक्षहरु सवल बनाउन सकिन्छ । पर्यटनसँग यिनीहरु अन्तर सम्बन्धित छन् । खासगरी नेपाल वाहीरी विश्वको लागि २००७ (सन् १९५१) पछि मात्र खुल्ला भएको हो । यस बिचको करिब ६५ बर्षमा पर्यटनको क्षेत्रमा प्रगति भएको भएता पनि अझ यसलाई विकास तथा विस्तार गर्न आवश्यक छ । नेपाल सरकारले २०६७ सालमा घरबास नीति (Homestay Policy) ल्याई २०६७ भाद्र १ गतेबाट लागु गरेपछि होमस्टे व्यवसायमा धेरै व्यवस्थित हुदै आएको छ । नेपाल आउने पर्यटकहरु होमस्टेमा खाना,आवास तथा त्यहाँको संस्कृति तथा चालचलन र मूल्य मान्यता बुझ्न आकर्षित हुन्छन् । (खनाल, लालीमा,२०७२ पृ.१२५-१३१)

## ४.४. साँस्कृतिक पर्यटन अन्तर्गत घरबास (Home stay)का सकारात्मक र नकारात्मक पक्षहरुः

नेपाल ग्रामिण परिवेशले भरिपूर्ण देश हो । नेपालका बहुसंख्यक जनता ग्रामिण क्षेत्रमा बसोवास गर्दछन् । त्यस कारण नेपालको आर्थिक विकास भनेको ग्रामिण क्षेत्रको विकासलाई नै संझन सकिन्छ । नेपालको अर्थ व्यवस्था शहरी अर्थव्यवस्था र ग्रामिण अर्थ व्यवस्था गरी द्वैध (Dualistic Economy) प्रकारको छ । देशको कुल क्षेत्रफल १,४७,१८१ वर्ग किलो मिटर मध्ये ९७ प्रतिशत ग्रामिण क्षेत्रमा पर्दछ भने कुल जनसंख्याको ८७ प्रतिशत जनसंख्या ग्रामिण क्षेत्रमा बसोवास गर्दछन् । विशेष गरेर नेपालको ग्रामिण भुभाग गरिबीको चपेटामा परेको छ । आफ्नो आधारभूत आवश्यकता पुरा गर्न नसक्ने आर्थिक अवस्थालाई गरीबी भनिन्छ । नेपालमा निरपेक्ष गरीबी २३.८ प्रतिशत रहेको छ भने प्रतिव्यक्ति आय ७ सय ३१ अमेरिकी डलर रहेको छ । नेपालको कुल ग्राहस्थ उत्पादन १७ खर्व १ अर्व १९ करोड रुपैंया रहेको छ । आर्थिक वृद्धि दर ३.६ प्रतिशत रहेको छ भने मूल्य बृद्धि १०.२ प्रतिशत रहेको छ **(आर्थिक सर्वेक्षण २०७०)** ।

### ४.४.१. साँस्कृतिक पर्यटन अन्तर्गत घरबास (Home stay) का सकारात्मक पक्षहरुः

नेपालमा करिव एक दशक (वि.सं.२०५२-२०६२) सम्मको सशस्त्र द्वन्द्व शान्तिपूर्ण रुपमा रुपान्तरण भएपछि र संविधानसभाबाट नेपालको संविधान २०७२ घोषणा भएपछि यहाँ पर्यटन विकासमा उज्याला नयाँ किरणहरु देखापरेका थिए । २०७२ बैशाख १२ को विनासकारी भूकम्प र त्यस पछिका पराकम्पनहरु र २०७२ भाद्रदेखिको तराई मधेसमा भएको आन्दोलन र भारतको नाकाबन्दीले नेपालको पर्यटन विकासमा नराम्रो असर पारेको छ ।

पर्यटन सेवाको स्तर वृद्धिका लागि पर्यटकहरुको आवासको राम्रो व्यवस्थापन, बसाईलाई लम्ब्याउन मनोरञ्जनात्मक कृयाकलापमा वृद्धि, मुलुक भित्र शान्ति सुरक्षाको प्रत्याभूति, हराभरा स्वच्छ वातावरण तथा शिक्षित र सभ्य मानिस (जनशक्ति)लाई पर्यटन उद्योगको विकासको लागि आवश्यक पूर्वाधारको रुपमा मानिन्छ ।

### ४.४.२. सांस्कृतिक पर्यटन अन्तर्गत घरबास (Home stay) का नकारात्मक पक्षहरु तथा चुनौतीहरुः

√ लगानीको समस्या

√ आधारभूत सेवाहरुको अभाव

√ यातायात, सञ्चार, स्वास्थ्य, सुरक्षा

√ दक्ष जनशक्तिको अभाव

√ भौगोलिक अवस्थिति

√ संस्कृति, विकृति सम्बन्धी समस्या

√ होमस्टे सम्बन्धी ज्ञानको अभाव

**होमस्टे सामना गर्नु परेका समस्याहरुः**

√ आधुनिक सेवा सुविधा सम्पन्न होटलहरुसँग प्रतिस्पर्धा

√ उपयुक्त तालिमको अभाव

√ सुरक्षित यातायातको अभाव

√ बसाई सराईले गाँउ सुनसान हुनु

√ गाँउको मौलिकता र उत्पादन हराउँदै गएको

√ भाषा संस्कृतिमा विकृति मिसिदै गएको आदि ।

**होमस्टे सम्बन्धी सुझावहरु (Recommendations):**

√ लगानी ब्यवस्थापन ।

√ निजी क्षेत्रको लगानीको लागि स्थानीय सहकारी, कृषि विकास बैक तथा अन्य वित्तिय संस्थाहरुबाट ऋृण लगानीको ब्यवस्था गर्नु पर्ने ।

√ दक्ष जनशक्ति उत्पादनका लागि तथा अभिमूखिकरण लगायतका कार्यक्रम संचालन गर्नु पर्ने ।

√ चेतना अभिवृद्धि ।

√ धर्म,भाषा, भेषभुषा, रहनसहनको प्रचार प्रसार ।

√ “एक स्थान एक पहिचान” को आधारमा विशेषताको पहिचान गरी प्रवल प्रयाश सिद्धान्त(Big Push Theory) लाई आधार मानी विकास गर्नु पर्ने ।

√ होमस्टे संचालन गर्नु पूर्व लागत लाभ विश्लेषण (Cost Benefit Analysis) गरेर मात्र शुरु गर्नु पर्ने

√ ग्रामिण क्षेत्रको पर्यटन विकासको लागि विभिन्न सरकारी निकायहरु (नेपाल पर्यटन बोर्ड,तारा गाँउ विकास समिति, स्थानीय निकाय) र गैर सरकारी संस्थाहरु साथै अन्य सरोकारवालाहरु बीच आपसी सम्वाद र सहकार्य मार्फत एकरुपता कायम गर्ने ।

# अध्याय -पाँच

# घरबास (Homestay) को विकास तथा प्रवर्द्धनले सांस्कृतिक पर्यटन तथा देशको आर्थिक विकासमा पु-याउने योगदान

## ५.१. घरबास (Home stay)को आर्थिक विकासमा योगदान

प्रस्तुत शोधपत्र तयार पार्नेक्रममा अध्ययनको सीमालाइ नेपालको साँस्कृतिक पर्यटनमा घरबास (Home stay) अर्थात ग्रामिण पर्यटनमा मात्र केन्द्रित रह्यो । शोधपत्र तयार पार्ने सिलसिलामा फरक भौगोलिक अवस्था र जातजातिको बसोबास भएका नेपालमा घरबास (Home stay) सञ्चालन भईरहेका लम्जुङ्गको घले गाँऊका १२ घर, लम्जुङ्गको भुजुङ्ग गाँउ विकास समिति अर्न्तगत होमस्टे संचालन भएका ६ घर र मकवानपुरको चित्लाङ्गका होमस्टे संचालक ६ घरको विस्तृत रुपमा स्थलगत अध्ययन गरी अनुसूचीमा संलग्न २६ प्रश्नहरु राखी प्रश्नावली फारमलाई अन्तर्वार्ता, प्रत्यक्ष कुराकानीको आधारमा आठ दिनको समयावधीमा भरी तथ्याङ्क संकलन गरिएको थियो ।

यसरी तथ्याङ्क संकलन गर्दा होमस्टे संचालन गरिरहेका व्यक्तिहरु, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना ईलाका संरक्षण कार्यालय भुजुङ्ग, होमस्टे संचालनमा प्रत्यक्ष संलग्न नभएका व्यक्तिहरु, त्रिभुवन विद्याशरण माध्यमिक विद्यालय भुजुङ्गका प्रधानाध्यापक र शिक्षक शिक्षिकाहरु, श्री स्वच्छन्द भैरव उच्च मा.वि.चित्लाङ्गका प्राचार्य, ग्रामिण पर्यटन व्यवस्थापन समिति घले गाँउ र चित्लाङ्ग होमस्टे ब्यवस्थापन समितिका अध्यक्ष र  कार्यालय प्रमुख लगायत सर्वसाधारणसँग कुराकानी भएको थियो ।

स्थलगत अध्ययन तथा अनुभूति र वहाँहरुबाट प्राप्त जानकारी अनुसार होमस्टे संचालन भएका स्थानहरुमा पर्यटकहरुको चाप बढ्दै गएको पाईयो । पर्यटकहरुले खानपान गरेवापत, आवास सुविधा पाए वापत, स्थानीय संस्कृति झल्कने नाँचगान हेरर मनोरञ्जन प्राप्तगरे वापत प्रदान गर्ने रकमले स्थानीय समुदाय खासगरी महिलाको आम्दानी बढेको पाईयो । यसको अतिरिक्त स्थानीय उत्पादनहरु मह, राडीपाखी, गुन्द्रुक, सिन्की, बाख्राको चिज, ध्यू, फलफूल र सागसब्जी बिक्रीबाट पनि आम्दानी बढेको पाईयो । यसरी बढेको आम्दानीले शिक्षा, स्वास्थ्य, समाजिक सुरक्षा, आय आर्जनमा लगाउने गरेको र होमस्टे ब्यवसायमा महिलाको सहभागिता बढि भएकोले महिला सशक्तिकरणमा सहयोग पुगेको पाईयो होमस्टे पर्यटनको विकासबाट अन्ततोगत्वा थोरै मात्र भएपनि देशको अर्थतन्त्रको विकासमा पनि सहयोग पुग्दछ ।

लम्जुङ्ग घले गाँउका पर्यटन ब्यवसायी गंगा घलेका अनुसार-“पर्यटन यस्तो क्षेत्र हो, जस अन्तर्गत क्षती तथा नोक्सानी नगरीकन भरपुर आनन्द लिन सकिन्छ । हामीले हिमालको दृश्यावलोकन गरेर आनन्द लिदाँ त्यसको स्वन्दर्य घट्दैन । फूलको अवलोकन तथा वासना लिँदा त्यसको स्वन्दर्य झन बढ्छ । हाम्रा सांस्कृतिक पोषाक लगाएर नाँचगान गरेर आनन्द लिदा तथा मनोरञ्जन गराउदा संस्कृति जीवन्त हुनाको साथै आर्थिक आय र सद्भाव पनि बढ्दछ । पर्यटनलाई धुवाँ रहित उद्योग मानिन्छ । जसले बातावरणलाई प्रदुषित नगरी उत्पादन तथा आय बढाउँछ ।”

**पर्यटन र अर्थतन्त्र**

पर्यटन व्यवसाय आर्थिक विकासको लागि महत्वपूर्ण क्षेत्र मानिन्छ । यसले ठूलो संख्यामा रोजगारी सिर्जना गरेको छ भने नेपालको कुल ग्राहस्थ उत्पादनमा ठूलो टेवा पु-याउन सक्ने सम्भावना बोकेको क्षेत्र हो पर्यटन । सन् २०१२ को तथ्याङ्क अनुसार पर्यटन क्षेत्रबाट कुल आम्दानी रु.२ अरब ५२ करोड भएको थियो भने त्यस बर्ष ८ लाख पर्यटक नेपाल आएका थिए । पर्यटकको औसत बसाई १२ दिन थियो भने देशको कुल ग्राहस्थ उत्पादनमा २ प्रतिशत योगदान पुगेको थियो । पर्यटन क्षेत्रबाट ३ लाखलाई पूर्ण रोजगारी प्रदान गरिएको थियो भने २ लाख ५० हजारलाई आशिक रोजगारी प्रदान गरिएको थियो ।

नेपालको पर्यटन व्यवसाय विशेष गरेर सहर केन्द्रित छ । कुल ग्राहस्थ उत्पादनमा करिव २ प्रतिशत योगदान गर्ने पर्यटन क्षेत्रको लाभ वितरण समेत ग्रामिण क्षेत्रमा न्यून मात्रामा छ । त्यस कारण ग्रामिण क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई पर्यटन क्षेत्रको लाभलाई सोझै ग्रामिण क्षेत्रमा पु-याउन होमस्टे पर्यटन कार्यक्रम अति महत्वपूर्ण हुन्छ । राष्ट्रिय आयको असमान वितरणले देशको सामाजिक क्षेत्रमा ठूलो असर पु-याउछ । हाल नेपालको अर्थब्यवस्थामा राष्ट्रिय आय वितरणलाई समानुपातिक बनाउन पनि होमस्टे पर्यटन उपयोगी हुन्छ ।

उत्पादन मात्र आर्थिक विकासको मुख्य आधार हो । बस्तु तथा सेवा उत्पादन बिना अर्थतन्त्रको कुनै पनि पक्ष सक्रिय हुन सक्दैन । अर्थशास्त्रको एउटा महत्वपूर्ण सिद्धान्त वस्तुको पूर्तिले आफ्नो माग आफैं सिर्जना गर्छ (Supply creates its own Demand) ।

Classical Economy Principle मा भने जस्तै कुनै ग्रामिण क्षेत्रमा होमस्टे पर्यटनको विकासको लागि स्थानीय उत्पादन तथा त्यसको मुल्य पहिचानलाई पहिल्याउन पर्दछ । स्थानीय कला र संस्कृति तथा भेषभुषा आदिलाई एउटा महत्वपूर्ण व्यापारको आधारको रुपमा लिन सकिन्छ । त्यस्तै होमस्टेको कोठा, स्नानघर, फर्निचर आदि निर्माण गर्दा स्थानीय श्रोत, साधन र सिपलाई प्रयोग गर्न उपयुक्त हुन्छ । जसले लागतलाई न्यूनिकरण सहयोग गर्दछ । त्यस्तै पाहुनाहरुलाई उपलब्ध गराइने खानाका परिकारहरु तथा मनोरञ्जनका सुविधाहरु पनि स्थानीय उत्पादन, कला संस्कृतिलाई प्रवर्द्धन हुने गरी ब्यवस्था गर्नु पर्दछ ।

## **५.२.होमस्टेको सांस्कृतिक महत्व** (Cultural Importance):

√ नेपाली कला संस्कृति, सभ्यता र परम्परागत कला कौशलको पहिचानलाई राष्ट्रिय तथा अन्तराष्ट्रियकरण गर्ने ।

√ धर्म, भाषा, भेषभुषा आदिको संरक्षण तथा आधुनिकीकरण गर्दै सकारात्मक विकास गर्ने ।

√ समाज रुपान्तरण (विकास) मा अनुभवहरुको आदान प्रदान गर्ने ।

√ चेतना (ज्ञान,सिप र धारणा) को निर्माण तथा विकास

√ “बसुदैव कुटुम्बकम्”भाईचाराको सम्बन्ध स्थापित गर्न सकिने ।

√ कला, संस्कृति, सभ्यताको आदान प्रदान (Socio-Culyural Exchange) ।

√ शिक्षा, स्वास्थ्य, सरसफाई आदिको विकास ।

**होमस्टेको आर्थिक तथा सामाजिक महत्व** (Socio-Economic Importance)**:**

√ कुल ग्राहस्थ उत्पादन बितरणलाई ग्रामिणमुखी बनाउने ।

√ आय आर्जन गर्न सकिने ।

√ स्थानीय उत्पादनलाई प्रवर्द्धन गरी व्यापार व्यवसाय संचालन गर्न सकिने ।

√ ग्रामिण क्षेत्रमा रोजगारीको अवसर सिर्जना गरी सहर तथा विदेश पलायन जनशक्तिलाई गाँउको विकासमा केन्द्रित गर्न सकिने ।

√ सामाजिक तथा संस्थागत विकास हुने ।

√ सामाजिक सद्भाव अभिवृद्धि हुने ।

√ सहकार्यको भावना विकास हुने ।

होमस्टे पर्यटन कार्यक्रमको प्रवर्द्धन र विकास गर्न समाजका सम्पूर्ण सामाजिक, आर्थिक, सांस्कृतिक क्रियाकलापहरुलाई एउटा प्याकेजको रुपमा विकास गर्नुपर्ने देखिन्छ । एउटा मात्र पक्षलाई लिएर प्रवर्द्धन गर्न र विकास गर्न सकिदैन । होमस्टेको प्रवर्द्धन गर्नको लागि कुखुरापालन, पशुपालन, तरकारी खेती, फलफूल खेती, माछा पालन, खाध्यान्न दतथा नगदेबालीहरु चिया, कफी, च्याउ तथा बेमौषमी तरकारीहरु उत्पादन, खुद्रा पसलहरु, बन पैदावारसँग सम्बन्धित स्थानीय उत्पादनहरु आदिको व्यवस्थापन हुनु पर्दछ । **(ग्रामिण क्षेत्रको आर्थिक सामाजिक विकासमा होमस्टे कार्यक्रमः अवसर र चुनौती, श्री वसुराम रिजाल, २०७०)**

# अध्याय-छ
# निष्कर्ष, उपसंहार

१२५ भन्दा बढी जातजाति, १२३ भन्दा बढी भाषाभाषी, हिमाल, पहाड, उपत्यका, तराई, भावर, चुरे आदि प्रदेशमा विभाजित नेपालमा एक गाँउ र अर्को गाँउको संस्कृति र एक ठाँउ र अर्को ठाँउको हावापानीमा भिन्नता पाईने भएकोले पनि पर्यटकहरु लोभिने गर्दछन् । भूगोलको हिसावमा खासै ठुलो देश नभएता पनि विश्वका धेरै देश धुम्दा पनि नपाईने हावापानी, बनस्पति, चराचुरुङ्गी, जीवजन्तु, किटपतंगं, चालचलन, परम्परागत मूल्य र मान्यताहरु नेपालमा पाईने भएकोले नेपालमा आन्तरिक तथा बाह्य पर्यटकहरुको राम्रो गन्तब्य बन्ने प्रसस्त आधारहरु रहेका छन् । यसका साथै पर्यटन ब्यवसाय नेपाललाई सम्पन्न बनाउने एउटा माध्यम बन्न सक्दछ ।

नेपालमा होमस्टे पर्यटन भौगोलिक आधारमा पनि धर्म, संस्कृति, परम्परा, जातजाति, कृषि एवं आर्थिक गतिविधि, प्राकृतिक सुन्दरता, जीवजन्तु तथा पंक्षी, बोट बिरुवा तथा जडीबुटी, हिमाल, ताल नदीका हिसावले विश्वभरका सबैखाले र सबै उमेरका लागि गन्तब्य स्थल हो । नेपालको होमस्टे पर्यटनले उनीहरुको रुचीलाई स्थलगत रुपमा नै साक्षत्कार गराउने भएकोले यो अध्ययन र अनुसन्धानको सजिलो माध्यम पनि बन्न सक्छ । विदा मनाउने वा मनोरञ्जन पर्यटन वा त्यससँग सम्बन्धित पर्यटक मात्र नभएर धर्म, संस्कृति, अनुसन्धानकर्ता वैज्ञानिक, विद्यार्थी, प्राध्यापक आदिको समेत होमस्टे पर्यटनमा सहभागिता बढ्छ । विश्व सांस्कृतिक पर्यटनको बृद्धिको लागि त यो महत्वपूर्ण अंग नै हो जुन आफैं पनि नेपाल आउने पर्यटकको संख्या बृद्धि गर्ने ठूलो अभियान बन्नसक्छ । तर देश राजनैतिक सहमतिमा पर्यटनको लागि मात्र भए पनि शान्त बन्न सक्नु पर्दछ ।

विश्वमा देखिएको होमस्टे गतिविधिलाई हेर्दा र नेपालको सन्दर्भलाई जोड्दा मुख्यरुपमा जुन गँउघर वा समुदायमा यसलाई संचालन गर्ने हो, त्यहाँ राज्यको पर्यटनसँग सम्बन्धित निकाय, स्थानीय प्रशासन र प्रहरी, समुदायका सम्बन्धित संस्था,होमस्टे संचालन गर्ने घरमूलीको समन्वय र सहयात्राको महत्वपुर्ण भूमिका हुनुपर्छ । यसले आफ्नो क्षेत्रमा हुने होमस्टेको परिचय, उद्धेश्य, लक्ष, आवासीय सेवा तथा सुविधा, बजार ब्यवस्था खर्च, लाभ आदिको योजना, दैनिकी र प्याकेज कार्यक्रमको निर्माण, स्वीकृति र कार्यान्वयन गर्नु गराउनु पर्छ ।

होमस्टेमा आउने पाहुनाहरुलाई मनोरञ्जन गराउन राम्रो स्वागत सत्कार गर्ने, मिठो,स्थानीय स्वस्थ्यकर खाना ख्वाएर, स्थानीय संस्कृति झल्कने नाँचगान देखाएर, हिमाल पहाड, चिया वगानको दृश्यावलोकन गराएर, लोकल रक्सी, कोदोको पिठोको सेल रोटी ख्वाएर, क्याम्प फायर गराएर, बाख्राको चिज कारखाना देखाएर तथा उपहार प्रदान गरेर मनोरञ्जन प्रदान गर्ने गरको पाईयो ।

देशको कुल क्षेत्रफल १,४७,१८१ वर्ग किलो मिटर मध्ये ९७ प्रतिशत ग्रामिण क्षेत्रमा पर्दछ भने कुल जनसंख्याको ८७ प्रतिशत जनसंख्या ग्रामिण क्षेत्रमा बसोवास गर्दछन् । नेपालको ग्रामिण पर्यटनलाई लक्षित गरेर होमस्टे संचालन गर्नसकेमा हाम्रा प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको प्रचार प्रसार हुनाको साथै आर्थिक आत्मनिर्भरता बढ्नगई देश विकासमा पनि सहयोग पुग्दछ ।

होमस्टे पर्यटनबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा बेरोजगारी समस्या सुल्झने, राष्ट्रिय आम्दानीमा बृद्धि हुने, घरेलु तथा अन्य उद्योगमा बृद्धि हुन्छ । यसबाट अन्तराष्ट्रिय व्यापारमा बृद्धि हुने, प्रतिव्यक्ति आयमा बृद्धि हुने, मुद्रा सोधनान्तरमा सकारात्मक असर पर्ने आदि जस्ता विविध पक्षहरुमा सकारात्मक असर पर्नगई

राष्ट्र आर्थिक एवं सांस्कृतिक रुपले सम्पन्न हुन्छ । होमस्टे पर्यटनलाई समुदाय साथै राष्ट्रको आयको एक महत्वपूर्ण श्रोत मानिन्छ । यसको माध्यमबाट राष्ट्रले विदेशी मुद्रा आर्जन गर्न पाउने भएकोले यसलाई विश्वका प्रत्येक राष्ट्रले महत्व दिन थालेका छन् ।

नेपालमा होमस्टे संचालन कार्यविधि २०६७ जारी भएपछि संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पर्यटन विभाग अन्तर्गत देशका विभिन्न स्थानहरुमा ७ वटा पर्यटन कार्यालयहरु स्थापना भई पर्यटन प्रवर्द्धन गर्ने कार्य भईरहेको छ । पर्यटन कार्यालयहरुको समन्वयमा देशका पाँचै विकास क्षेत्रमा सामुदायिक रुपमा र निजी किसिमले दर्ता गरेर र दर्ता नै नगरीकन होमस्टे संचालन भएको पाईएको छ । पर्यटन विभागले तयार पारेको होमस्टे डाईरेक्टरीमा दर्ताभई संचालन भएका होमस्टेहरुको संख्या ९१ रहेको देखिन्छ । नेपालमा संस्कृति संरक्षण तथा प्रवर्द्धन गर्न गठन भएको तारा गाँउ विकास समितिद्वारा २०७० मा प्रकाशित दोश्रो होमस्टे राष्ट्रिय कार्यशाला गोष्ठीको प्रतिवेदनमा हालसम्म नेपालमा ८९४ वटा होमस्टे संचालनमा रहेको र यिनीहको कोठा संख्या १४२८ र बेड क्षमता २९७१ रहेको उल्लेख गरिएको छ । प्रतिवेदनमा उल्लेख भए अनुसार दर्ता भएर संचालित होमस्टेको संख्या ५४१ र दर्ता नगरी संचालन भएका होमस्टेको संख्या ३५३ रहेको उल्लेख गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पर्यटन विभागको रेकर्डमा २०७२ चैत्र १५ गतेसम्म दर्ता भएका होमस्टेहरुको संख्या २१९ रहेको छ (पराजुली,गीता) ।

होमस्टे संचालन कार्यविधि २०६७ जारी भएपछिको यो करिब ५ बर्षको अवधिमा देशका विभिन्न स्थानहरुमा आ-आफ्नै किसिमले होमस्टे संचालन भईरहेको हुदाँ यो संख्या अझ बढि हुन सक्दछ । नेपालमा होमस्टेलाई विकास, विस्तार र व्यवस्थापन गर्नको लागि नेपालको संविधान अनुसार केन्द्रमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सात प्रान्तिय प्रदेशमा पर्यटन विभाग, प्रस्तावित करिव ७०० नगर पालिका र ९०० गाँउ पालिकामा स्थानीय पर्यटन कार्यालयहरु स्थापना गरी होमस्टेलाई व्यवस्थित गराउन सकियो भने यस मार्फत संस्कृतिको संरक्षण तथा प्रवर्द्धन हुनको साथै देशको आर्थिक विकासमा पनि सहयोग पुग्न सक्दछ ।

देशमा पर्यटनको प्रवर्द्धनले सामाजिक, साँस्कृतिक, वातावरणीय, आर्थिक लगायत वहुआयामिक प्रभाव पार्दछ । नेपाल सरकारले होमस्टे पर्यटनलाई उद्यमशिलतासँग जोड्ने नयाँ अवधारणा ल्याएको छ । नेपालको विकास तथा आर्थिक सम्वृद्धिको आधार मध्ये एक मुख्य रहेको पर्यटन र पर्यटन अन्तर्गत पनि विकासको प्रचुर सम्भावना बोकेको ग्रामिण होमस्टे पर्यटनले शुरुवातको करिव पाँच बर्षको दौरानमा प्रगति उन्मूख बाटो तर्फ लागेको पाईन्छ । एशिया महादेशमा दक्षिण कोरिया, जापान, श्रीलंका, मलेसिया आदि देशहरुले होमस्टे पर्यटन सफल तथा नमुना रुपमा संचालन भएको पाईन्छ । त्यसै गरी संयुक्त राज्य अमेरिका, स्पेन, फ्रान्स, संयुक्त अधिराज्य, स्वीजरल्याण्ड, इटली लगायतका देशहरुमा पनि होमस्टे पर्यटन सफल भएको पाईन्छ । नयाँ चिज राम्रो भएपनि प्रचार प्रसार हुन समय लाग्ने तथा एक पटक प्रयोग गरेपछि त्यस प्रतिको आकर्षण र माग बढ्दै जाने मान्यता अनुरुप नेपालमा होमस्टेको विकास तथा विस्तारको लागि नीतिगत तथा कानुनी व्यवस्थालाई नेपाल सरकारले सरल सहज बनाई निरन्तर प्रभावकारी अनुगमन साथै सहजीकरण गर्न सकेमा नेपालमा होमस्टेको भविष्य उज्वल देखिन्छ ।

## सन्दर्भ सामग्री (Biblography)

१. आचार्य, बाबुराम,**नेपालको साँस्कृतिक परम्परा,** काठमाडौं, प्रा.श्रीकृष्ण आचार्य, २०६८ ।

२. ओजस्वी सुवेदी, ओमप्रसाद,**लैकु पश्चिमका लोकसंस्कृति तथा किरात सभ्यता,** परिजन,सुवेदी सल्ले,खोटाङ्ग, २०६५ ।

३. खतिवडा, सोमप्रसाद/कमला दाहाल,**नेपालको साँस्कृतिक पर्यटन,** एम. के. पब्लिशर्स एण्ड डिष्टिव्यूटर्स, काठमाडौ,२०६७ ।

४. खतिवडा, सोमप्रसाद, **सुनसरीको तीर्थयात्रा पर्यटन विगत र वर्तमान,** अनुसन्धान विकास केन्द्र विराटनगर,२०६८ ।

५. खत्री, प्रेमकुमार/गंगा खरेल, **नेपालको पुरातत्व, कला र पर्यटन,** ललितपुर, साझा प्रकाशन, २०५५ ।

६. तारागाँउ विकास समिति, **होमस्टे डाईरेक्टरी,** काठमाडौं,२०७० ।

७. तारागाँउ विकास समिति, **दोश्रो होमस्ट कार्यशाला गोष्ठी,** २०७० ।

८. पुरी, उद्धव, **नेपालमा पर्यटन,** काठमाडौं, तलेजु प्रकाशन, २०६३ ।

९. पुरी,उद्धव, **नेपाल**, काठमाडौं, सूचना विभाग, २०६७

१०. बिष्ट, डोरबहादुर, **सबैजातको फूलवारी,** ललितपुर,साझा प्रकाशन, २०३० ।

११. रेग्मी, जगदिशचन्द्र, **प्राचिन नेपाली सँस्कृति,** ललितपुर, साझा प्रकाशन, २०४० ।

१२. वर्ल्डभ्यू नेपाल, **हामो संस्कृति हाम्रो पहिचान,** ललितपुर, २०६७ ।

१३. वर्ल्डभ्यू नेपाल, **संस्कृतिः एक संक्षिप्त चिनारी,** ललितपुर, २०६८ ।

१४. शर्मा, नरेन्द्र, **नेपाली जनजीवन,** ललितपुर, साझा प्रकाशन, २०३२ ।

१५. संग्रौला, नारायणप्रसाद, **साँस्कृतिक पर्यटन र विकास,** काठमाडौ,कन्काई एजुकेसनल पब्लिकेशन्स एण्ड रिसर्च सेन्टर प्रा.ली., २०६९ ।

१६. सुवेदी, शिवकुमार, **पर्यटनको परिचय–राप्तीको सन्दर्भ,** घोराही दाङ्ग,मालिका सुवेदी, २०७० ।

१७. क्षेत्री, गणेश/रामचन्द्र रायमाझी, **पर्यटन विकास र व्यवस्थापन,** काठमाडौ, एशिया पब्लिकेशन्स २०५७ ।

**Websits:**

1. www.welcomenepal.com
2. www.tourism.gov.np
3. http//www.homestaynepal.com
4. www.nepalculture.org.np
5. www.ghumnajau.com
6. www.dreamnepal.com.np
7. www.ntnc.org.np
8. www.doinepal.gov.np

परिशिष्ट-१

# नेपालको सांस्कृतिक पर्यटन विकासमा होमस्टेको भूमिका

## स्थलगत सर्वेक्षणको लागि प्रश्नावली

## (Field Survey Questioner):

**तलका प्रश्नको (क), (ख), (ग) र (घ) मध्ये कुनै एकमा (√) लगाउनु होस् । खाली ठाँउमा लेख्नुहोस् ।**

१. यहाँले होमस्टे संचालन गर्नु भएको कति बर्ष भयो ?

(क) १ बर्ष भन्दा कम (ख) १ देखि ३ बर्ष (ग) ४ देखि ५ बर्ष (घ) ५ बर्ष भन्दा बढि

२. यहाँलाई होमस्टे संचालन गर्ने प्रेरणा कहाँबाट प्राप्त भयो ?

(क) आफ्नै मनबाट (ख) छिमेकी/ आफन्तबाट (ग) संघसंस्थाबाट (घ) नेपाल सरकारबाट

३. यहाँको होमस्टेमा पाहुनाहरु कहाँबाट आउछन् ?

(क) आफन्तको सम्पर्कबाट (ख) विदेशबाट (ग) संचार माध्यमबाट (घ) आफ्नै ब्यवहार र परिकारबाट

४. यहाँले होमस्टे संचालन गर्ने क्रममा शुरुमा श्रोत/ रकम कसरी जुटाउनु भयो ?

(क) आफ्नै कमाईबाट (ख) छिमेकी/ आफन्तबाट (ग) संघसंस्थाबाट ऋण (घ) नेपाल सरकारबाट सहयोग

५. यहाँले होमस्टे संचालनको शुरुवात कति रकमबाट गर्नुभएको थियो ?

(क) रु. पाँचदेखि दस हजार (ख) रु.दसदेखि पचास हजार (ग) रु.पचासदेखि पचहत्तर हजार (घ) पचहत्तर हजारभन्दा बढि

६. यहाँको होमस्टेमा आएका पाहुनाहरु एक पटकमा औसत कति दिनसम्म बस्छन् ?

(क) १ दिन (ख) २ देखि ५ दिन (ग) ५ देखि ७ दिन (घ ७ दिनभन्दा बढि

७. यहाँले होमस्टेमा आएका एक जना पाहुना बराबर दैनिक सरदर कति आम्दानी गर्नुहुन्छ ?

(क) रु.१०० देखि ३०० सम्म (ख)रु.३०० देखि ५०० सम्म (ग) रु.६०० देखि १००० सम्म (घ) रु.१००० भन्दा माथि

८. यहाँले पाहुनाहरुलाई सत्कार गर्ने बस्तु कसरी जुटाउनु हुन्छ ?

(क) आफ्नै उत्पादनबाट (ख) छिमेकी/आफन्तबाट संकलन (ग)स्थानीय बजारमा खरिद (घ) वाहिरी सहर /देशबाट

९. यहाँकोमा आउने पाहुनाहरुको व्यवहार, यहाँले प्रदान गर्ने सेवा र प्राप्त गर्ने रकमबाट यहाँ सन्तुष्ट हुनुहुन्छ ?

(क) पूर्ण सन्तुष्ट छु (ख) थोरै सन्तुष्टी (ग) सन्तुष्टी नभएपनि भएजस्तो गर्छु (घ) सन्तुष्ट छैन

१०. होमस्टेको अवधारण आउनुभन्दा अगाडी र होमस्टे सञ्चालन भएपछि आउने पर्यटकको संख्या बढेको छ की छैन ?

(क) बढेको छ (ख) बढेको छैन (ग) अझ घटेको छ (घ) उस्तै छ

११. होमस्टेको अवधारण आउनुभन्दा अगाडी र होमस्टे सञ्चालन भएपछि आउने पर्यटकको स्तर बढेको छ की छैन ?

(क) बढेको छ (ख) बढेको छैन (ग) अझ घटेको छ (घ) केही बढेको छ

१२. होमस्टेमा आउने पाहुनाहरुबाट होमस्टे सञ्चालकहरु माथि गरिने व्यवहार कस्तो छ ?

(क) आदरपूर्ण (ख) सामान्य (ग) शंकास्पद (घ) हेयपूर्ण

१३. होमस्टे सम्बन्धी आधारभूत / विशेष तालिम लिनु भएको छ ?

(क) छ (ख) छैन (ग) यही लिएको छ (घ) वाहिर गएर लिएको छ

१४. होमस्टे सञ्चालन कार्यमा महिला बढी हुनुहुन्छ की पुरुष बढी हुनुहुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुबै बराबरी (घ) मिलेर चलाएका छौं

१५. यहाँहरुलाई होमस्टे सम्बन्धी तालिमको आवश्यकता छ ?

(क) छ (ख) छैन (ग) भएमा राम्रो (घ) थाहा छैन

१६. होमस्टे सञ्चालनबाट आफ्नो संस्कृतिमा पारेको सकारात्मक प्रभावहरु के के छन् ?

√ √

√ √

१७. होमस्टे सञ्चालनबाट आफ्नो संस्कृतिमा  पारेको नकारात्मक प्रभावहरु के के छन् ?

√ √

√ √

१८. होमस्टेमा आउने कानुनी दम्पत्तिहरु मात्र एकै ठाँउमा बस्छन् कि कानुनी प्रकृया नपु-याएका पनिसँगै बस्छन् ?

√

१९. होमस्टेको प्रचार प्रसार स्वदेशीले  की विदेशीले  बढि गरेका छन् ?

√

२०.होमस्टेमा स्वास्थ्य तथा सरसफाई सम्बन्धी कस्तो व्यवस्था गरिएको छ ?

√

२१. होमस्टेमा पाहुनाहरलाई मनोरञ्जन गराउने प्रकृया के के छन् ? कसरी मनोरञ्जन गराउनु हुन्छ ?

√

२२. आफ्नो खानपान तथा संस्कृति प्रति गर्भ गर्नु हुन्छ की हुदैन ? कस्तो सोच्नु हुन्छ ?

√

२३..होमस्टे व्यवसायलाई भविष्यमा अगाडी बढाउन यहाको कस्तो योजना छ ? अन्य निकायबाट कस्तो सहयोगको

आशा राख्नु भएको छ ?

√

२४..यहाँहरुले संचालन गर्नु भएको होमस्टे सम्बन्धी अनुसन्धान /प्रकाशन भएको छ की छैन ? भएको छैन भने के गर्न आवश्यक छ ?

√

२५. यहाँहरुको होमस्टेको लागि उपयोगी तथा सहयोगी सामग्री तयार भएमा प्रकाशन गर्न कस्तो मद्दत गर्नु हुन्छ ?

√

२६. होमस्टे संचालन भएको स्थानको सुरक्षा व्यवस्था कस्तो छ ?

√

नामः होमस्टेको नाम/ किसिमः

मितिः जिल्लाः

## परिशिष्ट-२

### सर्वेक्षणमा सहभागी होमस्टे संचालकहरू

| क्र.स. | सहभागीको नाम | उमेर | ठेगाना/जिल्ला | सम्पर्क नं. |
|---|---|---|---|---|
| ०१ | दुर्गादेवी घले | ५० | घले गाँउ, लम्जुङ्ग | ९८४६४२७२८९ |
| ०२ | सीता घले | ३१ | घले गाँउ, लम्जुङ्ग | ६६३८०१६ |
| ०३ | हेमकुमारी घले | ३५ | घले गाँउ लम्जुङ्ग | ९८०६७९४९८१ |
| ०४ | आशा घले | ४० | घले गाँउ लम्जुङ्ग | ९८४६१४०७२६ |
| ०५ | बिष्णु गुरुङ्ग | ३९ | भुजुङ्ग, लम्जुङ्ग | |
| ०६ | गंगा घले | ३२ | घले गाँउ, लम्जुङ्ग | |
| ०७ | पुतलीकाशी घले | ३८ | घले गाँउ, लम्जुङ्ग | ९८४६२४७२०१ |
| ०८ | हिराकाशी घले | ३८ | घले गाँउ, लम्जुङ्ग | ९८४६२४७२०१ |
| ०९ | पित्रमान गुरुङ्ग | ४४ | भुजुङ्ग, लम्जुङ्ग | ९८४६७०९९३४ |
| १० | शान्ता गुरुङ्ग | ३० | घले गाँउ, लम्जुङ्ग | ९८१६६३९६५१ |
| ११ | दीर्घ घले | २८ | घले गाँउ, लम्जुङ्ग | ९८४६१९३०६७ |
| १२ | जुनी गुरुङ्ग | ३० | भुजुङ्ग, लम्जुङ्ग | |
| १३ | गोवर्धन गुरुङ्ग | ४२ | भुजुङ्ग, लम्जुङ्ग | |
| १४ | इन्द्रमाया गुरुङ्ग | ४० | भुजुङ्ग, लम्जुङ्ग | ९८४६७०९९३४ |
| १५ | राधाकृष्ण बस्नेत | ५७ | चित्लाङ्ग, मकवानपुर | ९८०४३९१८८२ |
| १६ | रामकृष्ण बस्नेत | ३८ | चित्लाङ्ग, मकवानपुर | |
| १७ | पूर्ण वहादुर गुरङ्ग | ४५ | भुजुङ्ग, लम्जुङ्ग | |
| १८ | पुण्यमान बलामी | ४५ | चित्लाङ्ग, मकवानपुर | |
| १९ | रामकृष्ण बलामी | ४६ | चित्लाङ्ग, मकवानपुर | |
| २० | विष्णुराज गुरुङ्ग | ३६ | भुजुङ्ग, लम्जुङ्ग | |
| २१ | उत्तमराज घले | ४१ | घले गाँउ, लम्जुङ्ग | ९८४६१९३०६७ |
| २२ | लाल वहादुर श्रेष्ठ | ७३ | चित्लाङ्ग, मकवानपुर | |
| २३ | पुतली घले | ४४ | घले गाँउ, लम्जुङ्ग | |
| २४ | अशोक कुमार ठकुरी | ४८ | चित्लाङ्ग, मकवानपुर | ९८५११६२२५३ |

## परिशिष्ट-३

सर्वेक्षणको क्रममा छलफलमा सहभागी अन्य व्यक्तिहरू:

| क्र.स. | सहभागीको नाम | निकाय/जिल्ला | सम्पर्क नं. |
|---|---|---|---|
| ०१ | खेमराज खतिवडा | प्रधानाध्यापक, त्रिभुवन विद्याश्रममा.वि., भुजुङ्ग, | ९८५६०४५०६९ |
| ०२ | सपना वि.क. | बेशीसहर, लम्जुङ्ग | |
| ०३ | दना परियार | भोज गा.वि.स., लम्जुङ्ग | |
| ०४ | गम्भिरसिंह गुरुङ्ग | पर्यटन ब्यवसायी, लम्जुङ्ग | ९८१९१००२५४ |
| ०५ | सेते गुरुङ्ग | भुजुङ्ग, लम्जुङ्ग | |
| ०६ | उमा परियार | उद्यमी, भोज गा.वि.स., लम्जुङ्ग | |
| ०७ | गंगा घले | घले गाँउ, लम्जुङ्ग | |
| ०८ | ऐन वहादुर गुरुङ्ग | यातायात ब्यवसायी, लम्जुङ्ग | ९८५१०१०६०५ |
| ०९ | विजय प्रधान | संस्कृतिकर्मी/पर्यटन ब्यवसायी, काठमाडौ | ९८५१०३७८६६ |
| १० | मोहन वहादुर रेग्मी | ब्यवसायी, चित्लाङ्ग, मकवानपुर | |
| ११ | विष्णुप्रसाद दाहाल | प्राचार्य, स्वच्छन्द भैरव उच्च मा.वि., चित्लाङ्ग | ९७४५०१८२४० |
| १२ | रुद्र वहादुर बस्नेत | कृषक, चित्लाङ्ग, मकवानपुर | |
| १३ | गणेश कुमारी बस्नेत | गृहिणी, चित्लाङ्ग, मकवानपुर | |
| १४ | तेज वहादुर तामाङ्ग | चित्लाङ्ग, मकवानपुर | ९८१३८३३३२९ |
| १५ | आनन्द घिमिरे | पर्यटन ब्यवसायी, काठमाडौं | |
| १६ | पशुपति न्यौपाने | सह प्राध्यापक, पर्यटन, काठमाडैं | ९८५१०८४४३३ |
| १७ | गीता पराजुली | पर्यटन विभाग,भृकुटीमण्डप, काठमाडौं | ९८४१८८०६३४ |
| १८ | राम सुवेदी | संस्कृति तथा पर्यटन अभियन्ता | ९८५१०७९०४२ |

नेपाल सरकारबाट स्वीकृत मिति २०६७।४।३

# होमस्टे संचालन कार्यविधि, २०६७

ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जिवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामिण पर्यटन पूर्वाधारको दिगो विकास गर्ने ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, मधेशी, आदिवासी जनजाती र हालसम्म समेट्न नसकिएका समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण र विकास गर्ने पर्यटन नीति २०६५ अनुसार नेपालका ग्रामिण भेगमा तथा शहरी समेत होमस्टेको माध्यमबाट पर्यटनको विकास, प्रर्बद्धन, व्यवस्थापन र नियमन गर्न होमस्ट कार्यविधि जारी गर्न आवश्यक भएकोले नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले देहाय बमोजिमको होमस्टे संचालन कार्यविधि, २०६७ बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"होमस्टे संचालन कार्यविधि २०६७"** रहेकोछ ।
(२) यो कार्यविधि २०६७।५।१ बाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-
(क) **"होमस्टे"** भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्धेश्यले आफ्नै घर समुदायमा निजी वा सामूहिक रुपमा सञ्चालन गरिएको सेवा सम्झनु पर्छ ।
(ख) **"महाशाखा"** भन्नाले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन उद्योग महाशाखा सम्झनु पर्छ ।
(ग) **"कार्यालय"** भन्नाले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत स्थापना भएका पर्यटन कार्यालयहरु सम्झनु पर्छ ।
(घ) **"स्थानीय निकाय"** भन्नाले होमस्टे संचालन हुने स्थानको जिल्ला विकास समिति, नगरपालिका वा गाउँ विकास समिति सम्झनु पर्छ ।
(ङ) **"होमस्टे व्यवस्थापन समिति"** भन्नाले दफा ७ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।
(च) **"होमस्टे इकाई"** भन्नाले "होमस्टे संचालन गर्न व्यवस्थापन समिति अर्न्तगत रहेका प्रत्येक घर सम्झनु पर्छ ।

३. **उद्देश्यः** होमस्टे संचालनका मुख्य उद्धेश्य देहाय बमोजिमका हुनेछन्:-
(क) होमस्टे संचालन गरी पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदायमा पुर्‍याउने,
(ख) होमस्टे संचालन गरी ग्रामिण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागि गराउने,
(ग) होमस्टे संचालन गरी ग्रामीण समुदायको आयश्रोत बृद्धि गरी जीवनस्तर वृद्धि गर्ने,
(घ) होमस्टे संचालन गरी ग्रामिण तथा स्थानीय स्तरमा स्वरोजगार विकासको माध्यमको रुपमा उपयोग गर्ने,
(ङ) होमस्टे संचालन गरी पर्यटकलाई ग्रामीण जनजीवन साथै संस्कृतिका वारेमा जानकारी दिने,
(च) होमस्टे आवास सुविधा मात्र नभै पर्यटकलाई रितिरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्ने,
(छ) शहरी इलाकामा पर्यटकलाई सरल र सहज वातावरणमा बसोबासको व्यवस्था गर्ने ।

४. **होमस्टेको वर्गिकरणः** अनुसूचि-१ मा उल्लिखित मापदण्ड पूरा गरी अलग⁄अलग स्वामित्व भएका कम्तीमा पाँचवटा घरधनीले सामुहिक व्यवस्थापन गरी संचालन गरेको होमस्टेलाई सामुदायिक ग्रामीण होमस्टे ग्रामिण तथा शहरी क्षेत्रमा निजी स्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टेको रुपमा वर्गीकरण गरिएको छ ।

५ **पर्यटकीय क्रियाकलापः** (१) होमस्टेले स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप, परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इको ट्रेक तथा दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्नु पर्नेछ ।
(२) उपदफा (१) मा लेखिएदेखि बाहेक होमस्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नु पर्नेछः-
(क) स्थानीय सांस्कृतिक नाचगान तथा फुलमालाका साथ पर्यटकको स्वागत गर्ने,
(ख) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउमा मौलिक परम्परा वा सांस्कृतिमा आधारित सांस्कृति कार्यक्रमहरुको प्रस्तुती मेला, जात्रा जस्ता गतिविधीहरु आयोजना गरी सहभागी गराउने ।

(ग) सांस्कृतिक सम्पदा, संग्रालय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र स्थल, दृश्यावलोकन, जंगल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने,

(घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधि मा सहभागी गराई पर्यटक तथा स्थानीय जनता वीच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,

(ङ) पर्यटकको विदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित फुलमाला पहिराउने ।

६. **दर्ताका लागि निवेदन दिने**: (१) होमस्टे संचालन गर्न चाहनेले देहाय बमोजिमका कागजात सहित अनुसूचि-२ बमोजिमको ढाँचामा रु. ५।- को टिकट टाँसी महाशाखा वा कार्यालयमा निवेदन दिनु पर्नेछ,-

(क) सामुदायिक होमस्टेको हकमा कम्तीमा पाँचजना घरधनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता तथा निजी होमस्टका लागि संबन्धित नगरपालिका वा गाउँ विकास समितिको सिफारिस,

(ख) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी । नगरपालिका क्षेत्रको हकमा नक्सा पास भएको प्रमाण,

(ग) होमस्टे संचालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा महाशाखा वा सम्बन्धित कार्यालयले आफ्नो संयोजकत्वमा नेपाल पर्यटन बोर्ड, सम्बन्धित गाउँ विकास समिति /नगरपालिका, स्थानीय स्वास्थ्यकर्मी समेतको प्रतिनिधिले निरीक्षण गरी अनुसूची-१ बमोजिमको मापदण्ड पूरा भए/नभएको निरीक्षण गरी महाशाखा वा सम्बन्धित कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निरीक्षणबाट अनुसूची-१ बमोजिमको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा महाशाखा वा सम्बन्धित कार्यालयले प्रत्येक होमस्टेलाई एकाइको रुपमा दर्ता गरी अनुसुची-३ बमोजिमको ढाँचामा होमस्टे दर्ता प्रमाणपत्र दिनेछ ।

(४) मापदण्ड पूरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिइनेछ र पुनः स्थलगत निरीक्षण गरिनेछ ।

७. **होमस्टे व्यवस्थापन तथा संचालन**: (१) सामुदायिक होमस्टे सञ्चालन गर्न चाहने संचालकहरुले साधारण भेला गरी देहाय बमोजिमको होमस्टे सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ,–

| | | | |
|---|---|---|---|
| (क) | समुदायका सदस्यहरुबाट एक जना | – | अध्यक्ष |
| (ख) | समुदायका सदस्यहरुबाट एक जना | – | उपाध्यक्ष |
| (ग) | समुदायका सदस्यहरुबाट एक जना | – | कोषाध्यक्ष |
| (घ) | समुदायका सदस्यहरुबाट महिला सदस्य | – | सदस्य |
| (ङ) | समुदायका सदस्यहरुबाट एक जना सदस्य | – | सदस्य-सचिव |

(२) होमस्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जनासम्म सदस्यको चयन गर्न सक्नेछ ।

(३) होमस्टे व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,–

(क) पर्यटकीय क्रियाकलापहरु र पर्यटनहरुले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने ।

(ख) आगन्तुक/पर्यटकहरुको स्वागत तथा पाहुनाको आवास व्यवस्था मिलाउने,

(ग) पर्यटकको दर्ता व्यवस्था गर्ने,

(घ) आयव्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,

(ङ) प्रत्येक होमस्टेको नियमित अनुगमन गर्ने,

(च) स्थानीय भ्रमण प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने,

(छ) स्थानिय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने,

(ज) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन/व्यवस्थापन गर्ने,

(झ) पर्यटकहरुको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाहरुको व्यवस्थापन र समन्वय गर्ने,

(ञ) होमस्टेको साइनेज तथा लोकेसन म्याप तयार गर्ने,

(ट) पर्यटक आवास गृहमा उपलब्ध हुने सुविधा तथा मेनु/मुल्य निर्धारणमा एकरुपता कायम गर्ने,

(ठ) प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैतीस दिन भित्र पर्यटक संख्या, प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन महाशाखा वा कार्यलयमा पठाउने,

(ड)) होमस्टेको विकास, पवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

(ढ) जिल्लास्थित होमस्टे समन्वय समिति र केन्द्रमा रहेको पर्यटन मन्त्रालयसंग नियमित सम्पर्क र सञ्चार गर्ने ।

(ण) अनुसूची-४ बमोजिमको सूचना पर्यटकहरुले देख्ने स्थानमा राख्नु पर्ने,

(त) होमस्टे विकास प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने,

८. **जिल्ला होमस्टे समन्वय समिति** (१) प्रत्येक जिल्लामा जिल्ला विकास समिति अर्न्तगत रहने गरी सम्बन्धित जिल्ला विकास समितिको पर्यटन हेर्ने सदस्यको संयोजकत्वमा पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, सञ्चार, सुरक्षा, खानेपानी, विद्युत कार्यालयका प्रतिनिधी सदस्य रहने गरी जिल्ला होमस्टेसमन्वय समिति गठन गर्न सकिनेछ ।

(२) जिल्ला होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) जिल्ला स्थित होमस्टे व्यवस्थापन समितिहरु वीच समन्वय र सहजीकरण गर्ने,

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(ग) पर्यटकलाई स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने,

(घ) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,

(ङ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने,

(च) बाटो, पदयात्रामार्ग, भ्यूटावर, खानेपानी, स्वास्थ्य चौकी जस्ता साना पूर्वाधारहरु बनाउने वा वनाउन सम्बन्धित गा.वि.स.लाई सहयोग गर्ने ।

९. **अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्था**: (१) महाशाखा वा कार्यालयले आवश्यकतानुसार समय समयमा होमस्टे व्यवस्थापन समितिका कार्यहरु तथा प्रत्येक होमस्टेको इकाईको अनुगमन तथा निरिक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निरिक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होमस्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई महाशाखा वा कार्यालयले निलम्वन वा खारेज गर्न सक्नेछ ।

१०. **नवीकरण**: (१) प्रत्येक होमस्टे देहाय बमोजिमको कागजात संलग्न गरी प्रत्येक पाँच बर्षमा होमस्टे नबीकरणको लागि महाशाखा वा कार्यालयमा रु. ५।- को टिकट टाँसी निवदेन दिनु पर्नेछ ।

(क) विगत पाँचवर्षको आय व्यय र होमस्टेले प्रदान गरेको र पर्यटकहरुको लगत तथा विवरण ।

(ख) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम नवीकरणको लागि निवेदन पर्न आएमा महाशाखा वा कार्यालयले सम्बद्ध होमस्टेको निरिक्षण गरी मापदण्ड पूरा  भएकाको हकमा होमस्टको नवीकरण गर्नेछ र पूरा नभएका होमस्टेको नविकरण हुनेछैन ।

११. **प्रचार प्रसार तथा बजारीकरण**: होमस्टेको होर्डिङ्ग बोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचार प्रसारका सामग्रीहरुको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैरआवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरुलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा विक्री प्रबर्द्धन जस्ता काम कारवाई र कृयाकलाप नेपाल पर्यटन वोर्ड र तारा गाँउ विकास समितिले निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी होमस्टेको प्रचार प्रसार तथा बजारीकरण गर्नेछ ।

१२. **होमस्टे एसोशिएसन**: होमस्टे सम्बन्धी नीति निर्माण, व्यवस्थापन, प्रवर्द्धन तथा होमस्ट संचालन मापदण्डमा एकरुपता तथा अनुगमन कार्यमा नेपाल सरकारलाई सहयोग पुर्‍याउन होमस्टे संचालकहरुको होमस्टे एसोशिएसनले कार्य गर्नेछ ।

१३. **विविधः**

(१) प्रशिद्ध धार्मिक तिर्थस्थलमा दर्शनकोलागि आउने दर्शनार्थी तथा तिर्थालुहरुको वसोवास र खानपीनको वन्दोवस्त मिलाउन होमस्टे संचालनको लागि स्थानीय समूदाय समेतको सहभागीमा अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाहरुको अधिनमा रही सञ्चालन अनुमती दिन सकिनेछ

(२) होमस्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको वीमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ । व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा विमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ ।

(३) होमस्टे संचालन गर्ने संचालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नु पर्नेछ ।

(४) होमस्टे संचालन सम्बन्धी आधारभूत तालिम नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठान  लगायत अन्य स्वीकृत प्राप्त तालिम केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

*अनुसूची १*

(दफा ४ संग सम्बन्धित)

होमस्टे संचालनका आधारभूत मापदण्ड :

१. होमस्टका लागि घर, कोठा र शैया:

(क) प्रत्येक सामुदायिक होमस्टका लागि भिन्न भिन्न स्वामित्व भएका कम्तीमा ५ वटा घर ( होमस्टेयूनिट) हुनु पर्नेछ । एकआपसमा सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृती झल्कने र हावा हुरी, जंगली जनावर आदीबाट सुरक्षित हुनु पर्ने, खुला, हिलो तथा धुलोरहित सफासुग्घर हुनुपर्नेछ ।

(ख) होमस्टमा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनुपर्नेछ ।

(ग) होमस्टेसंचालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ ।

(घ) एउटा कोठमा बढीमा २ वटामात्र ओछ्यान रहनुपर्ने छ । ओछ्यान कम्तीमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनुपर्नेछ ।

(ङ) भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनुपर्नेछ ।

(च) ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनुपर्नेछ ।

(छ) नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओढ्नेको व्यवस्था हुनुपर्नेछ ।

(ज) भित्तामा वा ढोकाको पछाडीपट्टि लुगा झुण्ड्याउने व्यवस्था भएको हुनुपर्नेछ ।

(झ) कोठामा विजुली बत्ती वा लाल्टिन वा मैन वा टुकी पानस वाल्ने व्यवस्था हुनुपर्नेछ ।

(ञ) सुत्ने कोठामा धुवाँ आउन नहुने ।

(ट) सुत्ने कोठामा राम्रा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विरहरु भएमा राम्रो हुने ।

(ठ) फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को व्यवस्था हुनुपर्नेछ ।

(ड) सम्भव भएसम्म प्रत्येक पाहुनाका लागि १ जोर चप्पल (स्लीपर) को व्यवस्था हुनुपर्नेछ ।

(ढ) सम्भव भएसम्म भित्तामा एउटा अर्धकद (आधा शरिर) देखिने ठूलो ऐना झुण्डाएको हुनुपर्नेछ ।

(ण) सम्भव भएसम्म सुत्ने कोठामा चिया टेवल राख्नु राम्रो हुने ।

(त) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुने ।

२. शौचालय र स्नानगार :

(क) सुविधायुक्त र सफा शौचालय हुनु पर्ने ।

(ख) होमस्टे संचालन गर्ने घर वा समुदायमा नुहाउने प्रवन्ध (छुट्टै बाथरुम वा कम्तीमा छेकिएर नुहाउन सकिने सुविधायुक्त ठाउँ) ।

(ग) स्नानगारमा पानीको बाल्टी, मग, सावुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनु पर्ने ।

३. भान्छा कोठा र खाना खाने व्यवस्था :

(क) पाहुना राख्ने घर/कोठा नजिक गाई भैसी अथवा भेडाबाखा, सुगुँर, कुखुरा आदि वाध्न वा पाल्न नहुने ।

(ख) धेरै धुवाँ नहुने भान्सा (उन्नत वा सुधारिएको चुलो भएको) ।

(ग) पानीको सुविधा मिलाउनुपर्ने र खानेपानी फिल्टर गरेर वा उमालेरमात्र दिने ।

(घ) स्थानीय खानाका परिकारहरुलाई स्वास्थ्कर ढंगले पकाउने र खुवाउने प्रवन्ध हुनुपर्ने ।

(ङ) नेपालीहरुलाई राम्रोसंग पलेटी कसेर वसेर खान मिल्ने ठाउँ हुनुपर्ने ।

(च) विदेशीलाई सानो डाइनिङ्ग टेवलको पनि प्रवन्ध भए राम्रो हुने ।

(छ) खानपीन विवरण तथा मूल्य निर्धारण गरिएको हुनुपर्ने (मेनु भएको) ।

४.स्वास्थ्य, सरसफाई तथा सुरक्षा :

(क) मुसा, लामखुट्टे, उडुस, उपियाँ आदिबाट सुरक्षित हुनु पर्ने, दुर्गन्ध वा गाई भैसीको गोठबाट टाढा हुनु पर्ने, सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनु पर्ने, खुला नाली र ढल हुन नहुने ।

(ख) वातावरण मैत्री पर्यटन कृयाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, बृक्षरोपण ।

*अनुसूची २*

(दफा ६(१) संग सम्बन्धित)

होमस्टे दर्ताका लागि दिइने निवेदन

श्री पर्यटन उद्योग महाशाखा /पर्यटन कार्यालय,

हामीहरुले जिल्ला .......................... गा.वि.स./न.पा. ................... वडा नं. ......... टोल/गाउँ .....................मा संचालन गर्न लागेको ................................... होमस्टेलाई होमस्टे संचालन कार्यविधि, २०६७ बमोजिम सामुदायिक/निजी होमस्टेको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु /गर्दछौं ।

होमस्टे संचालन कार्यविधि निर्देशिका, २०६७ को अधिनमा रही आफ्नो होमस्टे संचालन गर्नेछौं ।

<u>संलग्न कागजात</u>ः

१. होमस्टे संचालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपिहरु
२. होमस्टे संचालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि
३. प्रत्येक घरधनीले होमस्टे संचालन गर्न मञ्जुर गरेको कागजात सहित होमस्टे व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी
४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्नेसम्बन्धी स्थानीय भेलाको निर्णय
५. निजी होमस्टेको हकमा सम्बन्धित स्थानिय निकायको सिफारिस
६. आधारभूत प्रशिक्षण लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि

निवेदक,

नामथरः
ठेगानाः
मिति :

**होमस्टे यूनिटहरु (दर्ता हुने व्यक्तिहरुको विवरण)**

| क्र.सं. | संचालकको नामथर | ठेगाना | क्र.सं. | संचालकको नामथर | ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |

नोटः सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनु पर्ने छ ।

*अनुसूची ३*
(दफा ६(३)संग सम्बन्धित)

नेपाल सरकार
## पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन उद्योग महाशाखा

प्रमाणपत्र संख्याः

भृकुटीमण्डप
काठमाण्डौ, नेपाल
मितिः ................

## होम स्टे संचालन प्रमाणपत्र

.......................................................... लाई होम स्टे संचालन कार्यविधि, २०६७ मा व्यवस्था भए अनुसार सामुदायिक / निजि होमस्टेका रुपमा दर्ता / नवीकरण गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

१) सदस्यको नामः
२) ठेगानाः
३. मान्य अवधिः

## HOME STAY OPERATION CERTIFICATE

......................................................................... home stay is registered/renewed as a community / private home stay under home stay operation procedures 2067 B.S.

1. Name of the owner:
2. Address of the owner :
3. Valid up to .......................

Section Officer

शर्तहरु

- व्यवस्थापन समितिसंग समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नुपर्ने छ।
- चलन चल्तीको वा निर्धारित मूल्यभन्दा बढी मूल्य लिनु हुदैन।
- स्थानीय समाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन। यो प्रमाणपत्र तथा अनुसूची ४ बमोजिमको आचारसंहिता सबैले देख्ने स्थानमा राख्नु पर्नेछ।
- व्यवस्थापन समितिसंग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ।
- व्यवस्थापन समितिसंग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ
- यो प्रमाणपत्र प्रत्येक ५।५ वर्षमा नवीकरण गराउनु पर्नेछ।

अनुसूची ४

(दफा ७(३)(ङ) संग सम्बन्धित)

**Code of Conduct for the Visitors**

*The home stay visitors are expected to abide the following points:*

1. Do not pressure the owner for food, beverage and facilities not available at home stay.
2. Do not disturb people at home or outside.
3. Do not offer anything to the people beyond one's capacity.
4. Beware of doing any behavior (such as sexual activities), which is impermissible to the local socio-cultural values.
5. Respect to the rites and rituals of the local people. Wear such clothes that are permissible to the community.
6. Do not impress the owner or use or other people for doing immoral or illegal activities. Respect to the household routine for entrance and exit.
7. Supply and use of narcotics or any forms of psychotropic drugs at home or outside is strictly prohibited.
8. Respect to the bio-diversity and ecology of the environment.

# पर्यटन नीति, २०६५

नेपाल सरकार
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरवार, काठमाडौं

# पर्यटन नीति, २०६५

## १. पृष्ठभूमि

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल, विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा सुपरिचित छ । विज्ञान, प्रविधि र संचार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्बर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

## २. वर्तमान स्थिति

पर्यटकीय गन्तव्य स्थल तथा पर्यटकीय सम्पदा संरक्षण, पर्यटकको सुरक्षा, सेवा सुविधाको संख्यात्मक र गुणात्मक वृद्धि, पर्यटकीय पूर्वाधार विकास सम्बन्धी विषयमा सरकार तथा निजी क्षेत्र वीच समन्वयात्मक भूमिका रहेको छ । तथापि स्रोत र साधनको बाँडफाँड र उपयोग जस्ता नीतिगत विषय तथा सडक, खानेपानी, विद्युत, सञ्चार जस्ता पूर्वाधार निर्माणमा प्रत्यक्ष रुपमा संलग्न निकाय र संस्था वीचको समन्वयमा अपेक्षित प्रभावकारिता देखिन सकेको छैन । पर्यटन पूर्वाधार विकास, सञ्चालन र प्राप्त लाभको बाँडफाँडमा स्थानीय समुदाय र नागरिकको भूमिका, मूल्य, मान्यता र स्वामित्वको विषय उचित रुपमा संबोधन हुन नसक्दा सरकारी लगानीमा निर्माण र विकास भएका पूर्वाधारको दिगो रुपमा उपयोग हुन सकेको छैन । पर्याप्त मात्रामा पर्यटकको आगमन भएमा पूर्वाधारको विकास गर्ने वा पूर्वाधारको विकास भएमा पर्यटकको संख्यामा बृद्धि हुने विषयमा देखिएको अन्योलता यथावत रुपमा रहेको छ । पर्यटक स्थलमा पर्यटक, स्थानीय समुदाय र नागरिक वीच अपेक्षित समन्वय कायम हुन नसकेको कारणबाट यदाकदा विसँगति देखिने गरेको छ । द्वन्दकालमा क्षतिग्रस्त पर्यटन विकाससंग सम्बद्ध संरचनाको पुनर्निर्माण एवं विस्तारमा ध्यान केन्द्रित गर्नु पर्ने भएको छ ।

## ३. समस्या र चुनौती

(क) बिदेशी पर्यटकहरुका लागि आवश्यक सेवा समयमै उपलब्ध गराउनु पर्नेमा पर्याप्त सूचनाको अभावमा स्वदेशभित्रै होटल, ट्राभल र टूर अपरेटरहरुबीच संजाल स्थापना गर्न नसक्नाले पर्यटकले थप हैरानी व्यहोर्नु परेको अवस्था छ भने नेपाल आउन खोज्ने विभिन्न देशका पर्यटकहरुलाई सोझै नेपाल सम्म आउनसक्ने भरपर्दो हवाइसेवाको सञ्जाल विस्तार गर्न सकिएको छैन ।

(ख) पर्यटकीय स्थलहरुको पहिचान गरी ती क्षेत्रमा पूर्वाधारको एकीकृत एवं समन्वयात्मक विकासका सम्भावनालाई अवसरको रुपमा उपयोग गर्न सकिएको छैन भने प्राप्त लाभको न्यायोचित वितरण गर्नु पनि चुनौतीपूर्ण देखिएको छ ।

(ग) स्थानीय उत्पादन उपलब्ध नहुँदा पर्यटकले उपभोग गर्ने सेवा र वस्तुको उपभोगबाट प्राप्त हुने लाभ अपेक्षित मात्रामा प्राप्त गर्न सकिएको छैन भने पर्यटनजन्य क्रियाकलापलाई वातावरणमैत्री बनाई संचालन गर्नु पनि चुनौतीपूर्ण कार्य भएको छ ।

(घ) पर्यटन क्षेत्रमा संलग्न जनशक्तिलाई उपयुक्त प्रशिक्षण दिन नसक्दा स्तरीय सेवा र त्यसबाट बढी लाभ लिन एवं सेवा सुविधाको विस्तार गर्न समेत सकिएको छैन ।

(ङ) पर्यटन विकासका सम्भावना तथा अवसरहरु प्रशस्त भएपनि यसलाई उपयुक्त स्तरमा विकास गरी आय आर्जनमा रुपान्तरण गर्नु चुनौतीपूर्ण कार्य भएको छ भने ग्रामीण गरीबी निवारणका लागि पर्यटन कार्यक्रमको उपलब्धिलाई मूल्याङ्कन गरी दिगो विकासका कार्यक्रमहरु शुरु गर्न सकिएको छैन ।

(च) यथेष्ट श्रोत, तथ्याङ्क एवं सूचनाको अभावमा सम्पदा संरक्षण कार्यलाई प्रभावकारी बनाउन सकिएको छैन ।

(छ) पर्यटन क्षेत्रका साझेदार सरकारी, गैरसरकारी एवं निजी लगानीकर्ताहरु पूर्वाधार विकासमा भन्दा प्रबर्द्धनात्मक कार्यमा बढी संलग्न हुँदा यो क्षेत्रले लगानीमा प्राथमिकता पाउन सकेको छैन ।

(ज) द्वन्द्वकालमा क्षतिग्रस्त संरचना (विमानस्थलहरु) को पुननिर्माण एवं विस्तार कार्य श्रोतको अपर्याप्तताका कारण सञ्चालनमा ल्याउनु चुनौतीपूर्ण कार्य भएको छ ।

(झ) स्थानीय निकायको संलग्नता र सक्रियता विना पर्यटन क्षेत्रको विकास दिगो हुन नसक्ने अवस्था टड्कारो हुँदा हुँदैपनि यस सम्बन्धी व्यवस्थापकीय, नीतिगत र कानुनी व्यवस्था गर्न नसक्दा जिम्मेवारी, स्वामित्व सिर्जना र समन्वयमा प्रभावकारिता आउन सकेको छैन ।

(ञ) पूर्वाधार निर्माणमा प्रत्यक्ष संलग्न रहने सडक, खानेपानी, विद्युत, संचारसँग समन्वयात्मक रुपमा क्रियाकलाप संचालन हुन सकेको छैन ।

## ४. नयाँ नीतिको आवश्यकता

दशवर्षे लामो जनयुद्ध र ऐतिहासिक जनआन्दोलनको परिणाम स्वरुप सम्पन्न वृहत शान्ति सम्झौता पश्चात शुरु भएको शान्ति प्रक्रिया सँगसँगै सम्पन्न निर्वाचनद्वारा संविधान सभाको गठन पछि नेपालको अन्तरिम संविधान, २०६३ मा भएको चौथो संशोधनबाट “नेपाल एक संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक राज्य” घोषणा हुनुका साथै शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन आवश्यक प्रयास भैरहेको छ । विश्वले नै नेपालको शान्ति प्रक्रियालाई चासोका साथ नियालीरहेको अवस्थामा परिवर्तनका सकारात्मक उपलब्धि स्वरुप सन् २००७ मा पाँच लाखभन्दा बढी पर्यटकले नेपाल भ्रमण गरेबाट मुलुकमा पर्यटक आवगमनको सँख्यामा वृद्धि मात्र नभई पर्यटन व्यवसायमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ताको लगानी गर्ने चाहनामा वृद्धि हुन गएका संकेतहरू देखा परेका छन् । आर्थिक परिवर्तनका लागि पर्यटन प्रवर्द्धनको आवश्यकतालाई पहिचान गरी आ.व. २०६५/०६६ देखि नेपाल सरकारले पर्यटनलाई नयाँ आर्थिक विकास नीतिको उच्च प्राथमिकतामा राखी यसको विकासको लागि सम्बद्ध सबै मन्त्रालयका नीति तथा कार्यक्रमहरुलाई पर्यटन प्रवर्द्धनोन्मुख हुने गरी पर्यटन नीति २०५२ लाई परिमार्जन गरी नयाँ पर्यटन नीति ल्याउने घोषणा गरेको छ । पर्यटन सेवाबाट प्राप्त हुने लाभ स्थानीय समुदाय र जनतामा पुऱ्याउन ग्रामीण पर्यटकीय कृयाकलापको विस्तार तथा अभिवृद्धि गर्ने र त्यसका लागि नयाँ पर्यटनस्थलको खोजी, पहिचान, पर्यटन पूर्वाधार विकास, पर्यटकलाई उपलव्ध गराउने सेवाको गुणस्तरमा बृद्धि, सहज पहुँच, सुरक्षित गन्तव्य, बसाईंको अवधि लम्ब्याउने जस्ता विविध पक्षलाई पर्यटन नीतिले सम्बोधन गर्नु आवश्यक छ । विदेशी मुद्राको आर्जन, रोजगारीका अवसरको वृद्धि सँगसँगै जनताको जीवनस्तरमा सुधार गरी पर्यटनलाई गरीबी निवारण र नयाँ आर्थिक विकाससँग आवद्ध गरी पर्यटन विकास गर्नु पर्ने देखिन्छ । पर्यटन सेवाको क्षेत्रलाई संख्यात्मक एवं गुणात्मक वृद्धि गर्ने काम सरकारी क्षेत्रबाट मात्र संभव नभएकोले सार्वजनिक, सामुदायिक तथा निजी क्षेत्र समेतको संयुक्त साझेदारीमा पर्यटन क्षेत्रको विकास गर्नु आवश्यक छ । यिनै पृष्ठभूमिमा पर्यटन प्रवर्द्धनलाई नयाँ उचाईमा पुऱ्याई आर्थिक परिवर्तनको आधारशिला तयार गर्न साविकको नीतिलाई परिमार्जन गरी नयाँ पर्यटन नीति ल्याउनु परेको हो ।

## ५. नयाँ नीतिको अपेक्षा

विश्व पर्यटन मानचित्रमा नेपाललाई आकर्षक, रमणीय र सुरक्षित गन्तव्य स्थलको रुपमा परिचय गराउदै, पर्यटन क्षेत्रका हवाई, होटल, ट्राभल तथा टूर जस्ता विविध प्रकारका गतिविधि र व्यवसायमा बृद्धिभई सर्वसाधारणको जीविकोपार्जनका लागि रोजगारीका अवसर लगायत उत्पादनशीलता, जनताको जीवनस्तर र आर्थिक बृद्धि दर सँगसँगै राजस्वमा योगदान पुऱ्याउने अपेक्षा प्रस्तुत नीतिले लिएको छ । यसबाट विशेष गरी ग्रामीण पर्यटन क्षेत्रमा स्थानीय समुदायको स्वामित्व र गुणस्तरीय सेवाको प्रतिस्पर्धामा विकास हुन जानेछ । साथै विद्यमान पर्यटकीय क्षेत्रहरुका पूर्वाधार सञ्चालनमा सुधार आउनुका साथै नयाँ पर्यटकीय सम्भावना भएका क्षेत्रमा पूर्वाधार विकासतर्फ लगानी प्रबर्द्धन गर्न प्रोत्साहन मिल्नेछ । पर्यटकीय क्षेत्रहरुमा स्थापित सामाजिक, सांस्कृतिक परम्परालाई अन्य देशका पर्यटक मार्फत बजारीकरणको अवसर प्राप्त भई अन्य देशका राम्रा पक्ष सिक्ने अवसर प्राप्त हुन सक्नेछ भने विभिन्न क्षेत्रका सांस्कृतिक, प्राकृतिक, पुरातात्विक एवं जैविक सम्पदाहरुको संरक्षण र प्रचारप्रसारबाट नेपालका विशेषताहरु विश्वमा फैलाउन सहज हुन गई यस क्षेत्रमा थप प्रोत्साहन समेत मिल्न सक्नेछ ।

## ६. **दीर्घकालीन दृष्टिकोण** (Vision) **तथा लक्ष्य** (Goal)

(क) **दीर्घकालीन दृष्टिकोण**: नेपालका प्राकृतिक, सांस्कृतिक, जैविक एवं मानवनिर्मित सम्पदाहरुको संरक्षण तथा प्रबर्द्धन गर्दै नेपाललाई विश्व मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यस्थलको रुपमा विकास गर्नु पर्यटन क्षेत्रको दीर्घकालीन दृष्टिकोण (Vision) हुनेछ ।

(ख) **लक्ष्य** : राष्ट्रिय सम्पदाहरुलाई दिगो उपयोगको माध्यमबाट पर्यटकीय कृयाकलापमा प्रयोग गरी राष्ट्रिय आयमा पर्यटन क्षेत्रको उल्लेख्य मात्रमा बृद्धि गराई जनताको जीवनस्तरमा सुधार ल्याउनु पर्यटन क्षेत्रको लक्ष्य (Goal) हुनेछ ।

## ७. **उद्देश्यहरु (Objectives)**

पर्यटन नीतिका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :-

(क) पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्या-पर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निबारणसँग आवद्ध गरी उनीहरूको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्द्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्ने,

(ख) देशका मूर्त-अमूर्त प्राकृतिक, सांस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरुको खोज, संरक्षण, सम्बर्द्धन एवं विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्य स्थलको रुपमा विकास गर्ने,

(ग) सुलभ, सुरक्षित, भरपर्दो र नियमित हवाई तथा स्थल यातायातको माध्यमद्वारा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रबर्द्धन गर्ने,

(घ) पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक स्रोत र साधनको उपयोग गर्दा वातावरण संरक्षण गर्दै त्यस्ता श्रोत र साधनको दिगो रुपमा उपयोग गर्ने ।

## ८. **नीतिहरु** (Policies)

पर्यटन विकासका नीतिहरु देहाय बमोजिम हुनेछन्:-

(क) पर्यटन उद्योगको विकास एवं विस्तारकोलागि क्षेत्रगत विकासका अवधारणा सहित गुरु योजना तर्जुमा गरी त्यसलाई आवधिक योजना तथा वार्षिक कार्यक्रममा समावेश गरी प्रवर्द्धन गरिनेछ, ।

(ख) ग्रामिण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा अघि बढाइनेछ । मुलुकको विकास प्रक्रियामा समेट्न नसकिएका महिला, मधेशी, आदिवासी जनजाती लगायतका विपन्न समूह समेतमा पर्यटन व्यवसायबाट प्राप्त लाभको बाँडफाँड गर्न समावेसी र सहकारीको माध्यमबाट उपयुक्त संरचनाको निर्माण र विकास गरिनेछ ।

(ग) आन्तरिक पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा अघि बढाइनेछ,

(घ) पर्यटन उद्योगले उपलब्ध गराउने सेवाको प्रकृतिका आधारमा पर्यटन उद्योगलाई विशिष्टीकृत रुपमा विभाजन गरिनेछ र पर्यटन उद्योगले उपलब्ध गराउने सेवाको क्षमताको आधारमा ठूला, मझौला र साना उद्योगमा वर्गीकरण गरिनेछ ।

(ङ) ठूला प्रकृतिका पर्यटन उद्योगमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ता मार्फत सार्वजनिक तथा निजी साझेदारीमा र मझौला र साना प्रकृतिका पर्यटन उद्योगमा राष्ट्रिय लगानीकर्तालाई प्राथमिकताको आधारमा लगानी खुला गरिनेछ । पर्यटन पूर्वाधार विकासकोलागि निर्माण, स्वामित्व, संचालन र हस्तान्तरण सम्बन्धी कानूनी अवधारणा र प्रकृया (BOOT) मोडेलमा सञ्चालन गरिनेछ ।

(च) पर्यटन क्षेत्रको पूर्वाधार विकासमा अहं भूमिका खेल्ने हवाई सेवालाई सुरक्षित नियमित र भरपर्दो बनाइनेछ ।

(छ) पर्यटन क्षेत्रको विकासमा सरकारको भूमिका ठूला पूर्वाधार निर्माण र पर्यटन सेवा वा वस्तुको विकास एवं विस्तारमा सहजकर्ता, नियमनकर्ता, समन्वयकर्ता र उत्प्रेरकको रुपमा रहने गरी यस क्षेत्रमा निजीक्षेत्रको भूमिकालाई प्रोत्साहन गरिनेछ ।

(ज) पर्यटन सेवाको सँख्यात्मक तथा गुणात्मक अभिवृद्धिकालागि मानव संसाधनको विकास तथा व्यवस्थापन, गुरुयोजना तर्जुमा र कार्यान्वयन, तथ्याङ्क संकलन र प्रयोग जस्ता कार्यक्रम निजी क्षेत्रसंगको समन्वयमा संचालन गरिनेछ ।

(झ) पर्यटकीय पूर्वाधारको विकास, निर्माण र संचालनमा वातावरण संरक्षणको पक्षलाई प्राथमिकता दिई कार्यान्वयन पक्षलाई प्रभावकारी बनाईनेछ ।

(ञ) पर्यटकीय व्यवसायको बजारीकरण गर्न आधुनिक सूचना प्रविधिको उपयोग गरिनेछ ।

(ट) पर्यटकहरूको सुविधा तथा सुरक्षाकालागि आवश्यक प्रवन्ध मिलाईनेछ ।

(ठ) पर्यटन उद्योगलाई आधारभूत उद्योगका रुपमा स्थापना गर्न विविध प्रकारका सुविधा तथा सहुलियतहरु प्रदान गरिनेछ ।

(ड) पर्यटन उद्योगमा संलग्न उद्यमी तथा श्रमिक वीचको सम्बन्ध सुमधुर बनाइनेछ ।

(ढ) पर्यटनको विकास, विस्तार, प्रबर्द्धन र समन्वयकालागि पर्यटनसँग सम्बन्धित कानुनी, संस्थागत र प्रक्रियागत व्यवस्थामा सुधार गरिनेछ ।

(ण) पर्यटन व्यवसायसँग सम्बन्धित विविध गतिविधिको सञ्चालन र यसका पूर्वाधारको विकास, निर्माण तथा विस्तारमा सम्बन्धित मन्त्रालय वा निकायहरुसँग समन्वय गरी एकीकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(त) पर्यटन नीतिको प्रभावकारी कार्यान्वयनकालागि अन्तर मन्त्रालय र सम्बद्ध निकाय वीच समन्वय कायम गर्न उच्चस्तरीय पर्यटन परिषद् र पर्यटन विकास समन्वय समिति गठन गरिनेछ ।

९. <u>कार्यनीतिहरू</u> :

पर्यटन नीति कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यनीतिहरू अवलम्बन गरिनेछः-

(क) **प्रवर्द्धनात्मक (नीति ८क. सँग सम्बन्धित)**

(१) नेपालमा बढी भन्दा बढी पर्यटक भित्र्याउन र सो क्रमलाई निरन्तरता दिन विविध प्रकारका आकर्षक कार्यक्रमको अतिरिक्त खास वर्ष वा अवधिलाई नेपाल भ्रमण वर्ष वा पर्यटन वर्षको रुपमा प्रस्तुत गरिनेछ ।

(२) नेपालको पर्यटनलाई सबै मौसम अनुकूल (All Seasons) बनाउन बेमौसममा नेपाल आउन चाहने पर्यटक र पर्यटक ओसार पसार गर्ने वायुसेवालाई विशेष सुविधा दिईने छ ।

(३) पर्यटन क्षेत्रको अन्तर्राष्ट्रिय बजार अध्ययन गरी पर्यटकको स्तर अनुसार विभिन्न समूहमा विभाजन गरी लक्षित समूह अनुकूल नेपाल प्रवेश देखि बाहिरिदा सम्मको पूर्ण प्याकेज कार्यक्रम तयार गर्न र प्रस्तुत गर्न पर्यटन व्यवसायीलाई प्रोत्साहन दिईनेछ ।

(४) पर्यटन व्यवसायी (विशेषतः ट्राभल र ट्रेकिङ एजेन्सी तथा होटलहरू) बीच स्वस्थ प्रतिस्पर्धा तथा सहकार्यमा अभिवृद्ध गर्न समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।

(५) लक्षित पर्यटकीय श्रोत वा उद्गम मुलुकहरूसँग हवाई सेवा सम्झौता गर्दा एक आपसमा पर्यटन प्रवर्द्धनमा सहयोग हुने प्रावधान समावेश गरिनेछ ।

(६) पारस्परिक लाभमा आधारित पर्यटन गतिविधिहरू बृद्धि गर्न खास गरेर हवाई सम्पर्क भएका र पर्यटक उद्गम हुने देशहरूसँग द्विपक्षीय पर्यटन सम्झौताहरू गरिनेछ ।

(७) पर्यटन व्यवसायी र विमान सेवा सञ्चालकहरु वीच सहकार्य र समन्वय गर्न प्रोत्साहन दिइनेछ ।

(८) नेपाल आउने पर्यटकको परम्परागत बजारका अतिरिक्त छिमेकी मित्रराष्ट्रहरू, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) तथा Bay of Bengal Initiative for Multisectoral Technical and Economic Co-operation (BIMSTEC) का सदस्य मुलुकहरू तथा छोटो दूरीको यात्रा एवं हवाई तथा स्थल यातायातले जोडिएका स्थानका पर्यटकलाई आकर्षित गर्न विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(९) विश्व पर्यटन बजारमा नेपालको छवि स्थापित गर्न नेपाललाई समष्टिगत एवं पर्यटकीय सम्पदा र पर्यटकीयस्थल अनुरुप उचित तवरले "ब्रान्डिङ्ग" गर्दै लगिनेछ ।

(१०) पर्यटन र सोसँग सम्बन्धित पूर्वाधारहरूको विकास, विस्तार र सुधारका लागि तथा अन्य गरीबमूखी ग्रामीण तथा पर्या-पर्यटनसित सम्बन्धित कार्यक्रमहरूका लागि द्विपक्षीय तथा बहुपक्षीय बैदेशिक सहायता परिचालन गरिनेछ । यस प्रकृयाद्वारा जनचेतना, मानव संसाधन विकास तथा तालीमजस्ता कार्यक्रमका लागि स्थानीय निकाय, गैर सरकारी संघ संस्थालाई प्रोत्साहन गरिनेछ ।

(११) पर्यटन उद्योगको विकासमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न द्विपक्षीय एवं बहुपक्षीय सहायता परिचालन गरिनेछ ।

(१२) विश्व पर्यटन संगठन, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, एशियाली विकास बैंक, विश्व बैंक जस्ता बहुपक्षीय विकास साझेदारहरूलाई पर्यटन पूर्वाधार विकासका साथै स्थानीय जनताको जीवनस्तर सुधार हुने क्षेत्रमा लगानी बढाउन अभिप्रेरित गरिनेछ ।

(१३) नेपालका विभिन्न हिमाल आरोहण गरी ख्याति कमाएका बिदेशी ब्यक्तिहरू, नेपालको बारेमा सकारात्मक सोंचाई राख्ने अन्तर्राष्ट्रिय ख्यातिप्राप्त ब्यक्तिहरू, नेपाललाई माया गर्ने अन्य क्षेत्रका बिदेशी प्रतिष्ठित महानुभावहरूलाई नेपालका साथी (Friends of Nepal) का रूपमा मान्यता प्रदान गरी मौखिक प्रबर्द्धन (Words of Mouth) बाट प्रचारप्रसारमा उनीहरुको सहयोग लिइनेछ । नेपालका साथीलाई पर्यटन प्रबर्द्धनको सिलसिलामा नेपाल आउँदा भिसा शुल्कमा सहुलियत दिने

व्यवस्था मिलाइनेछ । ख्यातिप्राप्त नेपालीलाई अन्तर्राष्ट्रिय स्तरमा पर्यटन प्रबर्द्धन गर्ने कार्यमा सहभागी गराइनेछ ।

(१४) नेपाल भ्रमणमा आउने पर्यटक संख्या बृद्धिमा ठोस योगदान पुऱ्याउने स्वदेशी तथा विदेशी व्यक्ति वा संस्थालाई राष्ट्रियस्तरको आकर्षक सम्मान वा सहुलियतयुक्त प्याकेजको व्यवस्था गरिनेछ ।

(१५) बिदेशी मुलुकमा बसोबास गरेका गैरआवासीय नेपाली र उनीहरूको सँस्थालाइ नेपालको पर्यटन प्रबर्द्धन र प्रचारप्रसारमा उपयोग गरिनेछ । बढी पर्यटक नेपाल पठाउने, पर्यटन प्रबर्द्धन गर्ने र पर्यटनका क्षेत्रमा लगानी बढाउन योगदान पुऱ्याउने सँस्था तथा गैरआवासीय नेपालीलाई प्रोत्साहन स्वरुप पुरस्कृत र सम्मान गरिनेछ ।

(१६) नेपाल आउने पर्यटकहरुलाई सरल ढंगले भिषा प्रदान गर्ने व्यवस्था मिलाइने छ । SAARC तथा BIMSTEC राष्ट्रका नागरिकहरुका सम्बन्धमा सदस्य राष्ट्रहरु बीचको पारस्परिकताका आधारमा भिसा सम्बन्धी विशेष व्यवस्था गरिने छ ।

(१७) नेपाल प्रवेश गर्ने पर्यटकहरुका लागि नेपालको प्रवेश विन्दुमानै भिसा प्रदान गर्ने व्यवस्थालाई प्रभावकारी बनाईनेछ ।

(१८) अन्तर्राष्ट्रिय विमानस्थलमा प्रवेश र प्रस्थानको प्रक्रियालाई सरल र व्यवस्थित गरिनेछ ।

(१९) नेपालभित्र पर्यटन उद्योगमा एकैपटक निश्चित रकम लगानी गर्ने बिदेशी लगानीकर्ता र आश्रित परिवारलाई लगानी कायम रहेसम्म सम्मान स्वरुप आवासीय भिसा दिने व्यवस्था मिलाइनेछ ।

(२०) पर्यटकीय उद्गम मुलुकका ज्येष्ठ नागरिक तथा परिवारलाई निश्चित विदेशी मुद्रा बैंकमार्फत् ल्याउने गरी नेपालमा नै लामो अवधि बस्न आवासीय भिसा दिन सक्ने व्यवस्था मिलाइनेछ ।

(२१) पर्यटन बजारको विद्यमान अवस्था, प्रगति र भविष्यको संभाव्यता समेतको अध्ययन अनुसन्धान गरी पर्यटन प्रवर्द्धन गर्न नेपाल पर्यटन बोर्डलाई दिशा निर्देश गरिनेछ ।

(२२) पर्यटन गतिविधिहरू बारे जनचेतना जगाउन विभिन्न स्थानमा महोत्सव, मेला, अन्तरक्रिया जस्ता कार्यक्रमहरू जनस्तरमा सन्चालन गरिनेछ । स्थानीय निकाय एवं स्थानीयस्तरको अग्रसरता र आयोजनामा हुने यस्ता कार्यक्रमहरूमा प्राबिधिक सहयोग गर्ने र नियमितरुपमा क्यालेण्डरमा समावेश गरी अन्य प्रबर्द्धन कार्यमा सहयोग पुऱ्याउने नीति लिइने छ ।

(२३) राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई पर्यटन सम्बन्धी जनचेतना अभिबृद्धि र सामाजिक परिचालनका लागि प्रोत्साहन गरिनेछ ।

(ख) **ग्रामिण पर्यटन (नीति ८ख. सँग सम्बन्धित)**: ग्रामिण पर्यटन उद्योग प्रवर्द्धनका लागि देहाय बमोजिमका कार्यनीतिहरू अवलम्बन गरिनेछः-

(१) ग्रामीण पर्यटनलाई गरीबी निबारणसँग आवद्ध गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उच्च आय वर्गका पर्यटकलाई ग्रामीण पर्यटन तर्फ आकर्षित गराउन पर्यटन व्यवसायीलाई प्रोत्साहन दिइनेछ ।

(३) राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु तर्फ आकर्षित पर्यटकलाई पर्या-पर्यटन, ग्रामीण पर्यटनसँग आवद्ध गराउनका लागि आवश्यक प्याकेज बनाउन पर्यटन व्यवसायीलाई प्रोत्साहन दिइनेछ ।

(४) ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जिवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामिण पर्यटन पूर्वाधारको दिगो विकास गरिनेछ ।

(५) स्थानीय उत्पादनलाई पर्यटन प्रबर्द्धनसँग आबद्ध गरी पर्यटनबाट प्राप्त लाभ स्थानीय समुदायसम्म पुऱ्याउने नीति लिइनेछ ।

(६) ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, मधेशी, आदिवासी जनजाती र हालसम्म समेट्न नसकिएका समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण र विकास गरिनेछ ।

(७) महिलाको नेतृत्वमा वा महिला समूहद्वारा संचालन गरिने पर्यटकीय कृयाकलापहरुमा विशेष प्रोत्साहन सहित प्रबर्द्धन गरिनेछ ।

(८) स्थापित पर्यटकीय सम्पदाका साथै ग्रामीण क्षेत्रमा विकास गरिएका नयाँ पर्यटकीय सम्पदालाई समेत उच्च प्राथमिकता दिई प्रचार प्रसार गरिनेछ ।

(९) ग्रामीण क्षेत्रका पर्यटक स्थलबाट भएको आम्दानीको निश्चित हिस्सा स्थानीय स्तरमा पर्यटन पूर्वाधार, वातावरण संरक्षण लगायत सामाजिक क्षेत्रमा खर्च गरिनेछ ।

(१०) स्थानीय समुदायहरुद्वारा उत्पादित मौलिक र परम्परागत हस्तकला तथा अन्य उपहार सामग्रीको विक्री वितरणको लागि बजार व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ ।

(११) विभिन्न क्षेत्रमा भएका पर्यटकीय सम्पदाहरूको छुट्टा छुट्टै विशिष्ट पहिचान बनाई “एक स्थान एक पहिचानको” नीति अवलम्बन गरिनेछ ।

(१२) नेपालका पर्यटकीय सम्भाव्य गाउँहरूलाई स्थानीय जनसहभागिता समेतका आधारमा ग्रामीण पर्यटनस्थलका रूपमा विकास गरिनेछ ।

(१३) नेपालका पर्यटकीय गाउँको छनौट तथा विकास गरी पर्यटकहरुकालागि खास अवधिको Home Stay Village Tourism कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

(१४) पर्यटकीय दृष्टिले महत्वपूर्ण पर्यटक स्थलको खोजी, पूर्वाधारको निर्माण, विकास र सञ्चालन गर्न विविध कृयाकलाप र गतिविधि अपनाइने छ ।

(१५) स्थानीय स्तरमा मौलिक आकर्षण भएका सम्भाव्य गाउँहरूमध्ये प्रत्येक वर्ष कम्तीमा एक गाउँलाई पर्यटन गाउँका रूपमा विकास र प्रबर्द्धन गरिनेछ ।

(१६) पर्यटनलाई गाउँ गाउँसम्म बिस्तार गरी स्थानीय बिपन्न परिवार, पिछडिएका बर्ग, महिला तथा बेरोजगार एवं अर्द्ध बेरोजगारहरूलाई प्रत्यक्ष फाइदा पुग्ने कृयाकलापहरु संचालन गरिनेछ ।

(१७) स्थानीयस्तरका कार्यगत समूह र सामुदायिक संस्थाहरू मार्फत सामाजिक परिचालन गर्नुका अतिरिक्त पूर्वाधार निर्माणका लागि स्थानीय निकाय एवं नेपाल सरकारबाट वित्तीय श्रोत परिचालन गरिनेछ ।

(१८) पर्यटनको महत्व र त्यसबाट प्राप्त हुने लाभका विषयमा आम जनमानसममा चेतना जगाउन श्रव्यदृष्य लगायत अन्य उपयुक्त माध्यमबाट जनचेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ ।

(१९) समुदायमा आधारित पर्यटन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय निकाय, निजी स्रोत र गैर सरकारी क्षेत्रलाई प्रोत्साहन गरी पर्यटकीय क्रियाकलापलाई ग्रामीण गरिबी निवारणसँग आवद्ध गरिनेछ ।

(२०) समुदायमा स्थापित आदिवासी जनजातिको परम्परागत ज्ञान (Traditional Knowledge) मा आधारित सम्पदाहरुको संरक्षण गरी पर्यटन विकास एवं प्रवर्द्धनमा आवद्ध गराईनेछ ।

(ग) **आन्तरिक पर्यटन (नीति ८ग. सँग सम्बन्धित)**

(१) आन्तरिक पर्यटनको विकास र विस्तारमा जोड दिइनेछ ।

(२) मुलुकको एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्ने नेपाली नागरिकलाई पनि आन्तरिक पर्यटकको रुपमा मान्यता दिइनेछ ।

(३) हिमाल, पहाड र तराईका विभिन्न पर्यटकीय स्थलहरूमा नेपाली पर्यटकहरूलाई भ्रमण गर्न प्रोत्साहन गरिनेछ ।

(४) आन्तरिक पर्यटकहरूलाई आकर्षित गर्न निजी क्षेत्रको समन्वयमा पर्यटकीय प्याकेजहरूको विकास गरी कर्मचारीहरुलाई यात्रा उत्प्रेरणा विदा (Travel Incentive Leaves), शैक्षिक भ्रमण र अध्ययन अवलोकन भ्रमणको व्यवस्थाको लागि प्रोत्साहन गरिनेछ ।

(५) सबै क्षेत्रमा काम गर्ने जनशक्तिलाई आन्तरिक पर्यटनतर्फ आकर्षित गर्न निश्चित सहुलियतयुक्त बिदासहितको स्थानीय भ्रमण प्रोत्साहन कार्यक्रम (Local Travel Concessions) लागू गरिनेछ ।

(घ) **पर्यटन विविधिकरण, विस्तार र विकास (नीतिको ८घ.र ८ङ सँग सम्बन्धित)** पर्यटन व्यवसायलाई देहाय बमोजिमका गतिविधिहरूको आधारमा विविधीकरण, विस्तार र विकास गरिनेछः-

(१) **व्यावसायिक पर्यटन**

(क) सभासम्मेलन, व्यापार-मेला, सांस्कृतिक महोत्सव र रचनात्मक एवं प्रबर्द्धनात्मक पर्यटक गतिविधिको माध्यमबाट नेपालमा व्यवासायिक कृयाकलाप आयोजना गर्न प्रोत्साहन गरिनेछ ।

(ख) अन्तर्राष्ट्रिय संघ संगठनका विभिन्न तहका कार्यालयको स्थापना, त्यस्ता संघ सँगठनको बैठक, भेला, सभासम्मेलन नेपालमा गर्न प्रोत्साहन गरिनेछ ।

(२) **पर्वतारोहण**

(क) पर्वतारोहणलाई बढी व्यवस्थित र वातावरणमैत्री तुल्याई नेपाललाई पर्वतारोहणका क्षेत्रमा एउटा उत्कृष्ट गन्तव्यस्थलको रुपमा विकास गरिनेछ ।

(ख) पर्वतारोहणका दृष्टिले पहुँच नपुगेका सम्भाव्य क्षेत्रमा पर्वतारोहण शुल्क केही समयका लागि मिनाहा दिईनेछ ।

(ग) नेपालका हिमचुलीहरू आरोहणका लागि क्रमशः खुला गर्दै लगिनेछ ।

(घ) निश्चित उचाइभन्दा मुनिका र प्राविधिक दृष्टिकोणले आरोहणका लागि सरल मानिएका हिम चुलीहरूलाई पदयात्रा चुली (Trekking Peaks) का रुपमा प्रबर्द्धन गरिनेछ ।

(३) **पदयात्रा पर्यटन**

(क) नेपालको पदयात्रा पर्यटनलाई विश्वको एउटा उत्कृष्ट पर्यटकीय सम्पदाको रुपमा बढी सुरक्षित, भरपर्दो र आकर्षक बनाईनेछ ।

(ख) पदयात्रा सम्बन्धी नीतिगत तथा अन्य व्यवस्थापकीय कार्य पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यक्षेत्रभित्र समावेश गरिनेछ ।

(ग) पदयात्रा पर्यटनमा उच्च आय वर्गका पर्यटकको आकर्षणमा वृद्धि गराउन हाल संचालनमा रहेका क्षेत्रलाई अझ बढी व्यवस्थित गरिनेछ ।

(घ) पदयात्राकालागि नयाँ रुटहरुको खोजी र विकास गरिनेछ र यसकालागि सरकारी लगानीमा प्राथमिकता दिइनेछ ।

(ङ) पदयात्रा पर्यटनलाई बढी सुरक्षित, भरपर्दो र आकर्षक बनाउन आवास व्यवस्था, सुरक्षा लगायतका क्षेत्रमा भएका विद्यमान प्रयासलाई स्थानीय समुदायको सहभागितामा अझ बढी प्रभावकारी बनाइनेछ ।

(च) पर्यटकीय पूर्वाधार र आवास जस्ता सेवा सुविधाहरू उपलब्ध नभएका वा अपुग भएका प्राकृतिक तथा वातावरणीय दृष्टिकोणले विशेष महत्व राख्ने तथा सुरक्षाका दृष्टिकोणले संवेदनशील मानिएका स्थलहरूलाई निर्देशित पदयात्रा क्षेत्रका रूपमा कायमै राख्ने नीति लिइने छ । यसका लागि निश्चित संख्यामा समूहयात्रा गर्ने पर्यटकहरूलाई पदयात्रा अनुमतिको आधारमा ट्रेकिङ्ग एजेन्सी मार्फत मात्र यात्रा गर्न दिने व्यवस्था मिलाइनेछ ।

(छ) निर्देशित पदयात्रा क्षेत्र बाहेक बाँकी पदयात्रा क्षेत्रहरूलाई साधारण पदयात्रा क्षेत्रको रुपमा तोकी त्यस्ता क्षेत्रहरुमा व्यक्तिगत वा सामुहिक रूपमा पदयात्रा गर्न पाउने व्यवस्था गरिनेछ ।

(ज) पदयात्रा पर्यटनमा संलग्न कामदारलाई पर्यटकस्थलमा न्यूनतम आधारभूत सेवा र सुविधा उपलब्ध गराउने तर्फ समन्वय गरिनेछ ।

(४) **जलयात्रा**

(क) जलयात्रालाई बढी व्यवस्थित, व्यावसायिक र वातावरण मैत्री तुल्याई नेपाललाई एउटा आकर्षक जलयात्रा गन्तब्यको क्षेत्रका रुपमा विकास र विस्तार गरिनेछ ।

(ख) जलयात्राका लागि सम्भाब्य नदी तथा नदीखण्डहरुलाई क्रमशः खुला गर्दै लैजाने नीति लिइनेछ ।

(ग) इजाजतप्राप्त जलयात्रा व्यवसायी मार्फत तोकिएका नदीमा मात्र जलयात्रा गतिविधि सञ्चालन गर्न पाउने गरी कानुनी ब्यबस्था मिलाइनेछ ।

(घ) जलयात्रा क्रियाकलापलाई सुरक्षित र भरपर्दो बनाउनुकासाथै निजी क्षेत्रसँग समन्वय गरी आपतकालीन *उद्धार र सुरक्षाको* लागि उपयुक्त संयन्त्र बनाइनेछ ।

(५) **साहसिक पर्यटन**

जल, स्थल र वायुमा आधारित मनोरञ्जनपूर्ण क्यान्योनिङ, र्‍याफ्टिङ, बन्जीजम्पिङ्ग, प्याराग्लाइडिङ, स्किइङ, Sky diving, Heli Skii जस्ता साहसिक पर्यटन क्रियाकलापहरू देशका विभिन्न क्षेत्रमा सन्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । साहसिक क्रियाकलापमा सुरक्षित र सम्भव देखिएका नदी, पहाड तथा हिमशिखरहरूको उपयोग गरिनेछ । साहसिक क्रियाकलापमा संलग्न हुनेहरुको वीमा लगायत भौतिक तथा वित्तीय सुरक्षाका उपायहरुको अवलम्बन सम्बन्धित व्यवसायीले गर्नुपर्ने व्यवस्था गरिनेछ ।

(६) **साँस्कृतिक पर्यटन**ः

विभिन्न जातजातिहरूका मौलिक संस्कृतिलाई समेटी सांस्कृतिक पर्यटनलाई जोड दिने क्रियाकलापहरुको सञ्चालनमा स्थानीय निकाय र जनसमुदायलाई प्रोत्साहन गरिनेछ ।

(७) **धार्मिक पर्यटन**

(क) नेपालका धार्मिक पर्यटकीय गन्तव्यलाई आध्यात्मिक एवं तीर्थाटनको केन्द्रको रुपमा विकास गरी त्यसमा नियमन गरिनेछ ।

(ख) भगवान् गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीलाई बौद्ध धर्म, दर्शन एवं अन्तर्राष्ट्रिय शान्ति र आध्यात्मिक शान्ति केन्द्रको रूपमा विकास गरी बिश्वव्यापी प्रबर्द्धन गरिनेछ । बुद्धको जीवनीसँग सम्बन्धित लुम्बिनी आसपासका क्षेत्रहरू (तिलौराकोट, रामग्राम, देवदह,

कोटीहवा, निग्लिहवा, सगरहवा, अरौराकोट, कुदान, सिसानिया) लाई बौद्ध उपपरिपथ (Buddist Sub-Circuit) का रूपमा एकीकृत विकास एवं प्रबर्द्धन गरिनेछ।

(ग) प्रमुख धार्मिक क्षेत्रहरूको प्रवर्द्धन गर्नुका साथै विभिन्न धर्मावलम्बीहरूका धार्मिक एवं पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थलहरूको पहिचान गरी धार्मिक पर्यटनको विकास एवं विस्तार गरिनेछ।

(८) **खेलकूद पर्यटन**

पर्यटन प्रबर्द्धनको लागि उच्च आय बर्गका पर्यटकहरूलाई आकर्षित गर्न गल्फ, हात्ती पोलो, क्रिकेट, फुटबल, आदिको समन्वयात्मक ढंगले प्रबर्द्धन तथा आयोजना गरिनेछ।

(९) **क्यासिनो**

उच्च आय बर्गका पर्यटकहरूलाई आकर्षित गर्न क्यासिनोलाई मर्यादित रुपमा सञ्चालन गराईनेछ।

(१०) **चलचित्र पर्यटन**

नेपालमा चलचित्र छायाँकनका लागि आउने बिदेशी चलचित्र निर्माताहरुलाई एकद्वार प्रणालीबाट सेवा उपलब्ध गराई चलचित्र पर्यटनलाई प्रोत्साहन गरिनेछ।

(११) **शैक्षिक पर्यटन** :

(क) गुणस्तरीय शैक्षिक प्रतिष्ठानलाई बजारीकरण गरी बिदेशी विद्यार्थीलाई तालीम तथा अध्ययनको अवसर प्रदान गरी विविध क्षेत्रमा तालिम तथा अध्ययन भ्रमणमा प्रोत्साहन दिईनेछ।

(१२) **स्वास्थ्य पर्यटन**

(क) होमियोप्याथी, आध्यात्मिक साधना, ध्यान, योगसाधना एवं प्राकृतिक उपचार केन्द्रको रूपमा नेपाललाई विकास र प्रबर्द्धन गर्दै आयुर्वेद जस्ता परम्परागत उपचार पद्धतिको प्रचार प्रसारका साथै निजी क्षेत्रको सहभागितामा पर्यटक आवास गृहको विकास गर्ने विषयमा आवश्यक अध्ययन गरी सोका आधारमा पूर्वाधारको विकास गरी स्वास्थ्य केन्द्रसँगै जोडिएका अन्य सम्बन्धित केन्द्रहरुको विकास कार्यक्रम अगाडि बढाइनेछ।

(ख) स्वास्थ्य सेवाको क्षेत्रमा विकास भएका कम लागतको उपचारको उपयोगको वारेमा विशेष रुपमा प्रचार प्रसार गरिनेछ।

(ग) स्वास्थ्योपचार पश्चात आराम प्राप्तिका लागि नेपालका अनुपम प्राकृतिक स्थलमा बसाईको महत्व वारे विशेष रुपमा प्रचार प्रसार गरी यस सम्बन्धी पूर्वाधार विकासमा निजी क्षेत्रलाई सहभागी गराइनेछ।

(१३) **कृषि पर्यटन**:

(क) पर्यटकीय क्षेत्र तथा पर्यटकीय मार्गमा स्थानीय कृषिक्षेत्रबाट उत्पादित कृषिजन्य उपजको प्रयोग बढाउनकालागि कृषि मन्त्रालयसँग समन्वय गरी त्यस्ता ठाउँहरूमा कृषिजन्य उत्पादन बढाउने कार्यक्रम ल्याईनेछ। यस्तै खास किसिमका वस्तु उत्पादन हुने क्षेत्रमा "एक गाउँ एक उत्पादन"(One Village One Product) कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) देशका विभिन्न भागमा बनेका ग्रामीण कृषि सडक मध्ये सम्भाव्य सडकलाई विशेषत: साईकल चढ्ने यात्रुकोलागि प्रयोग हुन सक्ने गरी पर्यटन मार्गको रुपमा विकास गरिनेछ।

(ङ) **हवाई सेवाको विकास (नीति ८च. सँग सम्बन्धित)**

(१) पर्यटन क्षेत्रको पूर्वाधार विकासमा अहं भूमिका खेल्ने हवाई सेवालाई व्यापक र सरल बनाउन दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल तथा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलहरुको विकास र संचालन गरी अन्तर्राष्ट्रिय क्षेत्रमा पहुँच बढाइनेछ।

(२) नेपालमा बढीभन्दा बढी पर्यटक भित्र्याउन सहयोग पुऱ्याउने राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको सेवा विस्तार गरी निगमको सेवालाई बढी भरपर्दो, नियमित र प्रभावकारी बनाइनेछ।

(३) नेपालमा बढीभन्दा बढी पर्यटक भित्र्याउन सहयोग पुऱ्याउने मित्रराष्ट्रसँग हवाई सेवा सम्झौताको विस्तार र विकास गरिनेछ।

(४) राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई सार्वजनिक तथा निजी साझेदारीको अवधारणा अनुसार सञ्चालन गरिनेछ।

(च) **सरकारी र निजीक्षेत्रको भूमिका (नीति ८छ. सँग सम्बन्धित)**

(१) पर्यटन प्रबर्द्धनको क्षेत्रमा सरकारले सहजकर्ता, नियमनकर्ता, समन्वयकर्ता र उत्प्रेरकको भूमिका खेल्नेछ । सरकारको भूमिकालाई मूलतः पर्यटकीय पूर्वाधार, जनशक्ति विकास, सुरक्षा, उद्धार, अध्ययन-अनुसन्धान, बैदेशिक समन्वय जस्ता कार्यमा बढी केन्द्रित गरिनेछ ।

(२) पर्यटन प्रबर्द्धन सम्बन्धी कार्यक्रमहरू निजी क्षेत्रको सहभागितामा नेपाल पर्यटन बोर्ड तथा अन्य निकाय मार्फत सञ्चालन गरिनेछ ।

(३) पर्यटनसँग सम्बन्धित नाफामूलक व्यवसायहरुको सञ्चालन र व्यवस्थापन निजी क्षेत्रबाटै हुने गरी व्यवसायिक वातावण सिर्जना गर्दै लगिनेछ ।

(छ) **मानव संसाधन विकास (नीति ८ज. सँग सम्बन्धित)**

(१) पर्यटन सेवामा गुणस्तर अभिबृद्धि गर्न सरकारी र निजी क्षेत्रमा स्थापित अध्ययन संस्थान वा तालिम केन्द्रबाट सन्चालन हुने पर्यटन सम्बद्ध अध्ययन तथा तालिम कार्यक्रमलाई समय सापेक्ष रुपमा गुणस्तरीय र प्रभावकारी बनाइनेछ ।

(२) स्वदेशी जनशक्तिलाई पर्यटन उद्योग व्यवसायमा बढी मात्रामा संलग्न गराउन प्राथमिकता दिने नीति लिइनेछ ।

(३) पर्यटन क्षेत्रसँग सम्बन्धित मानव संशाधनको विकासमा जोड दिइनुका साथै यस क्षेत्रमा निजी क्षेत्रको संलग्नतालाई बढावा दिइनेछ ।

(४) पर्यटन क्षेत्रको जनशक्ति उत्पादन गर्ने नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM) लाई छाता संगठनको रुपमा विकास गरी निजी क्षेत्रको संलग्नतामा प्रभावकारी जनशक्ति उत्पादन गर्ने नमूना केन्द्र (Center of Excellence) को रुपमा विकास गरी यस संस्थालाई छुट्टै ऐनद्वारा व्यवस्थित तथा आत्मनिर्भर बनाई पर्यटन सम्बन्धी जनशक्ति विकास कार्यक्रमको समन्वय, अनुगमन एवं नियमन गर्ने निकायको रुपमा विकास गरिनेछ ।

(५) पर्यटन सम्बन्धी उच्च तहको शैक्षिक उपाधिसहितको शिक्षाका साथै विभिन्न सीपमूलक अल्पकालीन र मध्यकालीन तालिमलाई माग अनुरूप विविधीकरण गरी मुलुकका दुर्गम एवं सम्भाव्य पर्यटकीय क्षेत्रहरुमा विस्तार गरिनेछ । यसरी कार्यक्रम सञ्चालन गर्दा महिला, आदिवासी जनजाति, दलित, मधेशी लगायतका पिछडिएका वर्गलाई सहयोग पुग्ने किसिमका कार्यक्रमहरु लागू गरिनेछ ।

(६) पर्यटन क्षेत्रको जनशक्ति विकास गर्न विद्यालय तह देखिनै पर्यटन विषयलाई पाठ्यक्रममा समावेश गर्न समन्वय गरिनेछ ।

(ज) **पर्या-पर्यटन (वातावरण संरक्षण र दिगो उपयोग) (नीति ८झ. सँग सम्बन्धित)**

(१) सांस्कृतिक र प्राकृतिक सम्पदाको दिगो उपयोग गरिनेछ,

(२) पर्यटकीय पूर्वाधार निर्माण एवं क्रियाकलाप संचालनमा वातावरण संरक्षण पक्षलाई प्राथमिकता दिइनेछ,

(३) पर्या-पर्यटनलाई प्राथमिकता दिईनेछ,

(४) जलयात्रा सञ्चालनमा जलप्रदूषण लगायतका अन्य प्रदूषण सीमा निर्धारण गरी त्यसको अधीनमा सञ्चालन र नियमन गरिनेछ ।

(५) संरक्षित र आरक्षित क्षेत्रहरु एवं राष्ट्रिय निकुञ्जहरुमा पर्यटकहरुलाई आकर्षित गर्ने र तिनीहरुको व्यवस्थापन, संरक्षण, सञ्चालन र नियमनमा स्थानीय जनसहभागिताको बृद्धि गरिनेछ ।

(६) वातावरण मैत्री पर्यटन व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई प्रोत्साहित/पुरस्कृत गरिनेछ ।

(७) देशमा विद्यमान जैविक विविधता एवं वन्यजन्तु अवलोकनलाई पर्यटकीय उपजको रूपमा विकास, विस्तार र प्रबर्द्धन गरिनेछ ।

(८) राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु तर्फ आकर्षित उच्च आय वर्गका पर्यटकलाई ग्रामीण पर्यटन तर्फ समेत आकर्षित गरिने उपायको अवलम्बन गरिनेछ,

(९) पदयात्रा मार्ग, आधार शिविर तथा हिमाललाई सफा र प्रदूषणमुक्त बनाउन सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट भएका प्रयासलाई प्रभावकारी र नियमित बनाइनेछ ।

(१०) पर्यटकीय कृयाकलापमा प्रयोग हुने हिमशिखरहरू, पदयात्रा क्षेत्रहरु तथा मार्गहरु र जलयात्रामा प्रयोग हुने नदीहरुको वातावरणीय स्वच्छता कायमै राखी दिगो व्यवस्थापन गर्न त्यस्ता

क्षेत्रकालागि छुट्टै फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षणसम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गरिनेछ ।

(११) महत्वपूर्ण भौतिक तथा जीवन्त सम्पदा र पुरातात्विक स्थलहरुको संरक्षण एवं विकास गरी पर्यटकीय प्रयोजनका लागि उपयोग गरिनेछ ।

(१२) स्थानीय स्तरका पर्यटकीय स्थलहरूका साथै अमूर्त सांस्कृतिक सम्पदाहरुको संरक्षण एवं सम्बर्द्धन कार्यमा स्थानीय निकायहरू, महिला, आदिवासी जनजाति, मधेसी, दलित, पिछडिएको क्षेत्र र स्थानीय समुदायलाई प्रोत्साहन गरिनेछ ।

(१३) पर्यटन क्षेत्रलाई सघाउने धार्मिक, सांस्कृतिक एवं लोक परम्परा र स्थलहरूको पहिचान, संरक्षण र विकासमा स्थानीय निकाय र जनसहभागितामा जोड दिइने छ ।

(१४) स्थानीय निकायहरूसँगको संयोजनमा सम्पदा विकास व्यवस्थापन र प्रबर्द्धनका कार्यहरू गरिने छ । यसका लागि जिल्ला विकास समितिको अगुवाइमा जिल्लास्तरीय सम्पदा समन्वय समितिको व्यवस्था गर्न पहल गरिनेछ ।

(१५) सम्पदाको उपयोगवापत उठेको रोयल्टी/शुल्क मध्येबाट निश्चित प्रतिशत रकम सम्पदा संरक्षणमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

(झ) **<u>सूचना प्रविधि तथा तथ्याङ्कको उपयोग (नीति ८ञ. सँग सम्बन्धित)</u>**

(१) विद्यमान पर्यटकीय स्थलहरूको बजारीकरण एवं नयाँ स्थानहरुको पहिचान गरी त्यसतर्फ पर्यटक आकर्षण गर्न पर्यटकीय क्षेत्रको नक्साङ्कन तथा आधुनिक सूचना प्रविधिको उपयोग गरी प्रचार प्रसार गरिनेछ ।

(२) नेपाल आउन चाहने विदेशी पर्यटकहरुका लागि हवाई टिकट, होटल, ट्राभल/टूर सम्बन्धी व्यवस्था एवं तत्सम्बन्धी सूचना Tour Operator मार्फत विदेशबाटै सेवा प्रदान गर्ने व्यवस्था मिलाउन संचार संजाल स्थापना गर्न प्राथमिकता दिइनेछ ।

(३) पर्यटन सम्बन्धी सूचनाहरु एकीकृत गरी Digital र अन्य तरिकाले उपलब्ध गराउन पर्यटन सूचना व्यवस्थापन प्रणाली अपनाइनेछ ।

(४) पर्यटकहरूको अभिलेख कम्प्युटराइज्ड गरी पर्यटकहरु सम्बन्धी सूचना एकीकृत गरिने छ । यस प्रयोजनकोलागि परिचयात्मक कार्ड उपयोग गर्ने तर्फ आवश्यक प्रवन्ध मिलाईनेछ ।

(५) पर्यटन क्षेत्रमा देखा परेका नवीनतम अवधारणा एवं मान्यता सम्बन्धी सूचना निरन्तर रुपमा संकलन, विश्लेषण र प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

(६) पर्यटन सम्बन्धी बिद्यमान तथ्यांक संकलन तथा सूचना सम्प्रेषण व्यवस्थालाई सुदृढ तुल्याइनेछ ।

(७) स्थलमार्गबाट आउने भारतीय पर्यटकहरू तथा आन्तरिक पर्यटकहरूको तथ्यांक संकलन गर्ने व्यवस्था गरिनेछ ।

(८) पर्यटन सम्बन्धी तथ्यांकलाई भरपर्दो र अद्यावधिक गराई विश्लेषण गर्ने प्रकृयाको माध्यमबाट पर्यटकीय सूचना प्रणालीको विकास गरी त्यस्तो सूचनालाई निर्णय निर्माणको आधार बनाईनेछ ।

(९) पर्यटनले कुल गार्हस्थ उत्पादनमा पुऱ्याएको योगदानको यकिन गर्ने पद्धतिको विकासका लागि स्याटलाईट लेखा प्रणाली Satellite Accounting System को व्यवस्था गरिने छ ।

(ञ) **<u>पर्यटकीय सुरक्षा र संकट व्यवस्थापन (नीति ८ट. सँग सम्बन्धित)</u>**

(१) शान्ति, सुरक्षा र सामरिक दृष्टिकोणले संवेदनशील मानिएका पर्यटकीय स्थलहरूको भ्रमणमा नियमन गरिनेछ ।

(२) पर्यटकहरूको सुविधा तथा सुरक्षाका लागि पर्यटक प्रहरीको व्यवस्थालाई निरन्तरता दिई क्षमता, संख्या र सेवामा क्रमशः बृद्धि गर्दै प्रमुख पर्यटकीय स्थलहरूमा बिस्तार गरिनेछ ।

(४) पर्यटन क्षेत्रमा उत्पन्न हुने संकटको व्यवस्थापन गर्न एउटा उच्च स्तरीय संकट व्यवस्थापन समितिको स्थापना गरिनेछ । यस समितिले निजी क्षेत्रमा स्थापना भएका संस्थाहरूसँग पनि समन्वय गरी कार्यसम्पादन गर्नेछ ।

(५) संकटमा परेका पर्यटकको खोज, उद्धार र संकट व्यवस्थापन (Crisis Management) गर्न अक्षय कोष स्थापना गरिनेछ र सो कोषमा नेपाल पर्यटन बोर्डले प्रत्येक वर्ष निश्चित रकम जम्मा गर्नेछ ।

(६) पर्यटकको नेपाल बसाईंको अवधि सुखमय बनाउन उनीहरुलाई विश्वव्यापी मान्यता प्राप्त आचार संहिताको प्रयोग र पालना गर्ने गराउने व्यवस्था गरिनेछ ।

(ट) **<u>सहुलियत तथा सुविधाहरू (नीति ८ठ. सँग सम्बन्धित)</u>** पर्यटन उद्योगलाई आधारभूत उद्योगका रुपमा स्थापित गरी देहाय बमोजिमका सुविधा तथा सहुलियतहरु प्रदान गरिनेछः-

(१) वर्गीकृत होटल र रिजोर्टलाई औद्योगिक व्यवसाय सम्बन्धी कानुनमा व्यवस्था भए अनुरूपको उद्योगमा वर्गीकरण गरी तदनुकूलको सुविधा उपलब्ध गराइनेछ ।

(२) होटल र रिजोर्ट बाहेकका अन्य पर्यटन उद्योग तथा व्यवसायलाई पनि मूल्य अभिबृद्धि, रोजगारीको सिर्जना र सिर्जनात्मकताको आधारमा नेपाल सरकारद्वारा समय समयमा तोकिएको सुविधा तथा सहुलियतहरू प्रदान गरिनेछ ।

(३) पर्यटन उद्योगलाई आवश्यक पर्ने विजुली र पानी जस्ता वस्तुहरु प्राथमिकताका साथ उपलब्ध गराइने छ ।

(४) नेपाल सरकारद्वारा तोकिएका ग्रामीण क्षेत्रहरूमा खुलेका होटल, रेष्टुराँ तथा रिजोर्ट र अन्य पर्यटन व्यवसायहरूलाई आवश्यकता अनुसार तोकिएका सुविधा तथा सहुलियतहरू प्राथमिकताका साथ उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

(५) पर्यटन उद्योगको क्षेत्रमा उत्पन्न हुने विषम तथा असहज परिस्थितिमा पर्यटन उद्योगलाई व्यावसायिक रुपमा सञ्चालन गर्न विशेष सहुलियत सहितको राहत_प्याकेज कार्यक्रम लागू गरिनेछ ।

(६) पर्यटकहरूबाट नेपाल सरकारलाई प्राप्त हुने विभिन्न शुल्क, दस्तूर, सलामी तथा अन्य प्रत्यक्ष राजश्वको निश्चित अंश सम्बन्धित जिल्लाको स्थानीय निकायलाई पर्यटकीय पूर्वाधार विकास, सुधार, वातावरण संरक्षण, र दिगो व्यवस्थापनका लागि दिने नीतिलाई निरन्तरता दिइनेछ ।

(ठ) **<u>उद्यमी तथा श्रमिक बीचको सुमधुर सम्बन्ध (नीति ८ड. सँग सम्बन्धित)</u>**
पर्यटन उद्योगमा कार्यरत श्रमिक तथा कर्मचारीहरूको लागि जोखिमको मात्रा हेरी जीवन बीमा, दुर्घटना बीमा, स्वास्थ्योपचार, उद्धार तथा आकस्मिक राहत जस्ता विषयमा आवश्यक व्यवस्था मिलाइनेछ ।

(ड) **<u>कानूनी, प्रशासनिक, संस्थागत तथा व्यवस्थापकीय सुधार (नीति ८ढ. सँग सम्बन्धित)</u>** पर्यटनको विकास, विस्तार, प्रबर्द्धन र समन्वयकालागि पर्यटनसँग सम्बन्धित कानुनी, संस्थागत र प्रक्रियागत व्यवस्थालाई सुधार गरी पर्यटन उद्योगको विकासमा सहयोग पुऱ्याउन देहाय बमोजिमको संस्थागत कार्यनीति अवलम्बन गरिनेछः-

(१) पर्यटन सम्बन्धी नीतिगत मार्गदर्शन दिन, योजनाहरु तथा विकास कार्यको समीक्षा गर्न, पर्यटन क्षेत्रमा परिआउने बाधा अड्चन फुकाउन तथा सबै मन्त्रालयका कार्यक्रमहरु पर्यटन प्रवर्द्धोन्मुख बनाउन प्रधानमन्त्रीको अध्यक्षतामा अनुसूची-१ बमोजिमको उच्चस्तरीय राष्ट्रिय पर्यटन परिषद् गठन हुनेछ । परिषद्को बैठकमा अध्यक्षको अनुमतिबाट अन्य विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(२) पर्यटन विकास सम्बन्धी नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन अनुगमन, समन्वय तथा नियमनको कार्य पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्नेछ । त्यसैगरी पर्यटन विकास तथा प्रवर्द्धन सम्बन्धी कार्य नेपाल पर्यटन बोर्डले गर्नेछ ।

(३) पर्यटन क्षेत्र तथा सम्पदा संरक्षण सम्बन्धमा अनुसन्धानका लागि Documentation Centre को स्थापना गरिनेछ ।

(४) पर्यटनको क्षेत्रमा अध्ययन तथा अनुसन्धानको कार्यलाई प्रभावकारी बनाउन संस्थागत व्यवस्था गर्नुका साथै पर्यटन सम्बन्धी तथ्यांक एवं सूचनालाई भरपर्दो बनाइनेछ ।

(५) नेपाल पर्यटन बोर्डले आन्तरिक र अन्तर्राष्ट्रिय बजारमा पर्यटनको प्रबर्द्धन लगायत स्वदेशभित्र पर्यटकीय सम्पदाको विकास र स्तरोन्नति सम्बन्धी कार्य गर्ने छ । नेपाल पर्यटन बोर्डको क्षमता अभिबृद्धि गर्न यसको भूमिकालाई थप प्रभावकारी बनाउँदै यसको आम्दानी, खर्च र उपलब्धिलाई पारदर्शी बनाइनेछ ।

(६) पर्यटनसँग सम्बन्धित कानूनमा समसामयिक परिमार्जन गरी पर्यटन व्यवसायलाई सहज, भरपर्दो र गुणस्तरीय बनाई प्राप्त लाभको न्यायोचित वितरण हुने कानूनी व्यवस्था मिलाइनेछ ।

(७) पर्यटकहरुको आकर्षण बढी भएका तथा पूर्वाधार विकास र सेवा सुविधाको पर्याप्तता देखिएका पर्यटक केन्द्रित क्षेत्रहरुलाई क्षेत्रीय स्तरका पर्यटन केन्द्र (Tourism Hub) को रुपमा विकास गरिनेछ । पर्यटन प्रबर्द्धन सम्बन्धमा त्यस्ता क्षेत्रका कार्यक्रमहरूलाई समन्वयात्मक ढङ्गले सञ्चालन गरिनेछ ।

(८) पर्यटन नीति तथा कार्यक्रमहरुलाई समयानुकूल र वस्तुपरक दृष्टिकोणले निर्देशित गर्न बजारको प्रबृत्ति, उद्गम स्थल, अर्थतन्त्रमा दिएको योगदान जस्ता क्षेत्रमा निरन्तर अध्ययन तथा अनुसन्धान गर्ने व्यवस्था मिलाइने छ। पर्यटन सम्बन्धी शैक्षिक उपाधि लिने तथा यस सम्बन्धी अनुसन्धानलाई सघाउ पुऱ्याउने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

(९) पर्यटनसँग सम्बन्धित विकास समिति तथा गैरसरकारी संस्थाहरुलाई समयानुकूल परिमार्जन गरी स्थानीय निकायसँग आबद्ध गरिनेछ।

(ढ) **समन्वय, अनुगमन तथा मूल्याङ्कन (नीति ८ण. सँग सम्बन्धित)**

(१) नीतिगत विषयमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय लगायत कार्यगत रुपमा विभिन्न मन्त्रालय, विभाग, कार्यालय एवं अन्य निकायसँग समन्वय गरी कार्य गरिनेछ।

(२) पर्यटन प्रवर्द्धन सम्बन्धी कामकारवाईलाई प्रभावकारी रुपमा परिचालन गर्न प्रमुख पर्यटक उद्गम बजार रहेका देशहरुका नेपाली नियोगहरूमा आवश्यकता र प्राथमिकताका आधारमा पर्यटन एकाईको स्थापना गरिनेछ।

(३) पर्यटन उद्योगलाई आर्थिक विकासको मेरुदण्डको रूपमा विकास गर्न तथा पर्यटन क्षेत्रसँग सम्बद्ध विभिन्न निकायहरूबीच समन्वय र सामन्जस्यता कायम राख्न पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको अध्यक्षतामा अनुसूची-२ बमोजिमको पर्यटन विकास समन्वय समिति गठन गरिनेछ। अनुसूचीमा रहने सदस्यमा आवश्यकता अनुसार मन्त्रालयले थपघट गर्न सक्नेछ।

(४) पर्यटन क्षेत्रको व्यावसायिकताको विकास गर्दा मन्त्रालय, नेपाल पर्यटन बोर्ड तथा पर्यटनसँग सम्बन्धित संघ संस्थाहरुको संलग्नतामा वातावरणीय आचार संहिता तयार गरी लागू गरिनेछ।

(५) स्थानीय निकायको पर्यटकीय क्षमता अभिबृद्धिकालागि स्थानीय निकाय र केन्द्र बीच प्रभावकारी समन्वय संयन्त्रको विकास गरिनेछ।

(६) प्रत्येक जिल्लामा पर्यटन प्रवर्द्धन र विकास सम्बन्धी कार्यलाई समन्वयात्मक रुपबाट संचालन गर्न जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा स्थानीय पर्यटन व्यवसायी, उद्योग बाणिज्य क्षेत्रका प्रतिनिधि तथा स्थानीय जनसहभागिता समेत रहने गरी पर्यटन प्रवर्द्धन समिति रहनेछ।

(७) पर्यटकीय सम्भाव्यता भएका जिल्ला विकास समितिमा पर्यटन विकास इकाइ खोली सो इकाइ मार्फत जिल्लास्तरमा पर्यटन कार्यक्रम कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ। जिल्लास्तरीय पर्यटन दीर्घकालीन योजना तयारीका लागि प्राबिधिक सहयोग नेपाल पर्यटन बोर्ड र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रदान गर्नेछ।

(८) नमूना पर्यटकीय गाउँ, सामुदायिक पर्यटन विकास, पर्यटकीय सम्भाव्यता अध्ययन, विभिन्न जिल्ला वा क्षेत्र विशेषको पर्यटकीय गुरुयोजना तर्जुमा आदि कार्यलाई प्राथमिकता दिइनेछ।

(९) दुर्गम तथा लक्षित पर्यटकीय स्थलहरूमा सानातिना कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय निकाय, स्थानीय सामुदायिक संस्था, स्थानीय उद्यमी समूह र गैरसरकारी संस्थाहरुलाई प्रोत्साहन गरिनेछ।

(१०) नीतिको कार्यान्वयन सरकारी तथा गैरसरकारी दुबै क्षेत्रबाट हुने सन्दर्भमा नीतिको उद्देश्य प्राप्त भए नभएको तर्फ मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायत सम्बन्धित निकाय र अनुगमन इकाइबाट अनुगमन हुने व्यवस्था मिलाइनेछ।

(११) पर्यटन व्यवसायीहरूमा व्यवसायिकताको विकास गर्न आ-आफ्ना व्यवसायिक संघहरूमार्फत आचार संहिता बनाई लागू गर्न प्रोत्साहन गरिनेछ।

(१२) पर्यटकीय क्षेत्रमा पूर्वाधार विकाससंग सम्बन्धित कृयाकलापहरू संचालन गर्दा छुट्टै ऐनद्वारा प्रकृया पुऱ्याउनु पर्ने विषयलाई यस नीतिले बाधा पारेको मानिने छैन।

(१३) राष्ट्रिय योजना आयोगद्धारा निर्धारित पद्धति तथा राष्ट्रिय पर्यटन परिषदको निर्देशनका आधारमा मूल्याङ्कन गरिने छ।

(१४) पर्यटनसंग सम्बद्ध सेवा प्रदायक संस्थाहरुबाट प्रदान गरिने सेवाको स्तर, वस्तुको गुणस्तर लगायतका स्तर कायम भए नभएको अनुगमन गरिनेछ।

## १०. आर्थिक पक्ष :

प्रस्तुत नीति लागू गर्दा पूर्वाधार विकासका क्षेत्रमा सरकारी दायित्व सिर्जना हुन सक्ने र यस्तो दायित्व पर्यटन गुरुयोजना लागू हुँदा प्राथमिकता जनाइएका क्षेत्रमा पूर्वाधार एवं विकास गर्ने प्रयोजनका लागि हुने तथा वार्षिक स्वीकृत कार्यक्रम, आवधिक योजनाका आधारमा श्रोतको प्रयोग हुने हुँदा खर्च व्यहोर्ने श्रोतका सम्बन्धमा कार्यक्रम

लागू गर्ने समयमा नै निक्यौंल हुने तथा खर्च व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानूनी व्यवस्था एवं प्रकृयाद्वारा व्यवस्थित गरिनेछ ।

**११. जोखिम** :

पर्यटन क्षेत्रको योगदान राष्ट्रिय विकासमा महत्वपूर्ण भएको, यस क्षेत्रका संभावनामा बृद्धि भैरहेको तथा पर्यटनलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रुपमा विकास गर्ने नीति रहेको परिप्रेक्ष्यमा निम्न विषयमा ध्यान दिन नसकेमा जोखिमको स्थिति सृजना हुन सक्दछ ।

(क) अन्तर्राष्ट्रिय हवाई यातायात सेवाको संजालमा बृद्धि ।
(ख) शान्ति सुरक्षाको प्रत्याभूति ।
(ग) वातावरण तथा प्रदूषण व्यवस्थापनमा सुधार ।
(घ) श्रमिक तथा व्यवस्थापनबीचको सम्बन्धमा सुधार ।
(ङ) बन्द, हडताल जस्ता क्रियाकलापका माध्यमबाट सार्वजनिक सेवामा वाधा नपुऱ्याउने प्रतिवद्धता ।
(च) नियमित र भरपर्दो विद्युत आपूर्ति व्यवस्था ।
(छ) राष्ट्रिय ध्वजावाहक विमान सेवामा सुरक्षित, भरपर्दो र नियमितता ।
(ज) व्यवसायीहरुबीच स्वस्थ प्रतिस्पर्धा ।
(झ) समय समयमा विश्वमा घट्ने घटना तथा आर्थिक उतार चढाव ।

## अनुसूची-१
(दफा ९ड.१ संग सम्बन्धित)
## राष्ट्रिय पर्यटन परिषद्‌को गठन

| | | |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री | - अध्यक्ष |
| २. | मन्त्री, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - उपाध्यक्ष |
| ३. | मन्त्री, अर्थ मन्त्रालय | - सदस्य |
| ४. | मन्त्री, गृह मन्त्रालय | - सदस्य |
| ५. | मन्त्री, उद्योग मन्त्रालय | - सदस्य |
| ६. | मन्त्री, स्थानीय विकास मन्त्रालय | - सदस्य |
| ७. | मन्त्री, रक्षा मन्त्रालय | - सदस्य |
| ८. | मन्त्री, संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालय | - सदस्य |
| ९. | मन्त्री, वातावरण तथा विज्ञान प्रविधि मन्त्रालय | - सदस्य |
| १०. | मन्त्री, परराष्ट्र मन्त्रालय | - सदस्य |
| ११. | मन्त्री, वन तथा भू-संरक्षण मन्त्रालय | - सदस्य |
| १२. | मन्त्री, भौतिक योजना तथा निर्माण मन्त्रालय | - सदस्य |
| १३. | मन्त्री, जलस्रोत मन्त्रालय | - सदस्य |
| १४. | मन्त्री, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | - सदस्य |
| १५. | मन्त्री, युवा तथा खेलकूद मन्त्रालय | - सदस्य |
| १६. | मन्त्री, सूचना तथा सञ्चार मन्त्रालय | - सदस्य |
| १७. | मन्त्री, कृषि तथा सहकारी मन्त्रालय | - सदस्य |
| १८. | मन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| १९. | मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | - सदस्य |
| २०. | मन्त्री, वाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| २१. | सभापति, अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समिति, व्यवस्थापिका संसद | - सदस्य |
| २२. | उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | - सदस्य |
| २३. | गभर्नर, नेपाल राष्ट्र बैंक | - सदस्य |
| २४. | मुख्य सचिव, नेपाल सरकार | - सदस्य |
| २५. | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | - सदस्य |
| २६. | पर्यटन क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिहरु मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तिमा १ महिला सहित तीन जना | - सदस्य |
| २७. | पर्यटन क्षेत्रका व्यवसायी एवं संघसंस्था मध्येबाट अध्यक्षले मनोनयन गरेका पाँच जना | - सदस्य |
| २८. | सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - सदस्य सचिव |

## अनुसूची-२
(दफा ९ढ.३ संग सम्बन्धित)
## पर्यटन विकास समन्वय समितिको गठन

| | | |
|---|---|---|
| १. | मन्त्री, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - अध्यक्ष |
| २. | सदस्य, राष्ट्रिय योजना आयोग (पर्यटन हेर्ने) | - सदस्य |
| ३. | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| ४. | सचिव, गृह मन्त्रालय | - सदस्य |
| ५. | सचिव, उद्योग मन्त्रालय | - सदस्य |
| ६. | सचिव, स्थानीय विकास मन्त्रालय | - सदस्य |
| ७. | सचिव, रक्षा मन्त्रालय | - सदस्य |
| ८. | सचिव, संस्कृति तथा राज्य पुन:संरचना मन्त्रालय | - सदस्य |
| ९. | सचिव, वातावरण तथा विज्ञान प्रविधि मन्त्रालय | - सदस्य |
| १०. | सचिव, परराष्ट्र मन्त्रालय | - सदस्य |
| ११. | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | - सदस्य |
| १२. | सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | - सदस्य |
| १३. | सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | - सदस्य |
| १४. | सचिव, जलस्रोत मन्त्रालय | - सदस्य |
| १५. | सचिव, युवा तथा खेलकूद मन्त्रालय | - सदस्य |
| १६. | सचिव, सूचना तथा सञ्चार मन्त्रालय | - सदस्य |
| १७. | सचिव, कृषि तथा सहकारी मन्त्रालय | - सदस्य |
| १८. | सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| १९. | सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | - सदस्य |
| २०. | सचिव, बाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| २१. | सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - सदस्य |
| २२. | उद्योग वाणिज्य क्षेत्रका छाता संगठनमध्ये अध्यक्षले मनोनयन गरेका दुई जना | - सदस्य |
| २३. | पर्यटन क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिहरु मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तिमा १ महिला सहित दुई जना | - सदस्य |
| २४. | पर्यटन क्षेत्रका व्यवसायी एवं संघसंस्था मध्येबाट अध्यक्षले मनोनयन कम्तिमा एक महिला सहित तीन जना | - सदस्य |
| २५. | महा-निर्देशक, नेपाल नागरिक उड्डयन प्राधिकरण | - सदस्य |
| २६. | प्रमुख कार्यकारी निर्देशक, नेपाल पर्यटन बोर्ड | - सदस्य |
| २७. | महाप्रबन्धक, नेपाल वायु सेवा निगम | - सदस्य |
| २८. | सह-सचिव, नीति, योजना तथा पूर्वाधार महाशाखा, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - सदस्य सचिव |

## केही फोटो झलकहरू:



भुजुङ्गमा स्वागत गरिदै



भान्छाका सांस्कृतिक सामग्रीहरू



सांस्कृतिक सामग्रीहरू भुजुङ्ग



सांस्कृतिक सामग्रीहरू



होमस्टेहरूमा दाउराको खलियो




उच्च भेगको गुरुङ्ग वस्ती










घले गाँउको कोदोको सेल रोटीघले गाँउको होमस्टे आचार संहिता




घले गाँउको होमस्टे वोर्डको नमुना



भुजुङ्गकी होमस्टे संचालिका इन्द्रमाया गुरुङ्ग





भुजुङ्ग र घले गाँउ बाटोको  लाली गुँरास

घले गाँउको स्मृति स्मारक







घले गाँउ होमस्टे प्रवेशद्धार

जाडो छल्ने भेडाको ऊनबाट निर्मित लुकुनी





**घले गाँउ होमस्टे परम्परागत घरको नमुना**

**घले गाँउ होमस्टेको एक शौचालयको नमुना**





**होमस्टे घर भित्रको विछ्याउना**

। चत्लाङ्गको होमस्टेबाट पाहुना विदाइ



पाहुनाको विदाईको क्षण



पाहुनाको भावपूर्ण विदाइ



चित्लाङ्गको प्राचिन मन्दिर तथा शिवालय




चित्लाङ्गको होमस्टे व्यवस्थापन कार्यालय



विहानीपखको चित्लाङ्गको दृश्य



चित्लाङ्गको स्वच्छन्द भैरव मूर्ति



महा भूकम्प पछि पानी सुकेका सात धारा



सातधारा तलको पानीको मूल






चित्लाङ्गको बाखा फारम





चित्लाङ्गमा बाखाको चिज तयारी बनाईदै

अतिथी सत्कारमा बाखाको चिज




चित्लाङ्गमा होमस्टे सञ्चालित एक घर



सातधारा तलको पानीको मूल



हाम्रो नेपाल राम्रो नेपाल ।